"सहकारी संघ/संस्थाहरुको प्रवर्द्धन, विकास एवम् बैंकिङ्ग कारोबारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक"

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता

SAHAKARITA

(त्रैमासिक) Quarterly

वर्ष ६, अंक १०, कार्तिक–पुस, २०७४ www.ncbl.coop (October - December 2017)

## सहकारी बैंकद्वारा दैवी प्रकोप पीडितलाई साढे दश लाख राहत प्रदान

*काठमाडौं,*



बाढीबाट प्रभावित तराईवासीको राहत तथा उद्धारका लागि राष्ट्रिय सहकारी बैंक लिमिटेडले आर्थिक सहयोग गरेको छ ।

बैंकले प्रधानमन्त्री दैवी प्रकोप उद्धारकोष मार्फत पहिलो चरणमा १० लाख ६२ हजार ७ सय ६१ रुपैंया आर्थिक सहयोग गरेको हो । प्रधानमन्त्री शेरबहादुर देउवाले देशमा विपत्ती परेको समयमा सहकारी बैंकले आर्थिक सहयोग गरेर सरकारको अभियानमा साथ दिएको भन्दै धन्यवाद ज्ञापन गर्नु भयो । उहाँले देशवासीलाई उद्धार तथा राहतमा जुट्न आव्हान समेत गर्नु भएको छ । बैंकका प्रवन्ध सञ्चालक, लेखा समितिका संयोजक, सदस्य लगायत सञ्चालक तथा कर्मचारीहरुको एक टोलीले ०७४ भदौ ५ गते प्रधानमन्त्री शेरबहादुर देउवालाई भेटेर चेक हस्तान्तरण गरेको हो ।

बैंकका कर्मचारीहरुको तीन दिनको तलब काटेर संकलन >> बाँकी पृष्ठ १६

## राष्ट्रिय सहकारी बैंक लिमिटेड १५ औं वर्षमा प्रवेश



*काठमाडौं,*

देशभरका सहकारी संघ संस्थाहरुको एक मात्र बैंकका रुपमा स्थापित राष्ट्रिय सहकारी बैंक लिमिटेडको १५ औं स्थापना दिवस विविध कार्यक्रमका साथ ०७४ असार २५ गते मनाइयो । २०६० साल असार २५ गते स्थापना भएको बैंकले स्थापना दिवसको सन्दर्भ पारेर सहकारी संघ संस्थाहरुको प्रवर्द्धनमा सहकारी बैंकको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको हो । >> बाँकी पृष्ठ १६

## सहकारी क्षेत्रको उत्कृष्ट करदाताका रुपमा राष्ट्रिय सहकारी बैंक सम्मानित



*काठमाडौं,*

आन्तरिक राजस्व विभागले सहकारी क्षेत्रको उत्कृष्ट करदाताका रुपमा राष्ट्रिय सहकारी बैंक लिमिटेडलाई सम्मान गरेको छ । छैठौं राष्ट्रिय कर दिवसका अवसरमा ०७४ मंसिर १ गते काठमाडौंको प्रज्ञा प्रतिष्ठानमा आयोजित कर दिवस समारोहमा राष्ट्रिय सहकारी बैंकलाई सहकारी क्षेत्रको तर्फबाट सबै भन्दा बढी आयकर तिर्ने संस्थाको रुपमा सम्मान गरेको हो । कार्यक्रमका प्रमुख अतिथि नेपाल सरकारका मुख्य सचिव लोकदर्शन रेग्मीले बैंकको तर्फबाट >> बाँकी पृष्ठ १६

## राष्ट्रिय सहकारी बैंक लिमिटेड र गरिबी निवारण कोष बीच सहकार्यका लागि समझदारी पत्रमा हस्ताक्षर

*काठमाडौं,*



सहकारी क्षेत्रमार्फत गरिबी निवारणमा योगदान पुऱ्याउने उदेश्यका साथ राष्ट्रिय सहकारी बैंक लिमिटेड र गरिबी निवारण कोष बीच सहकार्यका लागि समझदारी पत्रमा हस्ताक्षर भएको छ । कोषका कार्यकारी निर्देशक नहकुल के.सी. र बैंकका प्रबन्ध संचालक के.बी. उप्रेतीले ०७४ मंसिर १४ गते समझदारी पत्रमा हस्ताक्षर गर्नु भएको हो ।

गरिबी निवारण कोषको सहयोगमा गठन भैसकेको र हुने लक्षित सहकारीहरुलाई व्यवसायिकरण तथा पेशागत एवं वित्तीय व्यवस्थापनमा सहयोग गर्ने उद्देश्यले बैंक र कोष विच भएको यो साझेदारीले गरीवी तथा बिपन्न बर्गलाई बैंकिङ्ग क्षेत्रको थोक कर्जा, बचत, पूंजी परिचालन एवं अन्य बैंकिङ्ग सेवाको पहुचमा सहयोग पुग्ने आशा गरिएको छ । सम्झौता अनुसार कोष अर्न्तगत गठन भएका सामुदायिक संस्थाहरुका सदस्यहरु सम्मिलित २५ जिल्लामा गठन भएका ४२५ सहकारीहरु र चालु आर्थिक वर्षमा गठन गरिने अन्य सहकारीहरुलाई विभिन्न किसिमका क्षमता विकास तालिमहरुको साथै बचत, कर्जा र पुँजी परिचालन गर्न बैंकको तर्फ बाट सहयोग गरिनेछ । कार्यक्रममा कोषका कार्यकारी निर्देशक नहकुल के.सी. ले साझेदारीले ग्रामिण >> बाँकी पृष्ठ १६

*राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित*

# सहकारिता

**सल्लाहकार:**
रमेशप्रसाद पोखरेल
के.बी. उप्रेती
कुलचन्द्र अधिकारी

**सूचना, सञ्चार तथा प्रकाशन उप-समिति:**

**संयोजक:**
रामबहादुर जि.सी.

**सदस्यहरु:**
डिल्ली पोखरेल, आर. एस. तिमल्सिना

**सदस्य सचिव**
नवीन कुमार कार्की

**सहयोगी:**
सरिता लामिछाने

**ठेगाना:**
राष्ट्रिय सहकारी बैंक लिमिटेड
कर्पोरेट कार्यालय, कुपण्डोल, ललितपुर
फोन: ०१-५१८०१८२
फ्याक्स: +९७७-०१-५५५५६८७
Email: publication@ncbl.coop, ncbl@ncbl.coop
Website: www.ncbl.coop

**मुद्रण:**
**Triumph Media Pvt. Ltd.**
Nayabazar, Kathmandu, Nepal
Tel. : 01- 4389321
www.triumphmedianepal.com

## सम्पादकीय

# सहकारीलाई संकुचन होइन प्रवर्द्धनमा जोड दिऔं

सहकारी ऐन, २०४८ लाई प्रतिस्थापन गर्ने गरी २०७४ असोज ३ गते संसदबाट पारित भई कार्तिक १ गते देखि नयाँ सहकारी ऐन जारी भएको छ । २०७२ असोज ३ गते जारी भएको नेपालको संविधानले सहकारीलाई आर्थिक विकासको महत्वपूर्ण एक खम्बाको रुपमा स्वीकार गरेको छ । संविधानमा समाजवाद उन्मुख अर्थतन्त्र निर्माणका लागि सहकारीको योगदानलाई महत्वका साथ अगाडि बढाइएको छ । संविधानकै गतिलाई आत्मसाथ गर्दै सहकारी ऐन र ऐनलाई सहजता हुने गरी नियम कानुनहरु बन्न आवश्यक छ । संविधान राज्यको मूल नीति हो । त्यही नीतिका आधारमा देश विकासका लागि सहयोग हुने नीति नियम बनाउन सकियो भने मात्रै देशले सोचे अनुसारको प्रगति गर्न सक्छ । संविधानले सहकारीलाई समृद्ध नेपाल निर्माणको महत्वपूर्ण आधारस्तम्भका रुपमा उल्लेख गरे पनि संविधान कार्यान्वयनका विषयमा त्यस अनुरुप काम भएको पाइएको छैन । सहकारी क्षेत्रलाई हेर्ने दृष्टिकोण अहिले पनि सहकारीमैत्री छैन । सहकारी क्षेत्रले समाज विकासमा गरेको योगदानका बारेमा अहिले पनि सही विश्लेषण हुन सकिरहेको छैन ।

लामो समयपछि आएको ऐनले सहकारी क्षेत्रमा काम गर्नेहरुमा उत्साह थप्नुपर्छ । २०४८ सालमा करिब ८ सय सहकारी संघ संस्था भएको समयमा बनेको ऐनले २६ वर्ष सहकारी अभियान अगाडि बढ्यो, समाज विकासमा ठुलै फड्को मारेर राज्यको अर्थतन्त्रको महत्वपूर्ण आधारस्तम्भ बनेको यो क्षेत्रलाई नयाँ सहकारी ऐनले अझै सहज र प्रभावकारी बनाउन भूमिका खेल्नु पर्छ । यो क्षेत्रमा देखिएका कमी कमजोरीलाई अंकुश लगाउने कुरामा कसैको विमती छैन, ऐनले पनि कमजोरीलाई तह लगाउने गरी नै विषयवस्तु उठान गरेको छ । तर सहकारीका विश्वव्यापी मूल्य, मान्यता, आदर्श र सिद्धान्तलाई ऐन कानुनले वेवास्ता गर्न मिल्दैन । सहकारीलाई संसारका धेरै देशहरुले विकासको सारथीका रुपमा अंगिकार गरिरहेको वर्तमान अवस्थामा हाम्रो देशमा बन्ने ऐन कानुनहरु विश्वव्यापी मूल्य मान्यता भन्दा पनि शक्ति सन्तुलनको दस्तावेजका रुपमा आउने गरेका छन् । अहिले आएको ऐन पनि शक्ति सन्तुलनको दस्तावेजकै रुपमा छ । ऐनलाई शक्ति सन्तुलनको आधारमा भन्दा यसको प्रभावकारितामा ध्यान दिन आवश्यक छ र यो ऐनलाई पनि समयानुकुल परिमार्जन आवश्यक छ ।

सहकारी क्षेत्रमा देखिएका विकृतिहरु रोक्नका लागि ऐनले ल्याएका विषयहरुलाई पूर्ण रुपमा कार्यान्वयन गर्दै सहकारी क्षेत्रको प्रवर्द्धन गर्ने विषयमा आएका संकुचनहरु हटाउँदै जान जरुरी छ । ऐन आएको छ, यसलाई कार्यान्वयनका लागि नियमावली बनाउँदा प्रवर्द्धनलाई प्राथमिकता दिएर अगाडि बढ्नु पर्छ । सहकारी अब संकुचनको विषय रहेन, यसलाई संकुचन होइन, यो क्षेत्रमा देखिने समस्यालाई समाधान गर्दै यसको व्यापकताका आधारमा प्रवर्द्धन गर्नतर्फ सरोकारवालाहरुको ध्यान जान जरुरी छ । सहकारीको अनुगमन, नियमन र प्रद्धर्वनलाई प्रभावकारी बनाउँदै आर्थिक विकास र सामाजिक रुपान्तरणको महत्वपूर्ण आधार क्षेत्र सहकारीलाई बनाउनका लागि नीति निर्मातादेखि यो क्षेत्रमा क्रियाशिल आम सहकारीकर्मीहरुको ध्यान जान जरुरी छ ।



धौलागिरिको सहकारी अभियानलाई प्रवर्द्धनमा गरेको योगदानको कदर गर्दै आदर्श सञ्चार सहकारी संस्था लिमिटेड बागलुङले संस्थाको २०७४ भदौ १७ गते आयोजित ११ औं वार्षिक साधारणसभाका अवसरमा राष्ट्रिय सहकारी बैंक लिमिटेडका प्रवन्ध सञ्चालक के.बी. उप्रेतीलाई सम्मान गऱ्यो । सम्मान गर्दै प्रमुख अतिथि नेपाल राष्ट्र बैंकका पूर्व गभर्नर डा.युवराज खतिवडा



सहकारीहरुबीच एकीकरणको शुरुवात गरेर सहकारी क्षेत्रलाई सबल बनाउने अभियानको नेतृत्व गरेको भन्दै बागलुङको सिवाइसी बचत तथा ऋण सहकारी संस्थाले संस्थाको २०७४ भदौ १३ गते आयोजित आठौ वार्षिक साधारणसभाका अवसरमा राष्ट्रिय सहकारी बैंक लिमिटेडका प्रवन्ध सञ्चालक के.बी.उप्रेतीलाई सम्मान गरेको थियो ।



साढे दुइ दशकदेखि निरन्तर रुपमा सहकारी क्षेत्रमा क्रियाशिल रही धौलागिरि क्षेत्रको सहकारी अभियानलाई अगाडि बढाउन महत्वपूर्ण योगदान गरेको भन्दै स्वाभिमान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड बागलुङले राष्ट्रिय सहकारी बैंक लिमिटेडका सञ्चालक रामबहादुर जि.सी.लाई संस्थाको २०७४ भदौ २८ गते आयोजित आठौ वार्षिक साधारणसभामा सम्मान गरेको थियो ।

# नेपालमा सहकारिताको सुदृढीकरण र प्रवर्द्धनमा कोपोमिसको भूमिका



**सुरेश प्रधान**
सह-सचिव
*सहकारी तथा गरिबी निवारण मन्त्रालय*

### पृष्ठभूमिः

नेपालको संविधान २०७२ ले नेपालका सहकारीकर्मीहरुको लागि सुदृढ कानूनी आधार सिर्जना गरेको देखिएको छ । सार्वजनिक, नीजि र सहकारी क्षेत्रको सहभागितामा अर्थतन्त्रलाई दिगो र आत्मनिर्भर बनाउने र समृद्धता हासिल गर्ने लक्ष्यको साथै सहकारीहरुको अधिकतम परिचालन गर्ने संवैधानिक प्रावधानले सहकारीकर्मीहरुले नीजिक्षेत्रको नाफामुखी उद्देश्य भन्दा पृथक तर सहकार्य गरी सहकारीको मूल्य र सिद्धान्त बमोजिम आर्थिक सामाजिक र साँस्कृतिक विकासको उद्देश्यका साथ सहकारी संघ संस्थाहरुको संचालन मार्फत अर्थतन्त्रलाई दिगो तथा आत्मनिर्भर तुल्याउन प्रेरीत गरेको देखिन्छ । उपलब्ध आँकडाले सहकारीको उपस्थिति सरकारी र नीजि क्षेत्र नपुगेको नेपालको प्रत्येक जिल्ला र कुना कन्दरासम्म एक व्यवसायिक नमूनाको रुपमा विकसित भै सकेको देखिन्छ । स्थानीयस्तरमा छरिएर रहेको साना साना पूँजी, उपलब्ध शीप तथा प्रविधिको उपयोग गर्दै आपसी हीत तथा सामाजिक साँस्कृतिक विकास सहीत आर्थिक क्रियाकलापमा वृद्धि गरी गरिबी निवारणमा समेत योगदान पुर्‍याउँदै सहकारी संघ संस्थाहरुले आर्थिक विकासलाई चलायमान बनाउन निश्चय पनि उत्साहबर्धक भूमिका खेलेको मान्न सकिन्छ । नेपालको हाराहारी वा सो भन्दा बढी जनसंख्या भएका मलेशिया, भियतनाम, केन्या जस्ता देशहरुको तुलनामा हाल करीब ३५००० को सहकारी संघ संस्थाको संख्याको उपस्थिति निकै बढी भएकोले नेपालमा सहकारीको परिणात्मक हिसाबले व्यापक उपस्थिति रहेको छ। २०४८ सालको सहकारी ऐन बन्दासम्म ८३३ संघसंस्था भएको अवस्थामा सो ऐनको प्रवर्धनात्मक व्यवस्थाले गर्दा करीब पच्चीस वर्षको अवधिमा सरदर १४०० संघसंस्थाहरु वार्षिक रुपमा दर्ता हुने गरेको तथ्याँकले पुष्टी गर्दछ । दर्ता भए पनि हाल ती संस्थाहरु कसरी चलेका छन सहकारीको मुल्य र सिद्धान्त अनुरुप संचालन भएका छन छैनन भन्ने लेखाजोखा गर्नसक्ने स्थिति छैन। त्यस्तै संख्यात्मक उपस्थिति उत्साहबर्धक भएपनि सहकारी संघसंस्थाहरुको सक्रिय निश्क्रियताको अवस्था, भौतिक तथा वित्तीय प्रगति, सहकारी संघ/संस्थाहरु बीचको आपसी सहयोग, सदस्यहरुको अवस्था, अर्थतन्त्रमा गरेको योगदान, आर्थिक क्रियाकलापको प्रवृति जस्ता विषयहरुमा नियमित र भरपर्दो तथ्याँकको पनि सर्वथा अभाव देखिन्छ ।

अब त संविधानले पनि सहकारीलाई अर्थतन्त्रको एक पक्षको रुपमा स्वीकार गरीसकेको सन्दर्भमा सहकारीले अर्थतन्त्रमा खेलेको र खेल्न सक्ने भूमिका बारे सरकारको साथै सहकारी अभियानकर्मीहरुले पनि उत्तिकै चासो र चिन्तन गर्नुपर्ने अवस्था सिर्जना भएको छ । त्यसैले अब सहकारीकर्मीहरुले सहकारी क्षेत्रले अर्थतन्त्रमा खेलेको भूमिका बारे समग्रमा भन्न सक्ने अवस्था ल्याउन एकीकृत तथ्याँकको अभावलाई समाधान गर्न प्रयास गर्नुपर्ने अवस्था छ । हाल सहकारी विभागबाट सहकारीसम्बन्धी आँकडा तथा तथ्याँकहरु संकलित हुने गरेको भएपनि नियमित भरपर्दो वास्तविक समयमा प्राप्त हुने गरेको देखिदैन। सो अवस्थामा सुधार गरी सहकारी संघसंस्थाहरुलाई आर्थिक क्षेत्रमा एक अग्रणी भूमिकामा स्थापित गर्न एक प्रभावकारी सूचना संयन्त्रको आवश्यकता परिपूर्ति गर्न सहकारी तथा गरिबी निवारण मन्त्रालयले सहकारी तथा गरिबी निवारणसम्बन्धी व्यवस्थापन सूचना प्रणाली (Cooperatives and Poverty Related Management Information System (CoPoMIS) को विकास गरिएको हो । यो प्रणालीलाई नेपाल सरकारले महत्व दिँदै विगत ३,४ वर्षको बजेट वक्तव्यमा प्रस्तुत प्रणालीको लागि बजेटको व्यवस्था समेत गरिरहेको छ। प्रस्तुत प्रणाली नेपाल सरकारले विधिवत रुपमा २०७४ वैशाख ११ गतेदेखि कार्यान्वयनमा ल्याई सकेको छ । कोपोमिस सहकारी र गरिबीसम्बन्धी सूचना प्रणाली भएपनि यस लेखमा सहकारीको सूचना व्यवस्था र यसले सहकारीको सुदृढीकरण तथा प्रबर्द्धनमा खेल्ने भूमिकाको बारेमा जानकारी गराउने उद्देश्यले वर्णनात्मक रुपमा प्रस्तुत गरिएको छ ।

### कोपोमिस र यस्को कार्यव्यवस्थाः

कोपोमिस वेभमा आधारीत व्यवस्थापन सूचना प्रणाली हो जसले खास सफ्टवेयर प्रणाली मार्फत सहकारी संघ संस्थाहरुको दर्ता विवरण, वित्तीय, कार्यसंचालन, सुशासन, कार्यक्रम तथा आयोजना संचालन, प्रगति विवरण जस्ता पक्षहरुको विवरण आँकडा तथ्याँक वास्तविक समय (Real Time) मा संकलन गर्दछ। प्रस्तुत प्रणालीको विकास गर्ने क्रममा सहकारीसम्बन्धी कानून, सहकारी संचालन मापदण्ड, अनुगमन निर्देशिकाको साथै कारोवारको अवस्था समेत अध्ययन गरी सो आधारमा आवश्यक पर्ने प्रतिवेदनहरु र सहकारी तथा गरिबी निवारणको क्रियाकलापको कार्यान्वयन तथा प्रगतिसुचकको मापनको लागि तथ्याँकीय विवरणहरु प्राप्त गर्ने उद्देश्यले प्रस्तुत प्रणालीको विकास गरिएको हो । यस सन्दर्भमा सहकारी डिभिजन कार्यालय वा सम्बन्धीत संस्थाहरुले नै विषयसंग सम्बन्धीत अंक र विवरणहरु कागजातको रुपमा पठाएर, सूचना विवरण ढाँचामा भरी अपलोड गर्न पठाएर वा सोझै वेभसाईटमा विवरण भरेर पठाउन सकिन्छ । सहकारी क्षेत्रको लागि सम्बन्धीत सहकारी संघ संस्थाहरुले वर्तमान समयमा पठाईरहेकै र केही थप विवरणहरु पठाउनु पर्ने हुन्छ भने गरिबी निवारण तर्फ गरिब घरपरिवार पहिचानको तथ्याँक प्राप्ती, स्थान विशेषमा दातृनिकाय राष्ट्िय वा अन्तरराष्ट्यि गैरसरकारी संस्था वा अन्य निकायहरुले संचालन गर्ने कार्यक्रमहरुको विवरण पठाउने, सहमति लिने र सम्पन्न कार्यको प्रगति विवरण दिने र प्रतिवेदन दिने जस्ता कार्यहरु गर्ने व्यवस्था रहेको छ। यस प्रणालीमा सहकारी संघसंस्थाहरुले वर्तमान समयमा प्रस्तुत गरिरहेको विवरणहरुको आधारमा नै प्रविष्टीको व्यवस्था गरिएको छ । दर्ता गर्दाको समयमा उपलब्ध हुने सूचना जस्तै शेयर लिने सदस्यको विवरणको साथै खरिद बिक्री तथा खर्च आम्दानी सम्पति दायित्व लगायतको विवरणको साथै

निर्वाचन, साधारण सभा,तालिम, उजुरीहरुको सूचना गर्ने प्रणाली समेत समावेश भएको छ । यस प्रकारको आँकडाले सहकारी क्षेत्रमा संलग्न हुने सहकारीकर्मीहरुको बारेमा स्थान, सदस्यता, लिंग, उमेर, शैक्षिक योग्यता आदिको बारेमा जानकारी हुन जाने भएकोले सदस्यहरुको क्षमता विकासको लागि राष्टिय र स्थानीय तहमा क्षमता विकासको कार्यक्रम संचालन गर्न सघाउ पुर्‍याँउछ भने सहकारी संस्थाहरुलाई आवश्यक पर्ने प्राविधिक विषय वा व्यवसायसंग सम्बन्धीत व्यवसायिक शीप सिक्न पनि सघाउ पुर्‍याँउछ ।

### सहकारीको सुदृढीकरणमा योगदानः

सहकारी संघ संस्थाहरुको सुशासनको अवस्था अहिलेको चासो र चिन्ताको विषय हुन पुगेको छ । बचत ऋणको कारोवार गर्ने सहकारी संघ संस्थाहरुले बचत रकम फिर्ता नगरेको र ऋण असूलीमा परेको समस्या आदिको कारणले जनता सामु सहकारीको बिम्ब सकारात्मक हुन नसकिरहेको स्थिति छ भने सहकारीहरुको काम कारवाही पनि पारदर्शी हुन कठिन भएको कारणले सहकारी क्षेत्र प्रति संदेहको अवस्था अद्यापि विद्यमान रहेको देखिन्छ । यस्तो अवस्था आउनुको एक प्रमुख कारण ती संस्थाहरुमा स्वनियमनको आवरणमा आन्तरिक नियन्त्रण प्रणालीको कमजोर अभ्यासलाई लिन सकिन्छ । लेखा सुपरिवेक्षण समितिको कार्य औपचारिकतामा सीमित रहनु, कर्मचारी संचालक समिति तथा व्यवस्थापक बीचको कामको विभाजन र जिम्मेवारी पालनाको प्रचलन गर्ने गराउने नीति प्रभावकारी हुन नसक्नु, कर्मचारीहरुको कार्यअवस्था सुदृढ गर्न र लेखासम्बन्धी दैनिक हिसाव अद्यावधिक प्रविष्टी कर्मचारीहरु बीचको कार्य चक्र परिवर्तन गर्ने कार्य पनि प्रभावकारी हुन नसक्नु अर्को कारण मान्न सकिन्छ । त्यस्तै सहकारी संघसंस्थाहरुको बढदो संख्या र नियामक निकायहरुको न्यून संख्या तथा क्षमताको अभावको कारणले पनि अनुगमन र नियामक कार्य प्रभावकारी हुन नसक्दा सहकारी संघ संस्थाहरुको सुदृढीकरण र विकास अपेक्षित रुपमा हुन सकेको देखिंदैन। यस्को लागि मुख्यतः सहकारीहरु र नियामक निकायहरुको काम कारवाहीको लेखाजोखा गर्ने, सुपरिवेक्षण गर्ने कार्यको लागि सूचना उपलब्धताको कमीलाई लिन सकिन्छ । यसैले सहकारीहरुको अवस्था बताउने आँकडा, संचालन स्थिति, तथ्याँक, विवरण तथा सुशासनका अवस्थाको सूचना उपलब्ध गराउने माध्यमको रुपमा कोपोमिसको भूमिका गहन र महत्वपूर्ण मान्न सकिन्छ ।

कोपोमिसमा उल्लेखित विवरण र सूचनाको विवरण भर्दैमा सहकारीहरु सुदृढ हुने होईन तर सूचना उपलब्ध गराउन सहकारी संघ संस्थाहरुको आन्तरिक प्रणालीमा गर्ने तयारी, पूर्वाधार सुधार तथा सो सूचनाको उपयोग गरी नियामक निकाय र तालुक संघहरुको अनुगमनको कार्यमा हुने प्रभावकारीताले यस तर्फ विशेष सुधार गर्न अवस्य पनि सकिन्छ। प्रतिवेदनको प्रस्तुती अघि खर्च प्रक्रिया, निर्णय प्रकृया र कार्य सम्पन्न गर्ने प्रकृया अद्यावधिक गर्नुपर्ने अवस्थाको सिर्जना हुने भएकोले सहकारी संघसंस्थाको अभिलेख, बजेट, ऋण तथा बचतको साथै बैठक व्यवस्थापनको कार्य पनि नियमित गर्न सघाउ पुग्दछ भने साधारण सभाको निर्णय कार्यान्वयन अवस्था, वित्तीय विवरणको आधारमा सहकारीका सदस्यहरुले आफ्नै सहकारीको जानकारी लिन सक्ने अवस्था, लेखापरीक्षक र सुपरिवेक्षण समितिको प्रतिवेदन तथा टिप्पणी, निर्वाचनको विवरण तथा नीतिहरुको कार्यान्वयनको अवस्थाको विवरणले सहकारीहरुको आन्तरिक व्यवस्थामा सुधार र यस माध्यमबाट नियमित, भरपर्दो र अद्यावधिक एकीकृत सूचनाको उपलब्धताले सहकारीमा सुशासन कायम गर्न सघाउ पुग्नुको साथै सरकारी पक्ष, सहकारीकर्मी लगायत सरोकारवालाहरुमा समेत पारदर्शी कार्य प्रणालीको माध्यमबाट सहकारी क्षेत्र प्रति सकारात्मक सन्देश प्रवाह गर्न सकिने छ । सहकारी संघ संस्थाहरुको अफ साईट र अन साईट अनुगमन प्रभावकारी हुने र सहकारी संघ संस्थाका सदस्यहरुले समेत आफ्नो सहकारीको काम कारवाही प्रति जागरुक हुन र सहभागिता गर्न सघाउ पुग्न सक्ने अवस्थाको सिर्जना हुनेछ । सहकारी संघ संस्थाहरुले दर्ता गर्न मर्जर हुन प्रतिवेदन गर्न र तालिम लिन सहकारी कार्यालयहरुमा धाउनु पर्ने अवस्थामा सुधार भै अनलाईन सेवा उपलब्धताले सहकारीको साधन श्रोत र समयको साथै झण्झट पनि समाधान गर्न सुधार हुने अपेक्षा गर्न सकिन्छ ।

सहकारी क्षेत्रको आर्थिक पक्षमा योगदान देखिएता पनि सामाजिक र साँस्कृतिक पक्षहरुमा गरिएको योगदानको जानकारी कम मात्र हुने गरेको सन्दर्भमा यस प्रणालीले सहकारी क्षेत्रको सहकारीको मुल्य, सिद्धान्त र मान्यता बमोजिम सामाजिक तथा साँस्कृतिक पक्षमा गरिएको योगदानको समेत सूचना उपलब्ध गराउन सकिन्छ । यसले जनमानसमा सूचना सम्प्रेषण हुन गै सहकारीको माध्यमबाट समाजवाद उन्मुख अर्थतन्त्र निर्माण र दिगो बनाउन सघाउ पुग्न जान्छ । यसकारणले पनि सहकारी क्षेत्र सुदृढ गर्न भूमिका खेल्दछ र सहकारी क्षेत्र विद्युतीय सूचना मैत्री कार्यप्रणाली भएको आधुनिक सहकारी प्रणालीको रुपमा विकास गर्नसक्ने वातावरणको सिर्जना गर्दछ ।

### सहकारिताको प्रवर्द्धनः

सहकारीको प्रवर्द्धनको नाममा सहकारी अभियान र सरकारी क्षेत्रबाट पत्रपत्रिकामा सूचना प्रकाशन, टेलिभिजन प्रसारण तथा विभिन्न जर्नलहरु प्रकाशन गरि सहकारी सम्बन्धी सिद्धान्त, सहकारीको उत्पादन, साधारण सभा लगायत अन्य सूचना आदि प्रचार प्रसार हुने गरेकोमा त्यस्तो सूचना र कतिपय सहकारीकर्मीहरुको प्रयासको बावजूद सहकारीहरुको व्यवसायीकरण र ठूला सहकारी उद्योगको विकास र प्रवर्द्धनमा पनि सहकारीको संघीय रुपमा लम्बीय (Vertical) संरचना अनुसार खासै कार्य हुन सकेको देखिंदैन। नेपालमा दुग्ध सहकारीहरुको उत्पादन उत्साहजनक देखिन्छ, तर भारतको अमूल सहकारी जस्तो विकसित हुन सकेको देखिंदैन । किनभने सोसम्बन्धी एकीकृत विवरण, सामयिकता, गुणस्तर, समय आदिको बारेमा सूचनाको अभाव तथा तहगत संगठनको कार्यविभाजन (जस्तै उत्पादन प्रोसेसिंग वितरण, बजारीकिकरण, अनुसन्धान आदि) को व्यवस्था पनि हुन सकेको देखिदैन। त्यस्तै मह, फलफुल, तरकारी, जुनार, चिया, कफी आदि जस्ता उत्पादनमूलक सहकारीहरुको पनि श्रृखलीय संघहरु (Hierarchial Associations) प्रभावकारी हुन सकिरहेको देखिएको छैन। यसको लागि व्यवसायिक र पेशागत चरित्रको कमी त छँदैछ सो उत्पादनहरुको परिमाण, मुल्य, समय र लागत तथा स्थान विशेषको जानकारी नहुँदा उत्पादन, बिक्री लगायत लागत लाभको विश्लेषको साथै सहकारीहरुको क्षमता विकासको आधारको अनुमान गर्न पनि तथ्याँकका तयार हुन सकेको छैन भने उपभोक्ता वा सेवामूलक सहकारीहरुको पनि सो संरचना अनुसार विकास र प्रबर्द्धनमा कठिनाई हुने गरेको देखिएको छ ।

नेपालको राष्ट्रिय सहकारी नीति २०६९ ले विद्युतीय मैत्री सहकारी व्यवस्थापनको परिकल्पना गरेको छ भने अनुगमन, नियमन र प्रबर्द्धनको कार्यमा पनि सूचना प्रविधिको भूमिका राखी तथ्याँक

व्यवस्थापनको कार्य गर्ने नीति लिएको छ । यसै नीति र संवैधानिक व्यवस्थाले दिगो आत्मनिर्भर र स्वतन्त्र अर्थतन्त्रको परिकल्पना सहीत समाजवाद उन्मुख अर्थतन्त्रको लक्ष्य हासिल गर्न समाजमा जरो गाडिएको र स्थायी आधार रही सम्पूर्ण समाजलाई परिचालन गर्ने र आधारबाट श्रृखलीय रुपमा माथिको संरचना हुने (Bottom-up Hierarchy) लम्बीय रुपमा संचालन गरी सहकारीको व्यवसायिक प्रबर्द्धन मार्फत राष्टिय तथा अन्तरराष्टिय स्तरमा समेत पुग्न सहकारीको भूमिका भारत लगायत जर्मनी जस्तो विकसित देशको जस्तो गर्न सकिन्छ । स्वनियमन र सहकारी बीचको आपसी सहयोगबाट यस्तो संरचना निर्माण भएका र हुनसक्ने त छँदैछ, सरकारको तर्फबाट पनि सहकारी मार्फत ठूला उद्योग संचालन गर्न तथा सरकार सहकारी साझेदारी मार्फत उत्पादन, उत्पादकत्व र रोजगारीको सिर्जना गर्नको लागि यससम्बन्धी ठोस, भरपर्दो, नियमित र एकीकृत तथ्याँकीय आधार आवश्यकता पर्दछ । यस सन्दर्भमा कोपोमिस एक अचुक औषधी हुने विश्वास लिन सकिन्छ । यसको कार्यान्वयन पछि प्रारम्भिक सहकारी, विषयगत जिल्ला वा स्थानीय तह वा प्रादेशिकको साथै संघीय स्तरमा उत्पादन, बिक्री, खर्च, आय, लाभ लागत कोषको उपयोग र वित्तीय तथा माथि उल्लेख गरिए झैं सुशासन कायम गर्न सघाउ पुग्ने तथ्याँक आँकडा विवरण र सूचना वास्तविक समय (Real Time) मा एकीकृत रुपमा प्राप्त गर्न सकिने, सहकारीले दिगो विकास लक्ष्यमा पुर्‍याएको योगदान पनि थाहा पाउनको साथ कोपोमिसको विस्तार गर्दै जाँदा राष्ट्रिय आयमा सहकारीको योगदान दैनिक मासिक वा वार्षिक रुपमा नै तथ्याँक संकलन गर्न सकिने अवस्था हुने भएकोले सहकारी क्षेत्रको समग्र नीति, योजना र आयोजना निर्माण गरी अर्थतन्त्रको दिशा पहिचान र परिचालन गर्न समेत आधार सिर्जना गर्न सकिने अवस्था रहेको छ । यी समस्त सूचनाको आधारमा भावी सहकारीको अवस्था आँकलन गरी सहकारीको लगानीको आधार तय गर्न, वित्तीय क्षेत्रमा योगदान तय गरी निश्चित उत्पादन, उत्पादकत्व र रोजगारी सिर्जना हुने गरी सहकारीको व्यवसायिकरण र प्रबर्द्धन गर्ने अवधारणामा समेत सुनिश्तिता आउने भएकोले कोपोमिसको आधारबाट सहकारीको व्यष्टी र समष्टी प्रबर्द्धनमा बलियो आधार सिर्जना गर्ने विश्वास लिन सकिन्छ ।

अन्तमा, कोपोमिस सरकारी स्तरबाट सहकारी तथा गरिबी निवारण मन्त्रालयले शुरु र संचालन गरेपनि यो सूचना प्रणाली समग्र सहकारी अभियान र सहकारीकर्मीहरुको हीत र सहकारी मार्फत स्वाधीन अर्थतन्त्र निर्माण गर्ने कार्यमा लागि परेका सरोकारवालाहरुको लागि हो । अत: यस प्रणालीको उपयोग गर्दै यसलाई सबल सक्षम र प्रभावकारी बनाउन सरोकारवाला वर्ग र समुदायले सक्रियता र सहकार्य गर्नु अति आवश्यक छ ।

**सन्दर्भ सामग्रीहरु :**

- सहकारी तथा गरिबी निवारण मन्त्रालय (२०७३), सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली संचालन कार्यविधि २०७३, सिंहदरबार, काठमाडौं
- सहकारी तथा गरिबी निवारण मन्त्रालय (२०६९), राष्ट्रिय सहकारी नीति २०६९, पौष,
- नेफस्कून, साकोस आवाज, वर्ष २, अंक ५, २०७४ श्रावण
- कानून किताव व्यवस्था समिति, नेपालको संविधान २०७२, काठमाडों ८८८

# “राष्ट्रिय सहकारी बैंकद्वारा सहकारी मन्त्रीलाई बधाई ज्ञापन”

<u>*ललितपुर,*</u>

सहकारी तथा गरिबी निवारण मन्त्रालयमा नियुक्त हुनु भएका सहकारी तथा गरिबी निवारण मन्त्री अम्बिका बस्नेतलाई राष्ट्रिय सहकारी बैंक लिमिटेडका तर्फबाट बधाई ज्ञापन गरिएको छ । मन्त्रि बस्नेतलाई बधाई ज्ञापन गर्न बैंक सञ्चालक समिति तथा लेखा समितिका सदस्यहरुहरुको टिम भदौ १ गते मन्त्रालय गएको थियो । बैंकका अध्यक्ष रमेश प्रसाद पोखरेलले बैंक परिवारको तर्फवाट बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभएको थियो । बैंकको पछिल्लो वित्तीय अवस्थाबारे, बैंकले सहकारी अभियानमा निभाएको शिर्षस्थ भूमिका साथै राष्ट्रिय सहकारी बैंकका बारेमा जानकारी गराउनु भएको थियो । सहकारी तथा गरिबी निवारणका कार्यक्रमहरु बैंक मार्फत गराउने, सरकारद्वारा प्रदान गरिने सरल कर्जा बैंकलाई पनि उपलब्ध गराउने




विषयहरुको अनुरोधका साथै बैंक संचालनमा देखिएका कानुनी समस्याहरुको विषयमा बैंकका अध्यक्ष तथा प्रबन्ध संचालकबाट मन्त्री समक्ष प्रस्तुत भएको थियो । मन्त्री बस्नेतले बैंकले सहकारीको वित्तीय क्षेत्र, आर्थिक सामाजिक क्षेत्रका साथै सहकारी अभियानलाई अगाडि बढाउन गरेको योगदानलाई थप प्रभावकारी बनाउन सक्दो सहयोग गर्ने आश्वसन व्यक्त गर्दै सहकारी क्षेत्रमा रहेका विकृती विसंगतीलाई हटाउन सहकारी बैंकले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

# सहकारीको वर्तमान अवस्था र सहकारी ऐन २०७४ कार्यान्वयनका जटिल पक्षहरु



**सुदर्शन प्रसाद ढकाल**
पूर्व रजिष्ट्रार
सहकारी विभाग

नेपालमा अहिले ३३ हजार ६ सय सहकारी संस्था अस्तित्वमा छन् । यी सहकारीमा ६० लाख भन्दा बढी सदस्यहरुको आवद्धता रहेको छ । कूल सदस्यमा महिलाहरुको सहभागिता ५१ प्रतिशत रहेको छ। बचत र पूँजी गरेर रु.४ खर्बको सम्पत्ति सहकारी मार्फत परिचालन भईहेको छ । विगत चार वर्षदेखि वित्तीय सहकारी दर्तामा रोक लगाइएको अवस्थामा पनि वार्षिक २० प्रतिशतले सदस्यतामा बृद्धि आएको छ भने २५ प्रतिशतले बचत र पूँजीमा बृद्धि भएको देखिन्छ। लगानीको दृष्टिकोणले पनि कूल रु. ३ खर्ब कर्जा परिचालन सहकारी संस्थाहरु मार्फत भएको छ । कृषि क्षेत्रमा उत्पादन उन्मुख सहकारी संस्थाहरुको कारण कृषि (पशुपालन समेत) राष्ट्रिय उत्पादनमा उल्लेख्य योगदान पुगेको छ । यद्यपि, अहिलेसम्म उत्पादन र अन्य सेवाको क्षेत्रमा सहकारी क्षेत्रले पुऱ्याएको योगदानको छुट्टै गणना हुन सकेको छैन। अनुमानका भरमा ३ प्रतिशतको हारहारीमा सहकारीले कूल ग्राहस्थ उत्पादनमा योगदान पुऱ्याएको छ भन्ने गरिएको छ । सहकारी संस्थाहरुमा भएको सदस्यता बृद्धि र कारोवारको उल्लेखित आकडाले यसको पुष्टी पनि गर्दछ । लाखौ नेपालीहरुलाई स्वरोजगार बनाउन, ६० हजारलाई प्रत्यक्ष रोजगार दिन, सामाजिक एकीकरण गर्न, गरिवी निवारण तथा महिला सशक्तिकरणमा बल पुऱ्याउन, उद्यमशिलताको विकास जस्ता क्षेत्रमा सहकारीले प्रत्यक्ष फाइदा पुऱ्याएको छ । यद्यपि, अहिले पनि आर्थिक विकासका अन्य क्षेत्रहरुमा सहकारी पद्धतिको विकास हुन सकेको छैन। क्षेत्रगत नीति र विद्यमान कानूनहरु सहकारी मैत्री नभएकाले उत्पादन तथा सेवा व्यवसायमा सहकारीको विस्तार हुन सकेको छैन । कतिपय कानूनले त सहकारी उद्योग व्यवसायलाई निषेध नै गरेको छ । पर्यटन उद्योग (होटल, रिसर्ट, होमस्टे, ट्राभल, ट्रेकिङ आदि), घरेलु तथा साना उद्योगहरुको स्थापना, विद्यालय सञ्चालन र व्यवस्थापन, सहकारी सामूहिक आवास, सामुदायीक सहकारी अस्पताल, सहकारी वीमा, सहकारी यातायात, श्रमिक सहकारी, सहकारी डिपार्टमेण्टल स्टोर जस्ता क्षेत्रमा सहकारी आउन सक्ने वातावरण तयार भएको छैन । कृषिमा आधारित सहकारी उद्योगहरु केवल सानो स्केलमा सिमित रहेको छ । यसरी सहकारी क्षेत्र क्षेत्रगत रुपमा सरकारी विभेदमा परेको छ। सहकारी क्षेत्रले सरकारबाट पाउनु पर्ने आधारभूत सुविधाहरुबाट बञ्चित रहनु परेको छ । सहकारीको प्रबर्द्धन, विकास र स्वनियमनमा चल्न पाउने उपयुक्त कानून, जोखिम व्यवस्थापनको उपयुक्त विधि, सबै सम्भावित क्षेत्रमा सहकारी व्यवसायको प्रबर्द्धन, कृषि लगायत लक्षित वर्गको सामाजिक र आर्थिक विकासका लागि सहकारी सहयोग कार्यक्रम, सरल र सहज पूँजीको आपूर्तिका माध्यमहरुको विकास, जनशक्ति विकास, सहकारी शिक्षा जस्ता क्षेत्रमा सरकारको सहयोगको अपेक्षा नेपालको सहकारी अभियानले गरेको छ । सहकारी व्यवसायमा जनताको आकर्षण, लाखौ सदस्यहरुको सहभागिता र यस क्षेत्रले पुऱ्याउन सक्ने योगदानलाई कम आकलन गरिनु बहुसंख्यक नीति निर्माताहरुमा सहकारी पद्धतिको बारेमा पर्याप्त ज्ञान र अनुभव नभएको कारणले हो भन्न सकिन्छ।

सहकारी ऐन, २०४८ लाई प्रतिस्थापन गर्ने गरी २०७४ कार्त्तिक १ गते देखि नयाँ सहकारी ऐन जारी भएको छ । नेपालको संविधानले सहकारीलाई आर्थिक विकासको एक खम्बाको रुपमा स्वीकार गरिसकेको अवस्थामा जारी ऐन सहकारी मैत्री छ वा छैन ? लाखौ नेपालीहरुको चासोको विषय हो । संविधान नै राज्यको मूल नीति हो । संविधानमा भएका व्यवस्था र राज्य अधिकारको बाँडफाँडको दृष्टिकोणले समेत यो कानून उपयोगी र प्रभावकारी हुन आवश्यक छ । नयाँ सहकारी ऐनमा भएका केही प्रावधानहरुको अनुकूल प्रतिकूल असरका बारेमा प्रकाश पार्ने प्रयास यो लेखमा गरिएको छ।

बचत तथा ऋणको कारोवार गर्ने सहकारीको सबैभन्दा पहिलो समस्या सदस्यहरुबाट संकलित बचत रकमको असुरक्षा र सहकारी संस्थाहरुले लगानी गर्ने कर्जामा भएका जोखिमहरु हुन्। त्यसैगरी बचत तथा ऋण सहकारीहरुमा स्वनियमनको पद्दति विकास गर्न नसक्दा विकृतिहरु मौलाएको छ। यसका लागि कानूनले बचत सुरक्षण कोषको व्यवस्थालाई अनिवार्य गर्नुको कुनै विकल्प थिएन। त्यसैगरी ऋणमा हुने जोखिम हटाउन लगानीको मापदण्ड र विधिहरुको स्पष्ट व्यवस्था गरिनुका साथै दोहोरो सदस्यताको अन्त्य गर्न अत्ति नै जरुरी थियो । अहिले जारी गरिएको कानूनले बचतको सुरक्षाका लागि बचत सुरक्षण कोषलाई अनिवार्य गर्न सकेन । बचत सुरक्षण कोषको बारेमा कुनै ज्ञान नभएका व्यक्तिहरुले मस्यौदाको खाका गर्नाले यस्तो अवस्था सिर्जना भएको हो । लगानीलाई कम जोखिमयुक्त बनाउन दोहोरो सदस्यताको अन्त्यका लागि भने कानूनमा व्यवस्था गरिएको छ तर यसरी दोहोरो सदस्यता लिनेलाई दण्डनीय नबनाइएकोले यो व्यवस्था कार्यान्वयनमा आउने देखिदैन । बचत तथा ऋण सहकारी संस्थाहरुको अनुगमन गर्ने निकायहरु नेपाल राष्ट्र बैंक, सहकारी विभाग वा अन्तर्गतका निकायहरु र मन्त्रालयलाई पनि जिम्मेवारी दिइएको छ । विषयगत संघहरुले पनि अनुगमन गर्न सक्ने झिनो व्यवस्था ऐनमा छ । यसरी अनुगमनका लागि पहिलो जिम्मेवार निकाय कोही भएन । वित्तीय सहकारी संस्थाहरुलाई विषयगत संघमा अनिवार्य सदस्यताको व्यवस्था सहित प्रादेशिक बचत तथा ऋण सहकारी संघहरुलाई स्पष्टत यो जिम्मेवारी दिइएको भए नेपाल राष्ट्र बैंकले ७ वटा प्रादेशिक संघहरुको नियमित अनुगमन गरे पुग्ने थियो। सहकारी विभागको सबै अधिकार प्रदेशको निर्वाचन सम्पन्न भएपछि प्रादेशिक सहकारी विभाग र स्थानीय तहमा स्वत: हस्तान्तरण हुने व्यवस्था ऐनमा राखिएको छ । यद्पि, संविधान बमोजिम सहकारीको नियमनको विषय संघ (केन्द्र) को एकल अधिकार क्षेत्र हो । अब सहकारी विभागको वित्तीय सहकारी संस्थाहरुमा नियमन माथिको भूमिका स्वत: समाप्त हुने अवस्था आउने देखिन्छ। नेपाल राष्ट्र बैंकले सहकारी ऐनको स्वामित्व लिएर वित्तीय सहकारी संघ संस्थाहरुको नियमन गर्ने सम्भावना पनि यसै ऐनको आधारमा देखिदैन। त्यसैगरी सहकारी बैंकहरु खोल्न सकिने व्यवस्था ऐनमा भएकोले अव सहकारी क्षेत्रमा एउटा मात्र बैंक नहुने संकेत गरेको छ । सहकारी बैंकहरुमा सहकारी संघ संस्थाहरुले मात्र शेयर खरिद गर्न सक्ने भएकोले यस्ता बैंकहरुमा सस्तो पूँजीको प्रवेश हुने सम्भावना छैन । वित्तीय सहकारी संघहरुको भूमिका के हुने स्पष्ट छैन । कृषि सहकारीहरुको सदस्यता रहेको साना किसान विकास बैंकको शेयर सदस्यता

अब अवैधानिक बन्न पुगेको छ । यो बैंकमा कृषि सहकारीहरुको शेयर स्वामित्व ४० प्रतिशतको हाराहारीमा रहेको छ । वित्तीय कारोवार गर्ने सहकारी संस्थाहरुको सदस्यता रहेको नेफस्कुन, साना किसान सहकारी केन्द्रीय संघ र बहुउद्देश्यीय सहकारी केन्द्रीय संघको भूमिकाका वारेमा पनि ऐन मौन छ । अझ हालको कृषि र बहुउद्देश्यीय सहकारी संघहरुको भविष्य नै अनिश्चित बनेको छ । बचत तथा ऋणको कारोवार गर्ने गरी अब कृषि तथा बहुउद्देश्यीय सहकारी दर्ता गर्न नमिल्ने अवस्था ऐनले सिर्जना गरेको छ । कर्जा सूचना केन्द्रको स्थापनामा समेत सहकारी अभियानको भूमिका खोजिएको छैन । अनुगमन गर्दा प्रयोग गरिने विधिको वारेमा पनि ऐन मौन देखिन्छ ।

सहकारीका संघहरु व्यावसायीक बनाउन सकियो भने सहकारीको सिद्धान्त बमोजिम सहकारी संघ संस्थाहरुलाई स्वनियमनमा लैजान सकिन्छ भन्ने स्थापित मान्यता हो । अन्तर्राष्ट्रिय सहकारी महासंघमा रहेका विषयगत सहकारी विभागहरु (वित्त, विमा, कृषि, उर्जा, आवास, पसल, पर्यटन र अस्पताल) का आधारमा हामीले पनि केन्द्रीय वा प्रदेश स्तरीय सहकारी संघहरुलाई विषय केन्द्रित बनाउन आवश्यक थियो । संविधान बमोजिम अहिले स्थानीय तह, प्रादेशिक तह र केन्द्र गरी तीन तहको सहकारीको संघीय संरचना बनाउनु पर्ने अवस्था सिर्जना भएको छ । जारी गरिएको कानूनमा जिल्ला तहको संरचना कायमै राखेर प्रादेशिक संघहरुको गठन विधि राखिएको छ तर स्थानीय तहमा संघ बन्न सक्ने व्यवस्था रहेको छैन । विषयगत सहकारीका साथै सबै खाले सहकारी संस्था र विषयगत संघहरुको सदस्यता रहने गरी जिल्ला र प्रदेशमा सहकारीका संघहरुको निर्माण गरिने व्यवस्था ऐनमा रहेको छ । एउटा प्रारम्भिक सहकारी संस्थाको सदस्यता कतिवटा संघमा लिनु पर्ने ? प्राथमिक सहकारी संस्थालाई एउटा विषयगत सहकारी संघमा सदस्यता पर्याप्त हो । व्यावसायीक उद्देश्य नै नभएका सहकारीका संघहरु किन आवश्यक ठानियो ? प्रादेशिक तहमा विषयगत सहकारी संघ बाहेक अन्य संघहरुको कुनै औचित्य देखिदैन । ऐनमा व्यवस्था भएका सहकारीका संघहरुको कार्य विभाजन बारे ऐनमा कुनै व्यवस्था छैन । कुन कुन व्यवसाय गर्ने गरी सहकारी दर्ता गर्न सकिन्छ ? विषयगत अन्यौल पनि कायमै रहेको छ ।

स्थानीय तहको निर्वाचन सम्पन्न भएको र प्रदेशको निर्वाचन पनि निश्चित प्राय भएको अवस्थामा स्थानीय तह र प्रादेशिक तहका सरकारको सहकारी सम्बन्धी अधिकार क्षेत्रका बारेमा जारी गरिएको कानूनले स्पष्ट व्यवस्था गर्न सकेको छैन । संघीय राज्य व्यवस्थामा जिल्ला तहको सहकारी संघहरुको भविष्य देखिदैन । प्रादेशिक तहमा क्रियाशिल सहकारीको विषयगत संघ आफैमा शक्तिशाली हुने भएकोले केन्द्रीय विषयगत संघहरुको भूमिकामा समेत प्रतिकूल असर पर्ने निश्चित छ । यो वाध्यकारी अवस्था हो । यसैलाई अवसरको रुपमा उपयोग गरी विभिन्न तहका सहकारी संघहरुलाई विषयगत आधारमा एकीकरण गर्ने साथै कानून बमोजिम स्वनियमन तथा क्षमता अभिबृद्धिका लागि उपयोग गर्ने अवसर नगुमोस भन्ने तर्फ पनि कानून निर्माताहरुको ध्यान जानु जरुरी थियो । विभिन्न तहका संघहरु व्यावसायीक बनेको अवस्थामा सहकारी संघ संस्थाहरुमा स्वनियमनको सहकारी अभ्यास अन्तर्गत सुशासन स्थापना गर्न सजिलो र भरपर्दो अवस्था सिर्जना हुन्छ । यिनै संघहरु मार्फत वित्तीय सहकारीमा स्वनियमन प्रणालीको विकास गर्ने हो । संविधान अनुसार नियमनको अधिकार संघीय तहको जिम्मेवारी भएकोले नेफस्कुन, कृषि र बहुउद्देश्यीय जस्ता वित्तीय सहकारीको केन्द्रीय संघलाई देशभित्र रहेको बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुको सुपरीवेक्षण गर्ने जिम्मेवार निकायको रुपमा कानून बमोजिम अधिकार सम्पन्न बनाइनु पर्दथ्यो । यो विश्वमै सफल अभ्यास र स्वनियमनको सिद्धान्त अनुकूल पनि हो । सहकारी संस्थाहरुबाट हुने बचत तथा ऋणको कारोवारको आयतन बढ्दै गएकोले एक दिन नेपालका वित्तीय सहकारीहरुको नियमनको जिम्मा अन्य मुलुकहरुमा झै नेपाल राष्ट्र बैंकले लिनै पर्ने अवस्था आउने छ । वित्तीय कारोवार गर्ने सहकारीमा हुन सक्ने वित्तीय अपराध र जोखिम रोक्न एवं नगद विहिन कारोवारको प्रवर्द्धन गर्न पनि केन्द्रीय बैंकको नियमन आवश्यक हुन सक्दछ । यद्यपि, केन्द्रीय बैंकले नियमनको जिम्मा लिएको अवस्थामा पनि दक्षिण कोरिया, थाइल्याण्ड, युरोप, अमेरिका र क्यानडा जस्ता देशहरुमा प्रचलनमा रहे जस्तो प्रत्यायोजित अधिकार अन्तर्गत संस्थाहरुको सुपरीवेक्षण र प्रारम्भिक चरणको नियमन गर्ने अधिकार सहकारीको केन्द्रीय संघलाई दिने व्यवस्था मिलाउन सकिने हुन्छ । तर, सहकारी ऐन, २०७४ जारी गर्दा यी विषयहरुले कुनै महत्व पाएको छैन ।

सहकारी क्षेत्र केवल बचत तथा ऋणको कारोवार र कृषि पेशामा सिमित भयो भन्ने आरोप लगाइन्छ । सहकारी उत्पादन क्षेत्रमा गएन भन्ने आरोप व्यापक छ । अर्कोतिर उद्योग व्यवसाय गर्ने क्षेत्र सहकारीको लागि साँघुरो छ । उद्योग विभाग वा घरेलु तथा साना उद्योग विभागमा सहकारी उद्योग व्ययवसाय दर्ता गरिदैन । विद्यालय स्थापना गर्न सहकारीलाई निषेध नै गरिएको छ । विद्युत उत्पादन देखि वितरणका लागि सहकारीलाई प्रश्रय दिइएको छैन । आवाश सहकारीलाई आउन दिइएको छैन । पर्यटन उद्योग व्यवसायमा सहकारीलाई प्रवर्द्धन गरिएको छैन । सहकारी वीमा व्यवसायलाई निषेध गरिएको छ । सहकारीलाई अर्थतन्त्रको एउटा स्तम्भको रुपमा स्वीकार गरिसकेपछि यस्तो विभेदजन्य व्यवहार तर्फ नीति निर्माताहरुको गम्भिर ध्यान जान जरुरी थियो । सहकारी सम्बन्धी कानूनमा विभेदको अन्त्य गर्ने प्रावधान समावेश गरिएन र सहकारी माथि गरिएको विभेद दशकौ सम्म यथावत रहने सम्भावना देखियो । निजी क्षेत्रको लागि ग्राह्य कुनै पनि उद्योग व्यवसाय गर्न सहकारीलाई खुला गरिनु पर्दछ । यसरी विभेदको अन्त्य भएपछि मात्र सहकारी अर्थतन्त्रको विकास सम्भव छ । सहकारी ऐनले सहकारी उद्योग व्यवसायलाई निषेध गर्न नपाइने साथै समानताका आधारमा व्यवहार गर्नु पर्ने व्यवस्था गरी संविधानमा भएको व्यवस्थालाई कार्यान्वयनमा ल्याउन अत्तिनै आवश्यक थियो । तर, नयाँ ऐन जारी भएपछि पनि सहकारी अभियान विभेदकै अवस्थामा रहन वाध्य भयो । सहकारी संस्थाहरु भित्र गरिने आन्तरिक सुरक्षणका व्यवस्थाका लागि पनि अब त बीमा समितिको स्वीकृति लिनु पर्ने अवस्था सहकारी ऐनले सिर्जना गरेको छ । सदस्यहरुलाई सहकारी सम्बन्धी शिक्षा र व्यवस्थापन तथा कर्मचारीहरुलाई उपयुक्त तालिमको व्यवस्थालाई समेत प्रस्तावित कानूनले अनिवार्य गर्न आवश्यक थियो । सदस्यहरुमा सहकारीको बारेमा राम्रो ज्ञान नभएमा सहकारी शब्दको दुरुपयोग हुने सम्भावना रही रहन्छ । सदस्यहरुको प्रजातान्त्रिक नियन्त्रणका लागि सदस्यहरुमा सहकारीको स्वामित्व भएको आधारमा कसरी सक्रिय सहभागिता जनाउने साथै कसरी सहकारीबाट लाभ लिने भन्ने बारेमा व्यवहार उपयोगी शिक्षाको आवश्यकता छ । त्यसैगरी सहकारीको सञ्चालक समितिमा निर्वाचित भई आउने पदाधिकारीहरुलाई तत्कालै तालिमको व्यवस्था गरिएन भने सहकारीको

व्यावसायिक व्यवस्थापन (Professional Management) प्राय असम्भव हुन्छ । काम गर्ने प्रमुख व्यवस्थापकका साथै कर्मचारीहरुलाई समेत व्यवस्थापनका लागि आवश्यक अन्य सीपका अलावा सहकारीको सिद्धान्त र मूल्यहरुको व्यवहारिक प्रयोगका बारेमा व्यवहार उपयोगी शिक्षा र तालिमको आवश्यकता पर्दछ । यस्तो व्यवस्था कानूनी रुपमा बाध्यकारी बनाउने प्रचलन रहेको हुनाले यो कानूनमा शिक्षा र तालिमको प्रावधान राख्नु उचित हुन्थ्यो । सदस्यहरुलाई सहकारीको गतिविधिको बारेमा समय समयमा जानकारी पाउने अधिकारको रक्षा र प्रजातान्त्रिक नियन्त्रणको अवस्था कायम राख्न पनि कानूनमा न्यूनतम व्यवस्थाहरु गर्नु आवश्यक थियो । यस अन्तर्गत सदस्यहरुको अधिकांश शेयर स्वामित्व, सञ्चालक समितिको निर्वाचनमा उम्मेदवार बन्ने साथै स्वतन्त्र रुपमा मतदान गर्ने अधिकार तथा सदस्यहरुको विशेषाधिकारको व्यवस्थाहरु गरिनु पर्दथ्यो । सदस्यहरुको प्रजातान्त्रिक नियन्त्रणको रक्षाका लागि सहकारीमा हुने पूँजीगत संरचनामा बाह्य लगानीको सीमा समेत कानूनमा तोकिनु आवश्यक थियो । लगानीको आधारमा सरकारले सहकारीमा बढी नै हस्तक्षेप गर्ने गर्दछ । सहकारीको स्वायत्त र स्वतन्त्र चरित्र तथा सदस्यहरुको प्रजातान्त्रिक नियन्त्रणको मान्यतालाई संरक्षण गर्ने व्यवस्था पनि सहकारी ऐनमा हुन जरुरी हुन्छ । यसका लागि सरकारी लगानीका आधारमा बढीमा एक तिहाई सम्म बोर्ड सदस्य नेपाल सरकारले मनोनित गर्ने व्यवस्था ऐनमा राख्न सकिन्थ्यो । सहकारीमा लगानीको आधारमा नभई सदस्यताका आधारमा मतदानको अधिकार रहने र सरकारको नियन्त्रणले सहकारीको स्वतन्त्र विकास सम्भव नहुने भएकोले यस्तो प्रावधान जरुरी भएको हो । सरकारको प्रतिनिधित्वलाई व्यवस्थित गर्न पनि आवश्यक थियो । तर, सहकारी ऐनले सरकारको लगानी ५१ प्रशित हुनासाथ पर्याप्त हस्तक्षेपको गुञ्जायस सहितको अनपेक्षित प्रावधानहरु ऐनमा राखिएको छ ।

समस्याग्रस्त सहकारीको व्यवस्थापन सम्बन्धी ऐनमा भएको व्यवस्था राज्यमाथि असिमित दायित्व सिर्जना गर्ने र प्रत्येक समस्याग्रस्त सहकारीका लागि एक एक व्यवस्थापन समिति बनाउनु पर्ने प्राबधान अव्यवहारिक छ । त्यसैगरी कारोवारको आधारमा बाँडफाँड गर्न भनि लाभांशको २५ प्रतिशत संरक्षित पूँजी फिर्ता कोषमा राख्नु पर्ने अनिवार्य व्यवस्था प्रयोगमा ल्याउन नसकिने विषय हो । विश्व सहकारी अभियानले यसलाई सदस्यहरुको निर्णयमा ऐच्छिक छाडिदिएको छ । सहायक व्यवसाय स्थापना गर्न नसकिने, कम्पनी वा निजी फर्महरु खरिद गर्न नमिल्ने जस्ता प्रावधानहरुले पनि सहकारीको विकासलाई अवरोध गर्छ । कार्यक्षेत्रमा धैरै किसिमका बन्देज तथा सेवा केन्द्र स्थापना गर्न नपाइने व्यवस्थाहरुले सहकारीको स्वतन्त्र विकासमा अवरोध सिर्जना गर्ने निश्चित छ । विशिष्टिकृत संघको आवश्यकता छैन । यसले सहकारीको तहगत संघिय संरचनामा प्रतिकूल असर पार्ने छ । जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रबर्द्धन कोषमा राखिएका रकममा कर नलाग्ने व्यवस्था ज्यादै राम्रो हो । तर, यो व्यवस्थालाई वार्षिक रुपमा जारी गरिने आर्थिक ऐनले मान्यता नदिन पनि सक्दछ । सहकारीको प्रबर्द्धन र सहजिकरणका लागि राष्ट्रिय सहकारी विकास वोर्डको स्थापना गरिएको हो । यो वोर्ड छुट्टै कानूनबाट सञ्चालन हुन्छ । कानूनतः सहकारी विकास वोर्डको भूमिका नीति निर्माण, अध्ययन अनुसन्धान, प्रवर्द्धन र सहकारी उद्योग व्यवसायहरुलाई सरल र सहज पूँजिगत सहयोग उपलब्ध गराउनु हो । यसका लागि संगठन संरचना र जनशक्तिको व्यवस्था पनि गरिएको छ । सहकारी विभागले पनि प्रवर्द्धन र अनुदान वितरणको काम गरिरहेको छ । सहकारी ऐनले सहकारी प्रवर्द्धन र अनुदान वितरणको काममा राष्ट्रिय सहकारी विकास वोर्डलाई जिम्मेवार बनाउने र कार्यक्षेत्रको सिमांकन गर्न पनि आवश्यक थियो । सहकारी ऐनले सहकारी प्रवर्द्धन कोष मन्त्रालयमा रहने व्यवस्था गरेर यो कोषमाथि सरकारको अंकुश हालेको छ । सहकारी ऐनले राष्ट्रिय सहकारी विकास वोर्डको भूमिकालाई थप खुम्चाइदिएको छ ।

दफा ४० को उपदफा (४) ले साधारण सभा बस्न गणपुरक संख्या ५१ प्रतिशत तोकेको छ । यो व्यवस्था कार्यान्वयनमा ल्याउन जटिलता छ । असम्भव पनि छ । सात दिन भित्र अर्को सूचना प्रकाशन गरी साधारण सभा बोलाउनु पर्ने र त्यस्तो सभामा भने एक तिहाईको उपस्थिति भए गणपुरक संख्या पुगेको मानिने पुरक व्यवस्थाले थोरै राहत दिएको देखिन्छ । धैरै सदस्य संख्या भएका सहकारी संस्थाहरुको लागि यो प्रावधान प्रयोगमा ल्याउन नसकिने अवस्था आउन सक्दछ । त्यसैगरी २ हजार भन्दा बढी सदस्य हुने संस्थाले नगरको हकमा प्रत्येक वडामा र गाउपालिकाको हकमा प्रत्येक गाउँपालिकामा सोही दिन छुट्टाछुट्टै साधारण सभा राख्नु पर्ने व्यवस्था यही दफाको उपदफा (५) ले गरेको छ । साधारण सभालाई प्रतिनिधित्वमूलक गराउन सकिने ठाँउ ऐनमा कतै देखिदैन । यसरी सहकारीको साधारण सभालाई धैरै जटिल बनाइएको छ । सहकारीको विनियम र कार्यविधि संशोधन गर्न कूल सदस्यको ५० प्रतिशत सदस्यहरुले पारित गर्नु पर्ने व्यवस्था धैरे सदस्य रहेका सहकारीहरुको लागि कार्यान्वयनमा ल्याउनै नसकिने व्यवस्था हो । सहकारीको पूँजी बृद्धि गर्नु पऱ्यो भने पनि विनियम संशोधन गर्नु पर्ने वाध्यात्मक व्यवस्था गरिएको छ । यस्तो अवस्थामा सहकारी संस्थाहरुको विकास नै अवरुद्ध हुने अवस्था सिर्जना हुन सक्छ ।

सहकारीमा आवद्ध ठूलो जनसमूहको चाहना भनेको सहकारी व्यवसायमा जोखिमको अन्त्य होस, सदस्यहरुको सहकारीमा नियन्त्रण रहोस, सहकारी स्वायत्त र स्वतन्त्र रुपले सञ्चालनमा आउन सकुन, सहकारी अभियान सहकारीको सिद्धान्त र मूल्य अनुरुप अघि बढोस र सहकारी पद्धतिको व्यवसाय उपर सरकारको कुनै किसिमको विभेद र हस्तक्षेप नहोस भन्ने हो । संविधान प्रतिकूल सहकारी अर्थ व्यवस्थालाई ठाँउ ठाँउमा तगारो लगाउने र कर्मचारीतन्त्रको नियन्त्रणमा ल्याउने गरी हालै जारी गरिएको सहकारी ऐनमा तत्काल सुधारको आवश्यकता छ । वित्तीय सहकारी स्थापनामा सहजता र कमजोर नियमनका कारणले सहकारीमा समस्या आएको हो । अन्य कुनै कारणले सहकारीमा समस्या आएको हैन । बचत र ऋणको कारोवारको सहकारी संस्था दर्ता र इजाजत दिने कार्यलाई नै व्यवस्थित गर्न आवश्यक छ । अनिवार्य रुपमा बाह्य सुपरीवेक्षण (केन्द्रीय संघ मार्फत), बचत सुरक्षण कोष, स्थिरिकरण कोष, गुणस्तरिय लेखा परीक्षण, सहकारी संघ संस्थाका लेखा समितिको भूमिका र जवाफदेहिता एवं ठगी गर्नेलाई कडा कारवाही जस्ता आधारभूत व्यवस्थाहरु कानूनमा भयो भने सबै समस्याको समाधान हुने विश्वास लिन सकिन्छ । यो ऐनले अपराध भई सकेपछिको दण्डात्मक व्यवस्थाहरु नगरेको हैन । तर, सहकारीको गभर्नेन्सलाई प्रभावकारी बनाउने तर्फ यो ऐन चुकेको छ । स्थिरिकरण कोषको उपयोग अनुगमनको लागि किन गरिएन ? बचत सुरक्षणको व्यवस्था किन अनिवार्य भएन ? बचत तथा ऋण सहकारी संस्थाहरुलाई प्रदेश विषयगत संघ र नेफस्कुनको सदस्यता लिन किन अनिवार्य गरिएन ? संघहरुले गरिने अनुगमनलाई किन बैधानिक मान्यता दिने काम भएन ? यस्ता धैरै प्रश्नहरुको उत्तर

यो ऐनमा भेटिदैन । अति सफल मोडलका रुपमा सञ्चालनमा आईरहेका साना किसान सहकारी संस्थाहरु र यी संस्थाहरुको शेयर स्वामित्व रहेको साना किसान विकास बैंकको वर्तमान र भविष्य अन्धकारमा ढकेलिएको छ। नयाँ कानूनबाट सहकारीमा साझेदारीका सम्भावनाहरु समाप्त पारिएको छ । सर्वत्र सरकारी हस्तक्षेपका व्यवस्थाहरु राखिएको छ । सजायका व्यवस्थाहरुलाई मापदण्डमा आधारित बनाइएन भने रजिष्ट्रारको अधिकार प्रयोग गर्ने जो कोही सहकारी संघ संस्थाहरुको लागि निरंकुश शासक बन्ने छन् । ऐनमा भएका कतिपय व्यवस्थाहरु रजिष्ट्रारले प्रयोगमा ल्याउने सम्भावना नै देखिदैन । खासगरी अनुगमन व्यवस्थापन सहकारी विभागको काबु बाहिरको विषय बन्ने प्राय निश्चित छ ।

पहिले त सहकारी सम्बन्धी नीति तथा कानून र नियमन सम्बन्धी व्यवस्था गर्दा सहकारीको विश्वव्यापी मान्यता पाएको सहकारीका ६ वटा आधारभूत मूल्यहरु र ७ वटा सिद्धान्तहरुलाई आधार बनाइनु पर्दछ । कानून बनाउने सबै भन्दा पहिलो आधार नै यही हो। हाम्रो विद्यमान सहकारी ऐन, २०४८ यसैलाई आधार बनाइ निर्माण भएको थियो । अन्तर्राष्ट्रिय सहकारी महासंघ (International Cooperative Alliance) ले विश्व सहकारी अभियानलाई अभिभावकत्व दिदै आएको छ। यो महासंघले जारी गरेको सहकारीका ७ सिद्धान्तहरुको हालै प्रकाशित व्यवहार उपयोगी व्याख्या (Guidance Note) को अध्ययन पनि ऐन निर्माणको लागि मार्गदर्शक बन्नु आवश्यक थियो । महासंघले जारी गरेको Blueprint for a Cooperative Decade, Vision 2020 ले पनि सहकारीको भावि योजनाको खाका प्रस्ताव गरेको छ जसले कानून निर्माणलाई दिशा निर्देश गरेको थियो । खासगरी सहभागिता, पहिचान, दीगो विकास, कानूनी स्वरुप र पूँजी गरी ५ वटा क्षेत्रमा सहकारी अभियानले ठूलो फड्को मार्न खोजेको छ। यी ५ कार्य योजनाका क्षेत्रहरुलाई सरकारले नीति तथा कार्यक्रम तर्जुमा गर्दा प्रयाप्त ध्यान दिन आवश्यक हुन्छ। यो बाहेक अन्तर्राष्ट्रिय श्रम संगठनले सहकारीको लागि नमूना कानून प्रकाशमा ल्याएको छ। वित्तीय सहकारीका लागि वर्ल्ड क्रेडिट युनियन काउन्सिलले नमूना कानून प्रस्ताव गरेको छ। द. कोरिया, जापान, भारत, केन्या, क्यानडा जस्ता देशहरुको वित्तीय सहकारीको नियमन सम्बन्धी अभ्यासलाई आधार बनाउन सकिने अवसर पनि हामीलाई थियो। सन् १९९९ मा चिनको वेजिङमा सम्पन्न ९ औं अन्तर्राष्ट्रिय सहकारी महासंघ, एशिया प्याशिफिकका सहकारी मन्त्रिहरुको सम्मेलनबाट पारित गरिएको सामूहिक प्रतिबद्धता पनि कानून बनाउने आधार हुन् । सहकारीको अभ्यास र ज्ञानको दृष्टिकोणले नेपाल भित्र पनि स्वतन्त्र विचार दिन सक्ने व्यक्तिहरुको संख्या उल्लेख्य रहेको छ। नेपालका सहकारीका समस्या के हुन ? सबैभन्दा पहिले जारी भएको कानूनले सहकारी क्षेत्रका विद्यमान समस्याका कारणहरुलाई संबोधन गर्नु पर्दछ । यहाँ यिनै कारणहरुको विश्लेषण सहित नेपालको वास्तविकता तथा विश्वव्यापि रुपमा स्वीकार गरिएको सहकारीको सिद्धान्त र मूल्यहरु एवं राम्रा अभ्यासहरु अनुसरणका आधारमा समय सापेक्ष सहकारी मैत्री कानूनको निर्माण गरिनु पर्दथ्यो भन्ने लेखकको धारणा हो ।

# राष्ट्रिय सहकारी बैंकका सञ्चालक जि.सी. सम्मानित

*बागलुङ,*

साढे दुइ दशक सम्म सहकारी अभियानमा लागेर सहकारी क्षेत्रको प्रवर्द्धनमा योगदान गरेको भन्दै बागलुङको स्वाभिमान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले राष्ट्रिय सहकारी बैंक लिमिटेडका सञ्चालक रामबहादुर जिसीलाई सम्मान गरेको हो ।

संस्थाको असोज २८ गते आयोजित आठौ वार्षिक साधारणसभाको अवसरमा बैंकका सञ्चालक जिसीलाई संस्थाका तर्फबाट दोसल्ला ओढाई सम्मान पत्र सहित सम्मान गरिएको थियो । २०५० सालमा जिल्ला सहकारी संघ बागलुङको कर्मचारीका रुपमा सहकारी अभियानमा लागेर निरन्तर रुपमा सहकारी क्षेत्रको विकास, विस्तार र जनतालाई सहकारीप्रति आकर्षित गर्ने काममा लागेर योगदान गरेकोले सम्मान गरिएको संस्थाका सचिव सूर्यबहादुर महतले जानकारी दिनुभयो ।

स्वाभिमान बहुउद्देश्यीय सहकारी संस्था स्थापनादेखि हालसम्मको अवस्थामा आउनका लागि समेत जिसीले निरन्तर सहयोग, समन्वय र सहकार्य गर्दै आएको उहाँले बताउनु भयो । धौलागिरि क्षेत्रमा सहकारी अभियानलाई प्रभावकारी बनाउन निरन्तर लागेका जिसी जिल्ला सहकारी संघ बागलुङको निवर्तमान अध्यक्ष समेत रहनु भएको छ। धौलागिरिमा सहकारी मार्फत सञ्चार र स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन प्रमुख भूमिका खेल्दै आउनु भएका जिसीले सहकारीमार्फत आर्थिक विकास र सामाजिक रुपान्तरणमा महत्वपूर्ण योगदान पुऱ्याउदै आउनु भएको छ । साधारणसभाका अवसरमा जेष्ठ शेयर सदस्यहरु, उत्कृष्ट कारोबार गर्ने शेयर सदस्यहरुलाई सम्मान गरिएको थियो ।

# सहकारी बैंकले चार स्थानमा शाखा विस्तार गर्दै

*ललितपुर,*

राष्ट्रिय सहकारी बैंक लिमिटेडले आफ्ना सदस्य सहकारी संघ/संस्थालाई सेवा दिने उद्देश्यले चारवटा शाखा विस्तारको लागि स्वीकृती प्राप्त गरेको छ ।

बैंकले कात्तिक २१ गते नेपाल राष्ट्र बैंक तथा सहकारी विभागबाट सहमति र स्वीकृती लिई चार स्थानमा शाखा कार्यालय विस्तार गर्न लागेको हो । बैंकले धनकुटा जिल्लाको धनकुटा बजार, पाँचथर जिल्लाको फिदिम, सर्लाही जिल्लाको हरिवन र महोत्तरी जिल्लाको बर्दिवासमा शाखा संचालनमा ल्याउने तयारी गरेको छ ।

साथै बैंकका प्रबन्ध संचालक के.बी. उप्रेतीले अन्य स्थानमा समेत नयाँ शाखा विस्तार गर्न नेपाल राष्ट्र बैंक तथा सहकारी विभागबाट सहमति र स्वीकृती लिने तयारी भइरहेको बताउनु भयो ।

# सहकारीको वित्तीय व्यवस्थापनमा सहकारी बैंकको भूमिका



- प्रमोद कुमार घिमिरे
सहायक प्रबन्धक
राष्ट्रिय सहकारी बैंक लिमिटेड

सहकारी भन्ने वित्तिकै समान आर्थिक स्तर, इच्छा, रुचि र आवश्यकता भएका तथा एउटा निश्चित भौगोलिक सीमा भित्र बसोवास गर्ने वा समान प्रकृतिका कार्यमा संलग्न भएका मानिसहरुले आपसि हितका निम्ती आर्थिक कारोवार गर्न स्थापित गरिएको संस्था भन्ने बुभिन्छ । सहकारी अभियान सामाजिक न्याय, उत्पादकत्व वृद्धि, वैज्ञानिक प्रयोगका लागि राजनीतिक तथा आर्थिक, सामाजिक क्षेत्रमा लोकतान्त्रिक आर्थिक आधार सहितको व्यवस्थापन विधिबाट सञ्चालन गरिने व्यवसायिक संरचना हो । सहकारीमा लोकतन्त्रको अभ्यास, देशको आर्थिक तथा सामाजिक विकास, वातावरणको संरक्षण, ग्रामीण भेगमा दिगो र उत्पादक रोजगारीको सिर्जना, सामाजिक एकिकरण, सामाजिक मूल्य मान्यताको कदर, समान उद्देश्यको प्राप्ति, सामूहिक आवश्यकताको पूर्ति, प्रजातान्त्रिक नियन्त्रण, सामूहिक स्वामित्व लगायतका चरणहरुलाई आत्मसाथ गरिएको हुन्छ ।

सहकारीको माध्यमवाट स्थानीय साधनस्रोतहरुको यथोचित परिचालन गरी स्थानीय समुदायहरुलाई क्रियाशील र उद्यमी बनाउँदै राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउन सकिन्छ । यसर्थ सहकारीलाई आर्थिक विकासको संवाहक एवं आर्थिक समृद्धिको महत्वपूर्ण आधार स्तम्भको रुपमा लिइन्छ । समान उद्देश्य र हैसियत भएका व्यक्तिहरु स्वैच्छिक रुपमा मिलेर कार्य गर्न उत्प्रेरित भई स्थापना र संचालन भएको संगठनलाई सहकारी संगठन हो । जसमा खुला सदस्यता, सदस्यहरुद्धारा प्रजातान्त्रिक नियन्त्रण, स्वायत्तता र स्वतन्त्रता, पारस्परिक सहयोग एकको लागि सबै र सबैको लागि एक, आपसी सहयोगवाट आफ्नै सहयोग जस्ता सिद्धान्तहरु विद्यमान हुन्छन् । यहाँ स्पस्ट हुनु पर्ने कुरा के छ भने यस्ता संस्थाको प्रमुख उद्देश्य नाफा आर्जन गर्नु नभई सेवा गर्नु हो । तसर्थ एकल, साझेदारी तथा संयुक्त पूँजी कम्पनी भन्दा यो संगठन फरक उद्देश्यका लागि स्थापना र संचालन गरिन्छ । तसर्थ सहकारी संगठन आर्थिक साधन कम भएका समान उद्देश्य भएका व्यक्तिहरु सामुहिक र संगठित रुपमा एक भई स्वेच्छापूर्वक स्वतन्त्रताको आधारमा एकआपसमा मिलेर आफ्नो सम्मुन्नतीका लागि प्रयास गर्दछन् । सहकारी वित्तीय पहुँच र साक्षरता विस्तार तथा उद्यमशीलता विकास गर्ने संस्था हुन् । विपन्न ग्रामीण र पिछडिएका क्षेत्रको आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणका लागि सहकारी सशक्त माध्यमको साथै अर्थतन्त्रको प्रमुख आधार स्तम्भको रुपमा रहेको छ । सहकारीका क्रियाकलापहरु नाफामुखी नभई सेवामुखी हुनु पर्दछ जुन यसको मूल मर्म नै हो ।

सहकारी बैंक मुलुकमा छरिएर रहेका पूँजी, शीप साधनलाई एकिकृत रुपमा परिचालन गरी उत्पादनशील क्षेत्रमा लगानी गर्ने सहकारी संघ/संस्थाहरुलाई थोक कर्जाको रुपमा वित्तीय साधन तथा अन्य सेवा तथा सुविधाहरु उपलब्ध गराई सहकारी ऐन, २०४८ बमोजिम राष्ट्रिय स्तरको सहकारी क्षेत्रको एक मात्र बैंक हो । यस बैंकले आफ्ना शेयर सदस्य संस्थाहरुलाई लगातार १४ प्रतिशत लाभांश वितरण गर्न सफल भएको छ । मुलुकमा ३४ हजार सहकारी संघ/स्थापना भई सकेको सन्दर्भमा राष्ट्रभरी स्थापना भएका सम्पूर्ण सहकारीहरुलाई बैंकिङ्ग सेवा दिने उद्देश्यले हाल सम्म ३८ वटा शाखाहरु स्थापना भैसककेका छन् । बैंकले शाखाहरुको विस्तार सँगै सदस्य संघ संस्थाहरुको सहभागितामा वृद्धि गराएको छ । सहकारीमा लघुवित्त कार्यक्रम संचालनका लागि युवा स्वरोजगार कोष र विभिन्न बैंक तथा वित्तीय संघ/संस्थाहरु सँग समन्वय समेत गरेको छ । साथै, विभिन्न जिल्लामा साधारण सभा, भेला तथा गोष्ठीहरु सम्पन्न गर्दै आईरहेको छ भने ७५ वटै जिल्लाका ९ हजार भन्दा बढी सहकारी संघ संस्थाहरुले यसको सदस्यता लिइसकेका छन् । राष्ट्रिय सहकारी बैंकले गरीव तथा विपन्न घर परिवारका सदस्यहरुको स्थानीय सीप, श्रम र पूँजीको पहिचान गरी रोजगारमूलक तथा आयवृद्धिमूलक व्यवशाय संचालनका लागि सहकारी संघ/संस्थाहरु मार्फत पूँजी परिचालन गरिरहेको छ । बेरोजगार दलित, मधेसी, आदीवासी जनजाती, महिला तथा सिमान्त साना किसान तथा विपन्न परिवारलाई कृषि व्यवसाय, पराम्परागत सीपमा आधारित व्यवसाय प्रवर्द्धन, साना उद्यम तथा सेवा व्यवसाय सञ्चालन गर्न उनीहरुको सीप, दक्षता र क्षमतामा अभिबृद्धि गरी स्व:रोजगार मूलक व्यवसाय सञ्चालन गर्न सहकारी संघ/संस्थाहरुलाई आवश्यक पूँजी उपलब्ध गराई उद्यम व्यवसाय प्रवर्द्धनका माध्यमबाट देशमा रोजगारीको अवसरको सिर्जना तथा आयबृद्धि गर्ने कार्यमा महत्वपूर्ण भुमिका खेलिरहेको छ । साथै, ग्रामीण भेगका व्यक्ति तथा समुदायहरुमा आफ्नो सेवाको पहुँच विस्तार गरी गरिबी निवारण गर्ने राष्ट्रिय अभियानमा अझ ठोस योगदान पुऱ्याउने लक्ष्य रहेको छ ।

यस बैंकले सहकारी अर्थव्यवस्थाको विकास, प्रवर्द्धन र उन्नतिमा प्रभावकारी भुमिका खेलिरहेको परिप्रेक्षमा अझ गुणात्मक रुपले आफ्नो सेवा विस्तार गर्न, आधुनिक बैंकिङ्ग सेवा प्रदान गर्न, माग बमोजिमको सेवा विस्तार गर्न, लघु उद्यमी तथा विपन्न वर्गहरुलाई शिपमूलक एवम् आयमुलक व्यवसाय संचालनको लागि सुलभ दरमा ऋण सेवा प्रदान गर्न, स्थानीयस्तरमा छरिएर रहेको पूँजीलाई एकत्रित गरी प्रभावकारी पूँजी परिचालनको माध्यमबाट व्यक्ति तथा समुदायहरुको आर्थिक एवम् सामाजिक विकासमा भुमिका खेल्न, गरिवी निवारण गर्न र समग्र सहकारी अर्थव्यवस्थालाई व्यवस्थित र सबैमा पहुँच योग्य बनाउन अझ प्रभावकारी रुपले बैंकले आफ्ना सेवाहरु प्रवाह गर्नु पर्नेछ । वाणिज्य बैंक तथा अन्य वित्तीय संस्थाहरुले विशेषगरी ठूला उद्योग तथा औद्योगिक क्षेत्रमा मात्र लागानीलाई प्राथमिकता दिने हुनाले ग्रामीण एवं साना उद्योगहरुको लागानीमा सहकारी संघ/संस्थाहरुमात्र उपयुक्त हुने भएको हुँदा सहकारीको महत्व दिन प्रति दिन बढ्दै गएको छ । स्थानीयस्तरका जनता, विशेष गरेर आर्थिक, सामाजिक रुपमा पछाडी परेका/पारिएका व्यक्ति तथा समुदायहरुको आवश्यकता, समस्या, तिनका सम्भाव्यता र उर्जासमेत आँकलन गरी विपन्नतामा बाँच्नुपर्ने अन्तरनिहित कारण वारे विश्लेषण गरी समाधान पहिल्याई तद्अनुसार कार्यक्रम संचालन गर्नु आजको आवश्यकता हो। सहकारी संस्थाहरुले न्युन आय, आर्थिक, सामाजिक तथा भौगोलिक कारणबाट जोखिमोन्मुख वर्गका व्यक्ति तथा समुदायहरुलाई लक्षित गरी आफ्ना सदस्यहरुलाई विभिन्न शिर्षकहरुमा यस बैंकबाट उपभोग गरेको वित्तीय सेवा मार्फत कर्जा प्रदान गर्दै आएको छ ।

यस बैंकमा आवद्ध सदस्य सहकारी संघ/सस्थाहरुलाई थोक कर्जा उपलब्ध गराई तिनीहरुको वित्तीय आवश्यकतालाई पुरा गराउन र अन्य बैंक तथा वित्तीय संस्थाहरुले सहकारी संघ/संस्थाहरुलाई कर्जा लगानी नगर्ने भएका कारणले सो सेवा प्रदान गर्न सक्षम भएको छ । सहकारी संघ/संस्थालाई कृषि, उद्योग, सेवा, व्यापार, अन्य व्यवसायिक

कार्यको लागि चालु पूँजी उपलब्ध गराउने, सामुहिक प्रयासको माध्यमबाट कृषि विकास, घरेलु उद्यमको विकास, व्यवसाय संचालनार्थ, उद्योगधन्दाहरुको प्रवर्द्धन एवं सामुदायिक सेवाहरुको विस्तार र विकासमा सघाउ पुऱ्याउन सहकारी संघ/संस्थालाई थोक कर्जा प्रवाह गर्दै आइरहेको छ । नेपालको सहकारी क्षेत्रको विकास, प्रवर्द्धन, वित्तीय आवश्यकता परिपूर्तिको लागि स्थापित राष्ट्रिय सहकारी बैंक स्थापनाको १५ वर्ष पुग्दा समेत हासम्म पनि सहकारी बैंक ऐन तर्जुमा भएको छैन। बैंकले ७५ वटै जिल्लाका सहकारी संघ संस्थाहरुलाई सदस्यता प्रदान गरी आफ्नो कारावार बढाउदै लगेकोले सहकारी क्षेत्रको वित्तीय कारोवारलाई व्यवस्थित गर्न छुट्टै सहकारी बैंक सम्बन्धी कानूनको निर्माण वा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन संशोधन गरेर भएपनि नेपालको सहकारी क्षेत्रको एकमात्र बैंक वारे स्पष्ट प्रावधानहरु राखिनु आवश्यक देखिन्छ । साच्चै भन्ने हो भने सहकारीहरुको कारोवार सहकारीकै पद्धतिबाट संचालन हुने भएकोले पनि सहकारी बैंक ऐनको आवश्यकता महसुस गरिएको हो । यस तर्फ सहकारी विभाग, सहकारी बैंक तथा नेपाल राष्ट्र बैंकले प्रभावकारी पहल गर्नुपर्ने देखिन्छ । त्यसैगरी सहकारी बैंकले नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोवार गर्ने गरी अनुमति प्राप्त गरि संचालित छ । यस बैंकमा ७५ वटै जिल्लाका सहकारी संघ संस्थाहरु शेयर सदस्यको रुपमा आवद्ध छन् । हालसम्म बैंकले ३८ वटा शाखाहरुबाट आफ्नो सेवा विस्तार गरिहेको छ र करीब ६ वटा नयाँ थप शाखा संचालन गर्ने प्रक्रियामा रहेको छ । तर नेपाल राष्ट्र बैंकबाट पूर्ण रुपमा बैंकिङ्ग कारोवारको स्वीकृति नपाएको कारण आवद्ध सदस्यहरुलाई सम्पूर्ण आधुनिक बैंकिङ्ग कारोवार संचालन गर्न नसकेको अवस्था रहेको महसुस गर्न सकिन्छ। त्यसैगरी पर्याप्त सहुलियत दरको पूँजीको अभावमा सहकारी संघ संस्थाहरुको माग अनुसारका लगानी एवं सेवा विस्तार गर्न र नेपाल राष्ट्र बैंकको भविष्यमा हुने पूँजी सम्बन्धी शर्त पुरा गर्न असहज हुने समस्या विद्यमान रहेकोले सरकारी तथा सम्वद्ध पक्षबाट बैंकको सम्बन्धमा ध्यान दिनुपर्ने देखिन्छ ।

यस बैंकले आफ्ना सदस्य तथा संभावित सदस्यहरुलाई विभिन्न प्रकारका नियमित निक्षेपको साथै समयानुकुल निक्षेपका स्किमहरुको अतिरिक्त आधुनिक प्रविधि मार्फत बैकिङ्ग सेवा प्रवाह गरिरहेको सन्दर्भमा कर्जा सेवामा समेत विविधिकरण ल्याई शहरी क्षेत्रमा मात्र सिमित नभई ग्रामीण भेगमा संचालित साना-साना सहकारीहरुलाई समेत कर्जा लगानी पूर्व विभिन्न प्रशिक्षण र तालिमहरु प्रदान गरी प्रभावकारी कर्जा विश्लेषण, संस्थागत सुशासन, अनुगमन प्रणालीको विकास, आर्थिक अनुशासन, काम कर्तव्य तथा अधिकार लगायत अन्य प्रचलित तालिम तथा शिक्षाका कार्यक्रमहरु संचालन गरिरहेको छ । त्यसैगरी यस बैंकले कृषि तथा कृषिजन्य परियोजना कर्जा, पशुपालन कर्जा, स्वरोजगारमूलक कर्जा, तरलता व्यवस्थापन कर्जा, हायरपर्चेज कर्जा (मार्जिन कम्तिमा ३० प्रतिशत), लघु कर्जा, चालुपूँजी कर्जा, घरघडेरी खरिद तथा निर्माण कर्जा (स्वःलगानी कम्तिमा ३५ प्रतिशत हुनुपर्ने र संघ संस्थाको आफ्नै प्रयोजनको लागि घर निर्माण तथा खरिदका लागि कर्जा माग गरेमा प्रकाशित ब्याजदरमा ०.५ प्रतिशतसम्म छुट प्रदान गर्न सक्ने) र निक्षेप कर्जा उपलब्ध गराउँदै आइरहेको छ । साथै, अल्पकालिन र दिर्घकालिन परियोजनाहरु जस्तै लघु जलबिद्युत, सिंचाई, संचार, पर्यटन, उद्योग, कृषि लगायत स्वास्थ्य सेवामा समेत आफ्नो वित्तीय पहुँच पुऱ्याएको छ । यस प्रकारको कर्जा लगायत अन्य सम्पूर्ण कर्जा सेवा भित्र पनि विभिन्न स्किम अर्न्तगत महिला, दलित र अपाङ्गद्वारा मात्र संचालित सहकारीहरुलाई पूँजीवृद्धि स्किम वमोजिम सवै सुबिधा प्रदान गरिरहेको छ ।

**यस बैंकको २०७४ आषाढ मसान्त सम्मको ऋण लगानीको अवस्था :**

| | | | |
|---|---|---|---|
| कृषि कर्जा | ६११,७७१,७०१।३३ | व्यापारिक कर्जा | ६,०१०,२८६,४०५ ।५२ |
| औद्योगिक कर्जा | ११,१०५,४७१।११ | लघुवित्त कर्जा | १,५७८,१०७,४०३।७१ |
| शैक्षिक कर्जा | ८,४३७,१८३।४५ | घरजग्गा कर्जा | २८२,७६४,२५३।१२ |
| हायरपर्चेज कर्जा | २३,८०६,३६०।१० | मुद्दति रसिद धितो कर्जा | ५७,३५०,०००।०० |
| कर्मचारी कर्जा | ७१,६३०,४००।६७ | अन्य कर्जा | २६१,६११,१११।१२ |
| | | **जम्मा** | १,००५,७५१,१८७।८१ |

## CICTAB को तालिम कार्यक्रममा बैंकको सहभागिता

*भक्तपुर,*

CICTAB Pune को सहयोगमा नेपालमा आवद्ध भएका आठ वटा सदस्य संस्थाहरु नेपाल राष्ट्र बैंक, कृषि विकास बैंक, राष्ट्रिय वाणिज्य बैंक, सहकारी विकास बोर्ड, राष्ट्रिय सहकारी बैंक लिमिटेड, साना किसान बैंक, नेपाल बचत तथा ऋण सहकारी संघ र कृषि सहकारी केन्द्रिय संघको आयोजनामा "Development of Rural Financing Institution and Cooperatives" विषयक ५ दिने तालिम कार्यक्रम भदौ २९ गते बोडे स्थित कृषि विकास बैंक लिमिटेडको केन्द्रीय तालिम केन्द्रमा सम्पन्न भयो ।

नेपाल राष्ट्र बैंकका गर्भनर डा. चिरञ्जीवी नेपालको प्रमुख आतिथ्यता, कृषि विकास बैंकका प्रमुख कार्यकारी अधिकृत लिला प्रकाश सिटौलाको अध्यक्षतामा, CICTAB Pune का सल्लाहाकार डा. डी. रविको विशिष्ट आथित्यतामा, राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरन कुमार श्रेष्ठ, सहकारी विकास बोर्डका सदस्य सचिव प्रशन्न कुमार कोइराला, राष्ट्रिय सहकारी बैंकका प्रबन्ध संचालक के.बी. उप्रेती, साना किसान बैंकका प्रमुख कार्यकारी अधिकृत शिवराम कोइराला, नेपाल बचत तथा ऋण सहकारी संघका अध्यक्ष डी.वी. बस्नेत र नेपाल कृषि सहकारी केन्द्रिय संघका अध्यक्ष खेम पाठक लगायतको आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो ।



सो कार्यक्रमको स्वागत मन्तव्य राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरन कुमार श्रेष्ठले गर्नुभएको थियो भने तालिमको महत्व र उद्देश्यका बारेमा CICTAB Pune का सल्लाहाकार डा. डी. रविले बताउनु भएको थियो । तालिममा बैंकका कर्मचारी युवराज त्रिपाठी र उषा आचार्यले सहभागिता जनाउनु भएको छ ।

# अन्तर बैंक भुक्तानी प्रणाली



नवराज उपाध्याय
प्रबन्धक
राष्ट्रिय सहकारी बैंक लिमिटेड

कुनै पनि बैंक तथा वित्तीय संस्थाको खातामा रहेको रकम अर्को वित्तीय संस्थाको खातामा ट्रान्सफर गर्ने पद्धतीलाई IPS भनिन्छ। यसलाई वित्तीय संस्थाको बैंकल्पीक कार्यको रुपमा नै मुख्य कार्य (Core Function) को रुपमा लिनु पर्दछ । कागजातको आधारमा हुने भुक्तानी प्रक्रियालाई सोझै खाता डेविट र क्रेडिट गर्ने Instruments बाट पूरा गरिन्छ । बैंकले IPS सेवा संचालनका लागि नेपाल क्लियरिङ हाउस सँग सम्झौता गरेको छ ।

**मुख्य विशेषताहरु:**

- धेरै कारोवारहरु वास्तविक समय (Real Time) भित्र सम्पन्न हुन्छ ।
- कारोवारको अन्तिम हिसाव मिलाउन NRB मार्फत हुन्छ ।
- एकल वा धेरै संस्था (Bulk) को कारोवार फरक फरक पद्धति बाट हुने गर्दछ । Bulk Transaction भन्नाले तलब वितरण, पेन्सन वितरण जस्ता धेरै संख्याको स-साना रकम आदि ।
- इन्टरनेट तथा मोबाइल बैंकिङ्ग जस्ता अन्य कारोवारहरुलाई यस पद्धतिमा जोड्न सकिनेछ ।
- आफै कार्यालयबाट आफ्नो खाताको रकम पठाउन र आफ्नो खातामा जम्मा गराउन सकिन्छ ।
- यस पद्धतिमा इमेल मार्फत कारोवार गर्न सकिन्छ । हाल नेपाल सरकारले नगद कारोवारको लागि जारी गरेको निर्देशनमा रु.१० लाख वा सो भन्दा बढिको कुनै बस्तु वा सेवा खरीद गर्दा नगदमा नगरी बैंक खाता मार्फत गर्ने व्यवस्था भएकोले यस परिपेक्षमा IPS पद्धति लाभदायी र उपयुक्त हुने देखिन्छ । सहकारी संघ/संस्थाले राष्ट्रिय सहकारी बैंक लिमिटेडले संचालन गरेको NCHL-IPS बाट आफ्ना रकमहरु देशका जुनसुकै बैंकमा पठाउन र खातामा संकलन गर्न सक्दछ ।

**NCHL-IPS सेवा प्रयोग गर्दा संस्थालाई हुने लाभहरु:**

१. ईमेल हुने संस्थाले रकम ट्रान्सफर गराउन हरेक पटक बैंकको कार्यालयमा आई रहनु नपर्ने भएकोले बाटोमा लाग्ने समयको बचत हुने ।

२. संस्थाले हालको अव्यवस्थित यातायात व्यवस्थाको समस्या भोग्नु नपर्ने ।

३. संस्थाले आफुलाई आवश्यक पर्ने रकम आफ्नै ठाँउमा रहेको कुनै पनि बैंकखातामा जम्मा गराई आफ्नै चेकबाट नगद झिक्न पाउने ।

४. संस्थाले कुनै पनि बैंक मार्फत सहकारी बैंकमा रहेको खातामा सोही दिन देखि व्याज पाउने गरी रकम जम्मा गर्न सक्ने ।

५. संस्था संचालनका लागि धेरै बैंकहरुमा खोलिएका खाताहरुमा रहेको न्यूनत्तम मौज्दात रकम तरलतामा गणना हुने तर सो रकम भुक्तानीका लागि चलाउन योग्य नहुने भएकोले बढि रकम अधिकत्तम व्याज पाउने गरी सहकारी बैंकमा जम्मा गर्न पाउने । सहकारी बैंकको खाताबाट भुक्तानी दिनु पर्ने रकम सोही व्यक्तिको नाममा कुनै पनि बैक खातामा पठाउन सक्ने ।

६. संस्थाले ट्रान्सफर गराउन चाहेको रकम संस्थाको खाताबाट ट्रान्सफर हुनासाथ बैंकको SMS सुविधा मार्फत मोबाईलबाट जानकारी लिन सक्ने ।

७. Internet banking सेवा मार्फत बचत खाताको Transaction हेर्न र सोको Statement प्रिन्ट गर्न मिल्ने ।

८. संस्थाले लगानी गरेको रकमको साँवाव्याजको किस्ता ऋणी सदस्यले जुनसुकै बैंकबाट सहकारी बैंकमा रहेको खातामा जम्मा गराउन सक्ने । त्यसै गरी संस्थाले पनि बैंकबाट लिएको कर्जाको साँवा व्याजको किस्तारकम जुनसुकै ठाँउको बैंक खाताबाट सहकारी बैंकको ऋण हिसाबमा जम्मा गर्न पाउने।

सहकारी संस्थाले सहकारी बैंकमा रहेको आफ्नो खातामा रकम जम्मा गराउनु परेमा संस्थाले कुनै बैंक तथा वित्तीय संस्थामा भौचर भर्दा सहकारी बैंकको खाता नम्बरमा COP NCB 0666 उल्लेख गर्नु पर्नेछ ।

NCHL- IPS सेवा लिनका लागि संस्थाले सहकारी बैंकसंग सम्झौता गर्नु पर्नेछ सोको लागि आवश्यक पर्ने कागजातहरु :

**NCHL- IPS सेवा लिनका लागि पेश गर्नु पर्ने कागजातहरु :**

१. संस्था दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी

२. पारित विनियमको प्रतिलिपी

३. स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपी

४. खाता संचालन गर्ने व्यक्तिहरुको नागरिकताको प्रमाणित प्रतिलिपि र हालसालैको १/१ प्रति फोटो

५. संघ/संस्थाको सदस्य पहिचान फारम

६. संचालक समितिको IPS सेवाका लागि प्रयोग हुने ईमेल नम्बर र सो ईमेल मार्फत पठाईएको पत्रको आधारमा खाता डेबीट गर्ने स्विकृती, IPS कारोवार गरिने खाता नम्बर, सम्झौता गर्न र साक्षी बस्न अख्तियारी प्राप्त व्यक्ती, खाता संचालनका लागि दस्तखत गर्नेको नाम तथा SMS, Ebanking सेवा लिनका लागि तोकिएको आधिकारीक मोबाईल नम्बर उल्लेख गरिएको संचालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि ।

**सहकारी संघ/संस्थाले IPS सेवा लिनका लागि आवश्यक पर्ने मापदण्ड**

१. यस बैंकको सदस्यता लिएको हुनुपर्ने ।

२. यस बैंकमा खाता खोली न्यूनत्तम रकमका साथै कारोवार गर्न चाहिने रकम मौज्दात राखेको हुनुपर्ने ।

३. सहकारी संघ/संस्थाले इन्टरनेट जडान गरी E-mail Address बनाएको हुनुपर्ने ।

४. Email नहुने संस्था पनि यस कारोवारमा सहभागी हुन पाईने ।

### यो सेवा प्रयोग गर्ने विधि /तरीका

- संस्थाको कुनै सदस्यले आफ्नो बचत खाताको रकम अन्य बैंकमा रहेको खातामा ट्रान्सफर गराउन चाहेमा सदस्यले निवेदन दिनु पर्नेछ । संस्थालाई स्विकार हुने निवेदनको ढाँचा वा फर्म संस्थाले आफै बनाउन सक्नेछ ।
- निवेदन प्राप्त गर्नासाथ सदस्यको बचत खाता डेबिट गरी सहकारी बैंकले तोके वमोजिमको फारम भरी संस्थाको ईमेलबाट सहकारी बैंकमा पठाउनु पर्नेछ ।
- ईमेल पठाईएको फारम र चेकको सक्कल कपी १५ दिन भित्र बैंकमा पेश गर्नु पर्नेछ । चेक प्राप्त भए नभएको यकिन गरी प्राप्त नभएको भए बैंकले मगाई राख्नु पर्नेछ ।
- संस्थाले रकम पठाउने सदस्यको पूर्ण परिचय खुल्ने प्रमाणपत्र लिई कारोवारको भौचरहरु ५ बर्ष सम्म सुरक्षित साथ राख्नु पर्नेछ ।

### सुरक्षाका लागि अबलम्बन गरिने प्रकृयाहरुः

### संस्थाको तर्फबाटः

IPS कारोबार सुरक्षित तवरले संचालन गर्नका लागि निम्न उपायहरु अबलम्बन गरिनु पर्ने

१. संस्थाले सहकारी बैंकले तोके वमोजिमको फारम भरी रकम ट्रान्सफरका लागि अनुरोध गरी पठाउँदा रकम पाउनेको नाम, बैकको नाम ठेगाना, खाता नम्बर र रकम लगायतको विवरण पाउने खातावालाको नाम, खाता रहेको बैंकको नाम, शाखा र खाता नम्बर अंग्रेजी र नेपालीमा गल्ती नहुने गरी बुझीने गरी भर्नु पर्ने ।

२. संस्थाले आफनो ािभततभच उबम मा NCBLको नमुना बमोजिम फारम भर्ने ।

३. IPS कारोबारको फारमका खाता संचालकको दुई आधिकारीक व्यक्तिको हस्ताक्षर अनिवार्य रुपले मिल्ने गरी उल्लेख हुनु पर्ने ।

४. Email नहुने संस्थाको हकमा सक्कलै चेक र फारम बैंकमा पेश गर्नु पर्ने ।

६. संस्थाले बैंकबाट तअक सुविधा समेत लिनु पर्ने ।

७. संस्थाको खाता खर्च हुनासाथ संस्थाले तोकेको मोबाईल मार्फत खाता खर्च भएको जानकारी हुने ।

# शाखा कार्यालय बनेपा स्थानान्तरण तथा अन्तरक्रिया कार्यक्रम

*बनेपा,*



राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजनामा काभ्रेको बनेपामा शाखा स्थानान्तरण तथा सदस्य सहकारी संघ संस्थाहरुबीच अन्तरक्रिया कार्यक्रम कात्तिक ११ गते सम्पन्न भएको छ । बैंकको बनेपा शाखा बनेपा नगरपालिका वडा नं. १० बाट वडा नं. ७ चारदोवाटो चोकमा स्थानान्तरण गरिएको छ । कार्यक्रममा सहभागी सहकारीकर्मीहरुले सिन्धुपाल्चोक र काभ्रेमा भुकम्पबाट पीडित बनेकाहरुको पुनस्थापनाका लागि सहकारी बैक मार्फत सहयोगको अपेक्षा गरेका छन् । कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका अध्यक्ष रमेश प्रसाद पोखरेलले सहकारी बैंकले सदस्यलाई सिधै लगानी गर्न नपाउने भएकाले सहकारीहरुले योजना बनाएर आएमा लगानी गर्न सकिने भन्दै त्यसका लागि सहकारी संघ संस्थाहरुको क्रियाशिलता र समन्वय आवश्यक रहने बताउनुभयो ।

कार्यक्रममा बैंकको वित्तीय अवस्था र आगामी कार्ययोजनाका बारेमा जानकारी गराउँदै बैंकका प्रवन्ध सञ्चालक के.बी. उप्रेतीले सहकारीको माध्यमबाट जनताको आयस्तर माथि उठाउन, उनीहरुलाई पर्ने समस्याको समाधानका लागि बैंक सदैव तत्पर रहेको र त्यसका लागि सदस्य संस्थाहरुसंग समन्वय गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो । कार्यक्रम बैंकका अध्यक्ष रमेशप्रसाद पोखरेलको अध्यक्षता, सञ्चालक ज्ञानबहादुर तामाङको सञ्चालन र बैंकको बनेपा शाखाका प्रमुख सिद्धिकुमार श्रेष्ठको स्वागतमा सम्पन्न भएको थियो । काभ्रे र सिन्धुपाल्चोक जिल्लाका ६० वटा विभिन्न सहकारी संघ संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको अन्तरक्रियामा बैंकको वर्तमान अवस्था र आगामी लक्ष्यका बारेमा जानकारी गराइएको थियो ।

राष्ट्रिय सहकारी बैंक लिमिटेडको

**१४ औ वार्षिक साधारणसभा सम्बन्धी सूचना**

यस बैंकको मिति २०७४/०७/१० गतेको निर्णयानुसार चौधौं वार्षिक साधारणसभमा उल्लेखित विषयहरुमा छलफल गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा यस बैंकका सम्पूर्ण सदस्य संघ/संस्थाहरुका प्रतिनिधि महानुभावहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**साधारण सभाका विषयहरु :**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन सम्बन्धमा,
२. बैंकका प्रबन्ध संचालकको तर्फबाट प्रस्तुत गरिने प्रगति प्रतिवेदन सम्बन्धमा,
३. लेखा समितिको प्रतिवेदन सम्बन्धमा,
४. आ.व. २०७३/०७४ को लेखा परिक्षण प्रतिवेदन सम्बन्धमा,
५. आ.व. २०७४/०७५ को प्रस्तावित बजेट तथा कार्यक्रम सम्बन्धमा,
६. लाभांश वितरण सम्बन्धमा,
७. विनियम संसोधन सम्बन्धमा,
८. नियमावलीहरु संसोधन सम्बन्धमा,
९. आ.व.२०७४/०७५ को लागि लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा,
१०. साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न संचालक समिति तथा सदस्यहरुको तर्फबाट प्रतिनिधि तोक्ने सम्बन्धमा,
११. विविध ।

**कार्यक्रम :**

**मिति : २०७४/०९/०६ गते बिहिवार ।**
**समय : बिहान ८:०० बजे ।**
**स्थान : भृकुटीमण्डप परिसर, प्रदर्शनीमार्ग, काठमाडौं ।**

**साधारणसभा सम्बन्धी अन्य आवश्यक जानकारीहरु :**

- साधारणसभामा भाग लिन आउने प्रतिनिधिहरुले आ-आफ्नो संघ/संस्थाबाट प्रतिनिधि मनोनयन भएको आधिकारिक पत्र र आफ्नो परिचय खुल्ने परिचयपत्र लिएर आउनु पर्नेछ ।
- एक व्यक्ति एक संघ/संस्थाको मात्र प्रतिनिधि हुन पाईने छ ।
- साधारण सभामा भाग लिन आउने प्रतिनिधिहरुको आवास तथा यातायात खर्च सम्बन्धित संघ/संस्था आफैंले व्यवस्था गर्नुपर्नेछ । सभा हुने दिनको बिहानको चिया खाजा र दिउँसोको खानाको व्यवस्था बैंकले सभा स्थलमा नै गर्नेछ ।

**थप जानकारीका लागि बैंकको वेवसाइट, facebook page र केन्द्रीय कार्यालय कुपण्डोल तथा यस बैंकको निम्न शाखा कार्यालयहरुमा सम्पर्क गर्नुहुन अनुरोध छ ।**

शाखा कार्यालयहरुः- मुख्य शाखा कुपण्डोल ०१-५१८०२६३, नयाँ बानेश्वर ०१-४४६१९०७, चावहिल ०१-४४७५४७५, गोंगबु ०१-४३६४६३४, कलंकी ०१-४२८४३९९, न्यूरोड ०१-४२१६०२२, लगनखेल ०१-५५२९८७९, चापागाउँ ०१-५५७४५८४, ठिमी ०१-५०९३०१८, ईलाम ०२७-५२१९२४, विर्तामोड ०२३-५४०६३३, दमक ०२३-५८५४३१, उर्लाबारी ०२१-५४१८६५, ईटहरी ०२५-५८७७६७, विराटनगर ०२१-४७०१५३, धरान ०२५-५२५४७९, राजविराज ०३१-५२३६९९, जनकपुर ०४१-५३०२०९, लाहान सिरहा ०३३-५६२२३३, चन्द्रनिगाहपुर रौतहट ०५५-५४०२८६, सिन्धुली ०४७-५२०६४५, सिमरा ०५३-५२१०३८, विरगंज ०५१-५२१११९, दोलखा ०४९-४२१८७३, बनेपा ०११-६६१०६३, नुवाकोट ०१०-५६०९६६, हेटौडा ०५७-५२६९५५, तनहुँ ०६५-५६२२५२, पोखरा ०६१-५३९४०४, स्याङ्जा ०६३-४४०६३३, बागलुङ ०६८-५२२५२९, बुटवल ०७१-५४०८०४, दाङ ०८२-५६१९९७, कोहलपुर ०८१-५४१९०२, सुर्खेत ०८३-५२५२२९, दैलेख ०८९-४२०५७७ र धनगढी ०९१-५२५०५३

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)

केन्द्रीय कार्यालय : कुपण्डोल ललितपुर, फोन नं ०१-५१८०१८२, Website www.ncbl.coop

# राष्ट्रिय सहकारी बैंक लिमिटेडको आधुनिक बैकिङ्ग सेवा



**नवीन कुमार कार्की**
*सहायक प्रबन्धक*
**राष्ट्रिय सहकारी बैंक लिमिटेड**

कुनै पनि संगठन जति आधुनिकरण तर्फ जान्छ त्यस संगठनको सूचना प्रविधिको क्षेत्र पनि त्यतिनै विस्तार हुँदै जान्छ, कागजी प्रयोगलाई न्यूनीकरण गर्दै कागज विहिन कार्य प्रणाली लागु गर्ने दिशामा हरेक विद्युतिय प्रणाली सहयोगी रहेका हुन्छन् किनकी हरेक विद्युतिय प्रणालीले अन्तर निकाय समन्वयलाई छरितो बनाउने गर्दछ । आजको प्रविधि मैत्री वातावरणमा सहकारी संघ/संस्थाहरुको आवश्यकता, प्रविधिमा पहुँच, व्यवसायको विस्तार, आवद्ध सदस्यहरुको चाहनामा भिन्नता, ब्यबसायीक क्रियाकलापको वृद्धि संगै सेवाको माग, प्रबिधिमा आधारित थप बैकिङ्ग सेवाहरुको विकास, संस्थाले सदस्यलाई प्रदान गर्दै आएको सेवा सुबिधालाई अझै परिष्कृत बनाउनु पर्ने आवश्यकता, विश्वसनिय कार्य प्रणाली, प्रविधि मैत्री र जुन कुनै समयमा पहुँचमुखी सेवा बनाउन आधुनिक बैकिङ्ग उपकरणहरु अनिवार्य जस्तै भएका छन् ।

राष्ट्रिय सहकारी बैंक लिमिटेडले विभिन्न समयमा सदस्य सेवामा विभिन्न नविनतम सेवाहरु ल्याउदै आफ्नो सदस्य सेवालाई प्रभावकारी बनाउँदै लागेको तपाई हामि सबैलाई जानकारी नै छ, सदस्य सहकारी संघ/संस्थाहरुलाई बैंक संगको कारोवारमा सहजता ल्याउन सरल, सुलभ, छिटो छरितो माध्यमको रुपमा सूचना प्रविधिको क्षेत्रमा भएको विकास र प्रविधि प्रयोगलाई निरन्तरता दिन हाल आवश्यकीय सेवाको रुपमा परिणत भई सकेका इन्टरनेट बैकिङ्ग सेवा र मोवाइल SMS बैकिङ्ग सेवा बैंकले आफ्नो १५ औं स्थापना दिवसको अवसर पारि शुरुवात गरेको छ । बैंकले शुरु गरेका सेवाबाट सहकारी संघ/संस्थाहरुलाई आफ्नो व्यवसाय बढाउन मद्दत पुग्ने साथै सहज एवं सरल रूपमा कारोवार गर्न सहायता मिल्नेछ भन्ने विश्वास पनि बैंकले लिएको छ, भर्खरै शुरुवातको चरणमा रहेका यी सेवाहरु सदस्य सहकारी संघ/संस्थाहरु साथै अन्य सरोकारवाला निकायहरु समेतको पृष्ठ पोषणको आधारमा निरन्तर सुबिधायुक्त र सरलीकृत बनाउने क्रम भने चलिरहन्छ त्यसैले बैंकको सूचना प्रविधि विभाग सदैव तपाईको अमुल्य सुझाव सल्लाहलाई सदैव स्वागत गर्दछ ।

## इन्टरनेट बैकिंग सेवा

इन्टरनेट बैकिङ्ग इन्टरनेटको माध्यमद्वारा कुनै पनि समय र स्थानबाट कम्प्युटर, मोवाइल वा अन्य कुनै माध्यम प्रयोग गरि आफ्नो बैंक खाताकोबारेमा जानकारी प्राप्त गर्नुलाई बुझिन्छ । राष्ट्रिय सहकारी बैंक लिमिटेडको इन्टरनेट बैकिङ्गबाट सदस्य सहकारी संघ संस्थाहरुले पनि आफ्नो संस्थाको मौज्दात कुनै पनि समयमा जानकारी प्राप्त गर्न, बैंकमा रहेको खाता विवरण कुनै पनि समयमा हेर्न र एकै Login Username बाट कर्जा तथा बचत सबै खाता विवरणहरुको जानकारी प्राप्त गर्न सक्छन ।

## संघ/संस्थाद्वारा इन्टरनेट बैकिङ्ग सेवालिने प्रक्रिया

बैंकद्वारा उपलब्ध गरिएको फारम रित पुर्वक भनेर बैंकको कुनै पनि शाखा कार्यालयमा बुझाउनु पर्दछ ।

बैंक द्वारा तोकिएको शुल्क भौचर भरि फारम साथ उपलब्ध गराउनुपर्दछ ।

संघ/संस्थाले फारम भर्दा उपलब्ध गराएको इमेल ठेगानामा बैंकद्वारा इन्टरनेट बैकिङ्गको Login Username र Password उपलब्ध गराइनेछ ।

## इन्टरनेट बैकिङ्ग सेवा Login Username Locked भएमा, बैंकद्वारा Password Reset गर्नुपरेमा तथा इमेल ठेगाना परिवर्तन गर्नुपरेमा

नजिकको शाखा कार्यालयमा सम्पर्क गरेर बैंकद्वारा उपलब्ध गराईएको फारम रित पुर्वक भरेर सेवा लिन सकिनेछ ।

## इन्टरनेट बैकिङ्गको प्रयोग

इन्टरनेट बैकिङ्गको लागि सर्वप्रथम इन्टरनेटको माध्यम वाट बैंकको वेवसाइटमा जानुपर्दछ, त्यहाँ 'इन्टरनेट बैकिङ्ग' को लागि लिंक उपलब्ध हुनेछ, त्यसमा क्लिक गर्दा 'यूजर आईडी' र पासवर्ड राख्ने स्थान आउने छ, पहिलो पटक लगिन गर्दा नयाँ पासवर्ड राख्न लगाउछ त्यस समयमा अन्यले अनुमान लगाउन नसक्ने तर प्रयोग कर्ताले यादगर्न सहज हुने पासवर्ड राख्नुपर्दछ त्यस पश्चात मात्र बैकिङ्ग सेवा उपयोग गर्न सक्नुहुनेछ ।

## इन्टरनेट बैकिङ्ग प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरु :

- इन्टरनेट बैकिङ्गमा प्रयोग गर्ने पासवर्ड कोहि दोस्रो व्यक्ति लाई नभन्नुहोस् ।
- पासवर्ड याद गर्नुहोस तर कही लेखेर नराख्नुहोस् ।
- इन्टरनेट बैकिङ्गको लिंक सधै बैंकको वेवसाइटबाट मात्र खोल्नुपर्दछ ।
- अन्य पक्षद्वारा पठाईएको इमेल, SMS आदि द्वारा पठाएको लिंकबाट नखोल्नुहोस ।
- कसैलाई पनि फोनमा पासवर्ड नभन्नुहोस ।
- इन्टरनेट बैकिङ्ग लग ईन गरि आफ्नो कार्य सम्पन्न भए पश्चात अनिवार्य रुपमा Logout गर्नुहोस ।

## मोवाइल SMS बैकिङ्ग सेवा

मोवाइलको माध्यमबाट कुनै पनि समय र स्थानबाट आफ्नो बैंक खाताकोबारेमा जानकारी प्राप्त गर्नुलाई मोवाइल SMS बैकिङ्ग भन्ने बुझिन्छ । राष्ट्रिय सहकारी बैंक लिमिटेडको मोवाइल SMS बैकिङ्गबाट सदस्य सहकारी संघ संस्थाहरुले बैंकमा भएको कारोवारको एलर्ट सेवा, खाता मौज्दातको जानकारी प्राप्त गर्न, एउटा मोवाइल नम्बरबाट एक भन्दा बढी खाताको कर्जा तथा बचत दुवै खाता विवरणहरु समेत कुनै पनि समयमा जानकारी प्राप्त गर्न सक्छन् ।

## संघ/संस्थाद्वारा SMS बैकिंङ्ग सेवा लिने प्रक्रिया

बैंक द्वारा उपलब्ध गरिएको फारम रित पुर्वक भनेर बैंकको कुनै पनि शाखा कार्यालयमा बुझाउनुहोस ।

बैंक द्वारा तोकिएको शुल्क भौचर भरि फारम साथ उपलब्ध गराउनुहोस ।

अब संघ/संस्थाले फारम भर्दा उपलब्ध गराएको मोवाइल नम्बरमा बैंकद्वारा सेवाको लागि आवश्यक Access code Pin code उपलब्ध गराइनेछ ।

## मोवाइल SMS बैकिङ्ग प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरु

क) मोवाइल SMS बैकिङ्ग प्रयोगमा प्रयोग गर्ने Access code र Pin code कोहि

दोस्रो व्यक्तिलाई नभन्नुहोस ।

ख) Access code र Pin code याद गर्नुहोस तर कही लेखेर नराख्नुहोस ।

ग) कसैलाई पनि फोनमा Access code र Pin code नभन्नुहोस ।

**सहकारी संघ/संस्थाले आधुनिक बैकिङ्ग सेवाहरु प्रयोग गर्न किन आवश्यक छ ?**

आधुनिक बैकिङ्ग सेवाहरुले सेवा प्रदायक र सेवा उपभोगकर्ता विचको अन्तर निकाय समन्वयलाई छरितो बनाउने गर्दछ, आजको प्रविधि मैत्री वातावरणमा सहकारी संघ/संस्थाहरुले पनि आधुनिक बैकिङ्ग सेवाहरु उपभोग गरि आफुले प्राप्तगर्ने सेवाहरुलाई छरितो र सुलभ रुपमा प्राप्त गर्नु आवश्यक छ। आधुनिक बैकिङ्ग सेवाहरु एउटा सहकारी संघ/संस्थालाई निम्न कारण पनि आवश्यक छ।

**१. आफ्नो खाता विवरण वारे २४/७ जानकारी प्राप्त गर्न**

सहकारी संघ/संस्थावाट वा संघ/संस्थाका अख्तियार प्राप्त अधिकारीले आफ्नो अनुकुलको समयर स्थानबाट आफ्नो खाता विवरणहरु, मौज्दात जानकारी प्राप्त गरि आवश्यक निणर्य लिन सहजता प्रदान गर्छ ।

**२. सुलभ, समयको बचत तथा न्यून जानकारी शुल्क**

एउटा सहकारी संघ/संस्थाको लागि आधुनिक बैकिङ्ग उपकरणहरुको प्रयोग गर्दा उसले विभिन्न बैंक तथा वित्तीय संस्थामा खोलेका बैंक खाता विवरण र मौज्दातवारे जानकारी प्राप्त गर्न पनि बैंक जानुपर्ने बाध्यता रहँदैन, यसले उक्त संस्थामा कार्यरत कर्मचारीको कार्यभार कम बनाउछ, समय मै कार्यालयबाट नै सूचना उपलब्ध हुन्छ । संघ/संस्थाको प्रशासनिक खर्च समेत कम बनाउछ फलस्वरूप संघ/संस्थालाई फाइदा पुग्छ ।

**३. सुरक्षित कारोवार**

आधुनिक बैकिङ्ग उपकरण प्रयोग गर्दा आफ्नो बैंक खातामा भएका सबै कारोवारहरुको सूचना आउने भएकोले सुरक्षित कारोवारको लागि पनि यसको आवश्यकता छ । साथै संस्थाको दैनिक कारोवारमा संचालक समितिद्वारा अख्तियार प्राप्त अधिकारी मात्र संलग्न हुने भएकोले संघ/संस्थाको संचालक समितिमा दैनिक कार्यमा संलग्न अधिकारीद्वारा कुनै ठगि गरेको आशंका लागेमा समेत संस्थाबाट नै आफ्नो संस्थाको बैंक खातामा भएका सम्पूर्ण कारोवारहरुको विवरण हेर्न सकिने भएकोले संस्थामा हुने बैकिङ्ग कारोवारहरु सुरक्षित गर्न समेत यो आवश्यक छ ।

**४. खाता Reconciliation मा सहजता**

सहकारी संघ/संस्थाले विभिन्न बैंक तथा वित्तीय संस्थामा राखेको बैंक मौज्दात र आफुले राखेको लेखा बिचमा खाता Reconciliation गर्न समेत आधुनिक बैकिङ्ग उपकरणहरु उपयोगी हुन्छन, संघ/संस्थाको खाता विवरण सधै दुरुस्त हुन् जरुरि हुन्छ, आधुनिक बैकिङ्गको माध्यामबाट संस्थाले आफ्नो अनुकुल समयमा बैंकमा रहेको मौज्दात र आफुले लेखा राखेको रकम बिच खाता Reconciliation गर्न समेत यो आवश्यक छ ।

# स्याङ्जाको वालिङमा अन्तरक्रिया कार्यक्रम सम्पन्न

*वालिङ,*

राष्ट्रिय सहकारी बैंक लिमिटेडको शाखा कार्यालय वालिङको आयोजनामा “सहकारी संघ/संस्थाको व्यवसाय प्रवर्द्धनमा राष्ट्रिय सहकारी बैंकको भूमिका” विषयक एक दिने अन्तरक्रिया कार्यक्रम वालिङमा ०७४ भदौ १५ गते सम्पन्न भएको छ ।

कार्यक्रममा बैंकका प्रबन्ध संचालक के.वी उप्रेतीले बैंकले सहकारी संघ/संस्थाको आवश्यकता अनुसारका सेवा दिईरहेको जानकारी गराउदै बैंकले आफ्नो स्थापना दिवसको अवसर परि शुरुवात गरेका IPS, Internet Banking र Mobile, SMS Banking सेवाले सहकारी संघ/संस्थालाई कसरी व्यवसाय प्रवर्द्धन गर्न सकिन्छ भन्ने विषयमा स्पष्ट पार्नु भएको थियो । बैंकले भविष्यमा के कस्ता सेवा सुविधा, योजना र भावी कार्यक्रमहरु ल्याउँदा सहकारी संघ/संस्थाहरुलाई टेवा पुग्छ सो बारे सुझाव लिदै कार्यक्रममा उठेका प्रश्न र जिज्ञासाहरुको समाधान गर्नु भएको थियो ।




कार्यक्रममा डिभिजन सहकारी कार्यालय वालिङका निमित्त सहकारी अधिकृत विष्णु ढकालले सहकारीहरु सहकारी सुशासन भन्दा बाहिर जान नहुने भन्दै सहकारीलाई आवश्यक पर्ने तालिम लगाएत सम्पूर्ण कार्यको सहयोग डिभिजन कार्यालयले राष्ट्रिय सहकारी बैंकसँगको समन्वयमा गर्ने बताउनुभयो । कार्यक्रमका अध्यक्ष तथा बैंकको वालिङ शाखा व्यवस्थापन समन्वय उपसिमितिका संयोजक पुण्यप्रसाद अर्यालले सहकारीहरु शेयर सदस्यमा केन्द्रित हुने हो भने अन्य बैंक तथा वित्तिय संस्थाहरुसँग प्रतिस्पर्धा गर्नु नपर्ने र उचित नीति निर्माणहरु नभएकाले सहकारी संघ/संस्थाहरु पछि परेको बताउनुभएको थियो । कार्यक्रममा स्वागत मन्तव्य पोखरा शाखाका प्रमुख केदार उप्रेती र बैंकको शाखा कार्यालय वालिङबाट उपलब्ध सेवा र स्थितिको बारेमा जानकारी वालिङ शाखाका शाखा प्रमुख सुवास आचार्यले गराउनु भएको थियो ।

## सहकारी बैंकद्वारा दैवी प्रकोप पीडितलाई....

तलव काटेर संकलन गरेको रकम सहित १० लाख ६२ हजार ७ सय ६१ रुपैया बाढी पीडितलाई आर्थिक सहयोग गरिएको बैंकका प्रवन्ध सञ्चालक के.वी. उप्रेतीले जानकारी दिनुभयो। पहिलो चरणमा कर्मचारीको तलब र बैंकका तर्फबाट सहयोग गरिएको र थप रकम संकलन गरी राहत उपलब्ध गराइने प्रवन्ध सञ्चालक उप्रेतीले बताउनुभयो। उहाँले राष्ट्रिय सहकारी बैंकका ३७ वटा शाखा मार्फत देशभरका सहकारी संघ संस्थाहरुलाई राहत अभियानमा सहयोग गर्न आव्हान गरिएको जानकारी दिनु भएको छ। बाढी पीडितहरुलाई आर्थिक सहयोग गर्न चाहने देशभरका सहकारी संघ संस्था, सहकारी कर्मीहरू लगायतले राष्ट्रिय सहकारी बैंकको शाखा कार्यालयहरूमा रहेको दैवी प्रकोप उद्धार कोषको खाता नं १८०००६८० मा रकम जम्मा गरी भौचर उपलब्ध गराउन बैंकले आव्हान गरेको छ।

## राष्ट्रिय सहकारी बैंक लिमिटेड १५ औं वर्षमा...

बैंकले स्थापना दिवसको अवसर पारेर असार २४ गते रक्तदान कार्यक्रम समेत सम्पन्न गरेको थियो । अन्तरक्रिया कार्यक्रमको उद्घाटन राष्ट्रिय सहकारी संघ लिमिटेडका अध्यक्ष तथा बैंकका सल्लाहकार केशव बडालले गर्नु भएको थियो। सो अवसरमा बोल्दै बडालले मुलुकको दीगो आर्थिक विकासका लागि उत्पादनमा वृद्धि गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा जोड दिनु पर्ने बताउनु भएको छ। सहकारी क्षेत्रमा रहेको पूँजी, श्रम र सीपलाई एकत्रित गरेर उत्पादन बढाउने, रोजगारी सिर्जना गर्ने, जनताको आर्थिक स्थितिमा परिवर्तन ल्याउने खालका कार्यक्रम बनाउन उहाँले सबै सहकारीकर्मीहरुलाई सुझाव दिनुभयो।

सहकारीको योगदान भएकै कारण राज्यले अर्थतन्त्रको तीन मध्ये एक खम्बा सहकारीलाई स्वीकार गरेको चर्चा गर्दै बडालले भन्नुभयो-आर्थिक विकास र सामाजिक रुपान्तरणका लागि सहकारी क्षेत्रलाई सामाजिक न्याय सहितको व्यवसायिक बनाउन जरुरी छ।

कार्यक्रममा सांसदहरु राजेन्द्र पाण्डे र ओमदेवी मल्लले सहकारी ऐन निर्माणको अन्तिम चरणमा रहेको जानकारी गराउदै सहकारी मैत्री ऐन निर्माण गरी मुलुकको आर्थिक सामाजिक विकासमा सहकारीको योगदान बढाउनु पर्नेमा जोड दिनु भएको थियो। यस्तै एशियाली ऋण महासंघ (अक्कु) का प्रमुख कार्यकारी अधिकृत एलिनेता भि स्यान रोक्यू (लेनी) ले शुभकामना दिदै विभिन्न देशले सहकारी मार्फत गरेका उत्कृष्ट कार्यहरु सहकारी बैकसंग सहकार्य गरेर नेपालमा सञ्चालन गरिदै आएको र आगामी दिनमा थप कार्यक्रम सञ्चालन गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो।

यस्तै नेपाल राष्ट्र बैंकका लघु वित्त निर्देशक विनोदराज आचार्यले सहकारी विभाग र नेपाल राष्ट्र बैंकको नियमन र निर्देशनमा चल्नु पर्ने भएकाले सहकारी बैंकलाई केही अप्ठेरो भए पनि यसले आफ्नो सेवालाई प्रभावकारी बनाउँदै गएको बताउनु भयो। देशको अर्थतन्त्रको एक खम्बाका रुपमा रहेको सहकारीलाई प्रभावकारी बनाउन सहकारी क्षेत्रको गुणात्मक विकास गर्नु पर्नेमा आचार्यले जोड दिनु भएको थियो।

कार्यक्रममा राष्ट्रिय सहकारी संघका पूर्व अध्यक्ष तथा बैंकका सल्लाहकार दिपक प्रकाश बाँस्कोटा, राष्ट्रिय सहकारी संघका लेखा संयोजक तथा बैंकका सल्लाहकार धर्मदत्त देवकोटा, राष्ट्रिय सहकारी विकास बोर्डका विज्ञ सल्लाहकार विजयराज घिमिरे, सहकारी तथा गरिवी निवारण मन्त्रालयका सूचना अधिकारी उपेन्द्रबहादुर ढुंगाना लगायतले शुभकामना मन्तव्य व्यक्त गर्दै सहकारी बैंक मार्फत देशभरका सहकारीहरुको प्रवर्द्धनमा राज्यले सहयोग गर्नु पर्नेमा जोड दिनु भएको थियो।

उद्घाटन कार्यक्रम बैंकका अध्यक्ष रमेशप्रसाद पोखरेलको अध्यक्षता, सञ्चालक सरिता भट्टराईको स्वागत र सञ्चालक रामहरि बजगाईको सञ्चालनमा सम्पन्न भएको थियो।

बैंकको अवस्था र आगामी योजनाका बारेमा बैंकका प्रवन्ध सञ्चालक के.वी. उप्रेतीले जानकारी गराउनु भएको थियो। देशभरका ९ हजार २ सय सहकारी संघ संस्था सदस्य रहेको राष्ट्रिय सहकारी बैंकमा ८३ करोड शेयर रकम, करिब १२ अर्ब वचत, साढे ८ अर्ब लगानी रहेको छ। बैंकले २०७५ सम्ममा १६ हजार शेयर सदस्य, २ अर्ब शेयर रकम, २० अर्ब निक्षेप र १६ अर्ब लगानी पुऱ्याउने लक्ष्य लिएको छ। ३७ वटा शाखा मार्फत राष्ट्रिय सहकारी बैंकले सहकारी संस्थाहरुको बचत संकलन, कर्जा लगानी, बैंक जमानत, रेमिट्यान्स, रिचार्ज, सहकारी सम्बन्धी वकालत, जोखिम न्यूनिकरण, सहकारी शिक्षा तथा तालिम लगायतका काम गर्दै आइरहेको छ।

सहकारी मार्फत आर्थिक विकास र सामाजिक रुपान्तरणमा क्रियाशिल सहकारी बैंक नेपालको सहकारी अभियानको सर्वोच्च निकाय राष्ट्रिय सहकारी संघ लगायत अन्तरराष्ट्रिय सहकारी सहकारी महासंघ, एशियाली ऋण महासंघ, नेडाक, सिक्ट्याव, अप्राका लगायतका अन्तरराष्ट्रिय निकायको सदस्य रहेको छ।

## सहकारी क्षेत्रको उत्कृष्ट करदाताका रुपमा...

सहायक महाप्रबन्धक हरिकृष्ण सापकोटालाई सम्मान पत्र प्रदान गर्नु भएको थियो। देशभरका सहकारी संघ संस्थाहरुको प्रवर्द्धन गर्ने उदेश्यका साथ स्थापित सहकारी क्षेत्रको एकमात्र बैंकका राष्ट्रिय सहकारी बैंक सहकारी क्षेत्रको उत्कृष्ट आयकर तिर्ने संस्थाको रुपमा विगत ३ वर्षदेखि सम्मानित हुदै आएको छ।

बैंकले आर्थिक वर्ष २०७२/०७३ मा सरकारलाई कुल १० करोड ७० लाख कर दाखिला गरेको थियो। देशभरका हाल नौ हजार भन्दा बढी सहकारी सहकारी संघ/संस्था सदस्य रहेको बैंकमा ९१ करोड शेयर पूँजी, १३ अर्ब ८२ करोड बचत, ९ अर्ब ३० करोड लगानी रहेको छ। ३७ वटा शाखा मार्फत देशभरका सहकारी संघ संस्थाहरुको वित्तीय तथा संस्थागत सुशासनका लागि काम गर्दै आइरहेको बैंकले उत्पादन, उर्जा र कृषि क्षेत्रमा लगानी वृद्धि गर्दै अगाडी बढ्ने लक्ष्यका साथ अगाडी बढेको छ।

## राष्ट्रिय सहकारी बैंक लिमिटेड र गरिबी...

अर्थतन्त्र विकास तथा उद्‌यमको संस्थागत विकासले लक्षित घर परिवार लाई गरिवीको चक्रबाट माथि उठाउन भरपर्दो आधार तयार गर्ने विचार राख्नु भयो साथै बैंकका प्रबन्ध संचालक के.वी. उप्रेतीले कोष संग भएको साझेदारीले सहकारी मार्फत गरिबी निवारणको राष्ट्रिय लक्ष्यमा प्राप्तिमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

सहमती अन्तर्गत कार्यक्रमहरु संचालित गर्नको लागि जिम्मेवारीको बाडँफाँड, स्रोत परिचालन वित्तीय समावेशीकरणमा पहुँच अभिबृद्धि लगायत अन्य विषयवस्तुहरुमा आवश्यकता अनुसार दुवै पक्षको सहकार्यमा कार्यविधि तथा पद्धती निमार्ण गरिनेछ । सहमति पत्रमा हस्ताक्षर पछि दुवै तर्फबाट सयुंक्त रुपमा केक काटी संझौताको सफल कार्यान्वयनको शुभकामना आदानप्रदान गरियो।

# सहकारी बैंकद्वारा आइपिएस, इन्टरनेट बैकिंङ र एसएमएस बैकिंङ सेवा शुभारम्भ

*ललितपुर,*

राष्ट्रिय सहकारी बैंक लिमिटेडले १५ औं स्थापना दिवसको अवसर पारेर अन्तर बैंक विद्युतीय भुक्तानी प्रणाली (आइपिएस), इन्टरनेट बैकिङ सेवा र एसएमएस बैकिङ सेवाको शुभारम्भ गरिएको छ । नेपाल क्लियरिङ्ग हाउस लिमिटेड (एनसीएचएल) संगको सहकार्यमा राष्ट्रिय सहकारी बैंक लिमिटेडले आफ्ना सदस्य संस्थाहरु मार्फत यो दिन थालेको हो ।

स्थापना दिवसका अवसरमा आयोजित कार्यक्रममा राष्ट्रिय सहकारी संघका अध्यक्ष केशव बडालले अन्तर बैंक विद्युतीय भुक्तानी प्रणालीको शुभारम्भ गर्नु भएको थियो । उहाँले प्रविधिको प्रयोग गर्दै जनताको आयस्तर माथि उठाउनु पर्नेमा जोड दिनुभयो ।

राष्ट्रिय सहकारी बैंकबाट प्रणालीमा आवद्ध सदस्य बैंक तथा वित्तीय संस्थाहरुमा खाता भएका सदस्य सहकारी संस्थाहरुबाट सोझै भुक्तानी संकलन तथा भुक्तानी सजिलै गर्न सकिने भएको छ ।

यस अघि नगद र चेकबाट हुँदै आएका कारोबारहरु समेत उक्त प्रणाली मार्फत हुने हुँदा कारोबार पारदर्शी हुने, सहजता बढ्ने र जोखिम न्यूनिकरण हुने सो अवसरमा जानकारी दिइएको थियो ।




एनसीएचएल प्रणालीमा हाल सम्म ७३ बैंक तथा वित्तीय संस्थाहरुसंग प्रत्यक्ष सदस्यको रुपमा र ५ अन्य कम्पनीहरुसँग अप्रत्यक्ष सदस्यको रुपमा सम्झौता गरिसकेका छन् ।

ग्राहकको रकम स्थानान्तरण, डिभिडेन्ट पेमेन्ट, आइपीओ रिफन्ड, फि तथा बिल भुक्तानी, प्रीमियम भुक्तानी, सरकारी भुक्तानी, ट्रेजरी भुक्तानी, तलब भुक्तानी, रेमिटेन्स भुक्तानी, ईन्स्टलमेन्ट भुक्तानी, क्रेडिट कार्डको भुक्तानी यस प्रणालीबाट हुँदै आएको छ ।

काठमाडौं उपत्यकाका करिब २ सय सहकारी संघ संस्थाका अध्यक्ष र कार्यकारी अधिकृत सहभागी रहेको अन्तरक्रियामा बैंकले प्रवाह गर्ने अन्तर बैंक विद्युतीय भुक्तानी प्रणाली (आइपिएस) सेवाका बारेमा बैंकका प्रवन्धक नवराज उपाध्याय, इन्टरनेट बैकिङ सेवा र एसएमएस बैकिङ सेवाका बारेमा सहायक प्रवन्धक नविन कुमार कार्की, नेपालको संविधान, सहकारी ऐन २०७३ र स्थानीय निकाय सम्बन्धमा राष्ट्रिय सहकारी संघका वरिष्ठ उपाध्यक्ष मिनराज कंडेलले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

यस्तै हिन्दु विद्यापीठ नेपालका संस्थापक प्राचार्य डा. चिन्तामणी योगीले सहकारी, जीवन दर्शन र प्रयोग सम्बन्धी प्रवचन प्रस्तुत गर्नु भएको थियो ।

# "सहकारीमा युवा सहभागिता विषयक कार्यशाला गोष्ठी"

*ललितपुर,*

राष्ट्रिय सहकारी संघ लिमिटेड, राष्ट्रिय सहकारी बैंक लिमिटेड, नेपाल राष्ट्रिय सहकारी विकास बोर्ड, नेपाल कृषि सहकारी केन्द्रीय संघ लिमिटेड र नेपाल बहुउद्देश्यीय केन्द्रीय सहकारी संघ लिमिटेडको संयुक्त आयोजनामा सहकारीमा युवा सहभागिता विषयक (Workshop on Youth Participation in Co-operatives) एक दिने कार्याशाला गोष्ठी ०७४ भदौ ४ गते होटल हिमालय, कुपण्डोल ललितपुरमा सम्पन्न भयो। गोष्ठीको उद्घाटन अन्तर्राष्ट्रिय सहकारी महासंघका ग्लोबल बोर्ड मेम्बर आदित्य यादव र राष्ट्रिय सहकारी संघ लि. नेपालका अध्यक्ष केशवप्रसाद बडालले गर्नुभएको थियो ।

कार्यक्रममा ग्लोबल बोर्डका मेम्बर आदित्यले सहकारी अनुभवी व्यक्तिसँग युवालाई पनि नीति निर्माण तहमा स्थान दिनुपर्ने बताउनुभयो । उहाँले सहकारीले नयाँ टेक्नोलोजी र ई-कमर्श अवलम्बन गर्नुपर्ने र त्यसका लागि युवालाई अगाडी राख्नुपर्ने बताउनुभयो । साथै दिगो विकास लक्ष्य प्राप्तिका लागि सबै सहकारीले भूमिका खेल्नुपर्नेमा पनि जोड दिनुभयो। उहाँले नीजि क्षेत्रसँग प्रतिस्पर्धामा उत्रिनका लागि दिनदिनै आइरहेको नयाँ प्रविधिलाई सहकारीले अलम्बन गर्नुपर्ने बताउनुभयो । सुरेन्द्र भण्डारीले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्नुभएको थियो भने संघका संचालक तथा नेपाल कृषि सहकारी केन्द्रीय संघ




राष्ट्रिय सहकारी संघ लिमिटेडका अध्यक्ष केशव प्रसाद बडालले नेपालको सहभागीमा युवा सहभागिता अवस्था र सहकारीले हाँसिल गरेको उपलब्धीका विषयमा प्रकाश पार्नुभएको थियो । स्वागत मन्तव्य राष्ट्रिय सहकारी बैंक लिमिटेडका प्रबन्ध संचालक के.वी. उप्रेतीले राख्नु भएको थियो ।

कार्यक्रममा राष्ट्रिय सहकारी संघ लिमिटेडका संचालक तथा नेपाल बहुउद्देश्यीय केन्द्रीय सहकारी संघ लिमिटेडका अध्यक्ष लिमिटेडका अध्यक्ष खेम पाठकले सहकारीमा युवा सहभागिताको महत्वबारे प्रष्टाउनु भएको थियो । राष्ट्रिय सहकारी विकास बोर्डका सदस्यसचिव प्रसन्न कोइरालाले युवा सहभागिताको विषयमा प्रकाश पार्नुभएको थियो। कार्यक्रममा युवा तथा साना व्यवसायी स्वरोजगार कोषाका कार्यकारी निर्देशक विष्णु प्रसाद गौतमले र इफ्कोका नायव महाप्रबन्धक तरुण भार्गवले सहकारीमा नेपाली युवाको सहभागिताको विषयमा कार्यपत्र प्रस्तुत गरिने कार्यक्रम रहेको छ ।

# धौलागिरिको सहकारी अभियान अगाडि बढाउन योगदान गरेको भन्दै सहकारी बैंकका प्रवन्ध सञ्चालक उप्रेती सम्मानित

*बागलुङ,*

अलमलमा रहेको धौलागिरि अञ्चलको सहकारी अभियानलाई अगाडि बढाउन महत्वपूर्ण योगदान गरेको भन्दै बागलुङको एक सहकारीले राष्ट्रिय सहकारी बैंक लिमिटेडका प्रवन्ध सञ्चालक के.बी.उप्रेतीलाई भदौ १७ गते सम्मान गरेको छ ।

धौलागिरि अञ्चलको पहिलो सञ्चार सहकारीका रुपमा स्थापित आदर्श सञ्चार सहकारी संस्था लिमिटेडले आफ्नो ११ औं वार्षिक साधारणसभामा उप्रेतीलाई दोसल्ला ओढाएर सम्मान पत्र सहित सम्मान गरेको हो । कार्यक्रमका प्रमुख अतिथि नेपाल राष्ट्र बैंकका पूर्व गभर्नर डा.युवराज खतिवडाले दोसल्ला ओढाएर सम्मान पत्रले सो अवसरमा सम्मान गर्नु भएको थियो । आदर्श सञ्चार सहकारी संस्थालाई संस्थागत रुपमा अगाडि बढाउन उप्रेतीले निरन्तर रुपमा सल्लाह सुझाव र समन्वय गर्नुका साथै अञ्चलकै सहकारी अभियानलाई अगाडि बढाउन केन्द्रमा रहेर पनि उहाँले गर्नु भएको योगदानको कदर गर्दै ११ औं वार्षिक साधारणसभामा सम्मान गरिएको संस्थाका अध्यक्ष अम्मरबहादुर थापाले बताउनुभयो । धौलागिरि अञ्चलमा सहकारी अभियानका जिल्ला संघहरु दर्ता नै नभएका र दर्ता भएका पनि निष्क्रिय रहेको समयमा उप्रेतीको पहल कदमीमा २०६४ सालमा बागलुङमा जिल्ला सहकारी संघ दर्ता गरेपछि यो क्षेत्रको अभियानले तिब्रता लिएको जिल्ला सहकारी संघका अध्यक्ष दिपक गौतमले जानकारी दिनुभयो ।

## 'एकीकरण अभियानको अगुवाई गरेको भन्दै सहकारी बैंकका प्रवन्ध सञ्चालक सम्मानित'

सहकारीहरुबीच एकीकरण अभियानको शुरुवात गरेर अभियानलाई सबल बनाउने अभियानको नेतृत्व गरेको भन्दै बागलुङको एक सहकारीले राष्ट्रिय सहकारी बैंक लिमिटेडका प्रवन्ध सञ्चालक के.बी.उप्रेतीलाई सम्मान गरेको छ । पहिलो पटक देशभरका विभिन्न १३ वटा सहकारीहरुबीच एकीकरण गरेर हाम्रो सगरमाथा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड ललितपुरका रुपमा सञ्चालन गर्न अगुवाई गरेको भन्दै बागलुङको सिवाइसी वचत तथा ऋण सहकारी संस्थाले उप्रेतीलाई सम्मान गरेको हो ।

संस्थाको आठौं वार्षिक साधारणसभाका अवसरमा संस्थाका अध्यक्ष चण्डीप्रसाद शर्माले उप्रेतीलाई सम्मान गर्नु भएको हो । उप्रेतीको अगुवाईमा काठमाडौं, ललितपुर, गोर्खा र तनहुँका १३ वटा सहकारीहरुबीच एकीकरण भएको थियो । काठमाडौंका जनता बहुद्देश्यीय सहकारी संस्था, हौसला बहुउद्देयीय सहकारी संस्था, स्यम्भु डल्लु वचत तथा ऋण सहकारी संस्था, शुभलक्ष्मी वचत तथा ऋण सहकारी संस्था, भ्याली बहुउद्देश्यीय सहकारी संस्था, क्रियाशिल महिला बहुउद्देश्यीय सहकारी संस्था र मौलिक वचत तथा ऋण सहकारी संस्था, ललितपुर जिल्लाका सगरमाथा बहुउद्देश्यीय सहकारी संस्था, हिमशिखर बहुउद्देश्यीय सहकारी संस्था, मेघा वचत तथा ऋण सहकारी संस्था, तनहुँको ओम शान्ति वचत तथा ऋण सहकारी संस्था र गोर्खाको जनउत्थान कृषि सहकारी संस्थाबीच एकीकरण गरेर हाम्रो सगरमाथा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड बनाइएको छ ।

# विर्तामोडमा सहकारी बैंकको भूमिका विषयक अन्तरक्रिया

*विर्तामोड,*

बैंकको शाखा कार्यालय विर्तामोडको आयोजनामा "सहकारी संघ/संस्थाको व्यवसाय प्रवर्द्धनमा राष्ट्रिय सहकारी बैंकको भूमिका" विषयक एक दिने अन्तरक्रिया कार्यक्रम विर्तामोड स्थित नेपाल बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको सभाहलमा भदौ २० गते सम्पन्न भएको छ । बैंकको विर्तामोड शाखाका शाखा व्यवस्थापन समन्वय उप-समितिका संयोजक हरिचरण बानियाको सभापतित्व, राष्ट्रिय सहकारी बैंकका अध्यक्ष रमेश प्रसाद पोखरेलको प्रमुख आतिथ्यतामा, राष्ट्रिय सहकारी बैंकका संचालक सरिता भट्टराई, राष्ट्रिय सहकारी बैंकका प्रबन्ध संचालक के.बी.उप्रेती, राष्ट्रिय सहकारी बैंकका लेखा समिति सदस्य लक्ष्मी उप्रेतीको विशिष्ट आतिथ्यतामा, जिल्ला सहकारी संघ झापाका अध्यक्ष गणेश ढकाल, जिल्ला बचत तथा ऋण सहकारी संघ झापाका अध्यक्ष घनश्याम अधिकारी, राष्ट्रिय सहकारी बैंक दमक शाखाका शाखा प्रमुख विवेक डाँगी लगायतका अथितिहरुको आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रमको स्वागत मन्तव्य बैंकको विर्तामोड शाखाका शाखा प्रमुख राजेन्द्र तिम्सिनाले गर्नुभएको थियो । साथै बैंकका विर्तामोड शाखाका शाखा प्रमुखले हाल बैंकको शाखा कार्यालयको गतिविधि, वर्तमान अवस्था तथा शाखाबाट उपलब्ध सेवा र स्थितिको बारेमा जानकारी दिनुभएको थियो । कार्यक्रमको संचालन जिल्ला सहकारी संघका सचिव युवराज ढकालले गर्नुभएको थियो । कार्यक्रममा बोल्दै बैंकका अध्यक्ष पोखरेलले बैंकको भावी रणनिति, संघ/संस्थासँगको समन्वय, प्रस्तावित सहकारी ऐन लगायतका विषयमा प्रष्ट पार्नु भएको थियो । साथै बैंकका प्रबन्ध संचालक उप्रेतीले सहकारी संघ/संस्थाको आवश्यकता अनुसारका सेवा दिईरहेको बारे बताउँदै संघ/संस्थाका प्रतिनिधिहरुले राखेका जिज्ञाश समाधान गर्दै सुझाव समेत दिनु भयो ।

कार्यक्रममा बैंकका संचालक तथा तालिम उपसमिति संयोजक भट्टराईले बैंकले आगामी दिनमा तालिम तथा शिक्षाको



क्षेत्रमा उल्लेखनीय कार्य गर्ने बताउनु भयो । कार्यक्रममा बैंकका लेखा समितिका सदस्य उप्रेतीले समिति सदैब संस्था र बैंक बिच समन्वयकारी भुमिका निभाउँदै बैंकलाई व्यवस्थीत बनाउन सहयोग पुऱ्याउने प्रतिवद्धता व्यक्त गर्नुभयो । सोही अवसरमा सहभागीहरुले सहकारीहरुको लागि एक मात्र सहकारी बैंकले सहकारी ऐन ल्याई सदस्य संस्थालाई सुव्यवस्थीत गर्न थप नयाँ सेवाको समेत माग गरेका थिए । सो अन्तरक्रिया कार्यक्रममा विभिन्न प्रकारका सहकारी संघ/संस्थाहरुको प्रतिनिधित्व गर्दै करिव ७० जना सहकारीकर्मीहरुको उपस्थिति थियो ।

# "बैंकको कर्पोरेट कार्यालयको अवलोकन"

अन्तर्राष्ट्रिय सहकारी महासंघका ग्लोबल बोर्डका संचालक आदित्य यादव र IFFCO (Indian Farmers Fertiliser Cooperative) का नायब महा-प्रबन्धक तरुण भार्गवद्वारा राष्ट्रिय सहकारी बैंक लिमिटेडको कर्पोरेट कार्यालय अवलोकन भ्रमण गर्नुभएको छ । नेपाल भ्रमण तथा सहकारीमा युवा सहभागिता विषयक एक दिवसीय कार्याशाला गोष्ठीमा नेपाल आउनु भएका ICA र IFFCO का उच्च अधिकारीहरुले आफ्नो सदस्य संस्थाहरुको अवलोकन भ्रमण गर्नु भएको हो । ०७४ भदौ ४ गते सहकारी बैंकको कर्पोरेट कार्यालयमा एक कार्यक्रमका बिच बैंकका अध्यक्ष रमेश प्रसाद पोखरेलले उहाँहरुलाई स्वागत गर्नुभएको थियो । बैंकका प्रबन्ध संचालक के.वी. उप्रेतीले स्वागत मन्तब्य राख्नुहुँदै अथितिहरुद्वारा भएको बैंकको अवलोकनले बैंकलाई कार्य गर्न थप उर्जा मिलेकोजानकारी गराउनु भयो, सो कार्यक्रममा राष्ट्रिय सहकारी संघका अध्यक्ष केशव प्रसाद बडाल, बैंकमा लेखा समिति संयोजक कुलचन्द्र अधिकारी, संचालकहरु रामशरण शर्मा घिमिरे, ज्ञान बहादुर तामाङ्ग, सरिता भट्टराई र रामहरी बजगाई त्यस्तै लेखा समिति सदस्य सागर नेपाल सहित सबै विभागका विभागीय प्रमुखहरु सहित कर्मचारीहरुको सहभागिता रहेको थियो ।



बैंकको प्रगति र क्रियाकलाप बारे बैंकका सहायक प्रबन्धक नवीन कुमार कार्कीले जानकारी गराउनु भएको थियो, साथै सो अवसरमा अथिती द्वयले सहकारी क्षेत्रमा आ-आफ्नो अनुभव व्यक्त गर्दै नेपालमा राष्ट्रिय सहकारी बैंकले देशका सम्पूर्ण सहकारी संघ/संस्थाहरुलाई समेट्दै अगाडी बढन सुझाव दिँदै बैंकको सफलताको शुभकामना व्यक्त गर्नु भएको थियो ।

---

ICA-Youth Member Committee का सदस्य अहसान अली ठाकुर र इन्दिरा पन्तद्वारा राष्ट्रिय सहकारी बैंक लिमिटेडको कर्पोरेट कार्यालय अवलोकन भ्रमण गर्नुभएको छ । नेपाल भ्रमण तथा सहकारी संघ संस्थाहरुमा युवाको सहभागिता र सहकारी संस्थाहरुले सदस्यहरुलाई दिने सेवा सुविधाको बारेमा जानकारी लिन नेपाल आउनु भएका ICA-Youth Member Committee का सदस्यहरुले बैंक तथा सदस्य संस्थाहरुको अवलोकन भ्रमण गर्नु भएको हो । ०७४ भदौ ११ गते सहकारी बैंकको कर्पोरेट कार्यालयमा एक कार्यक्रमका बिच बैंकका प्रबन्ध संचालक के.वी. उप्रेतीले उहाँहरुलाई स्वागत गर्नुका साथै स्वागत मन्तब्य राख्नुहुँदै अथितिहरुद्वारा भएको बैंकको अवलोकनले बैंकलाई कार्य गर्न थप उर्जा मिलेको जानकारी गराउनु भयो। बैंकको प्रगति र क्रियाकलापबारे बैंकका सहायक प्रबन्धक नवीन कुमार कार्कीले जानकारी गराउनु भएको थियो ।

---

सिक्ट्याव भारतका कन्सल्ट् याण्ट डा. डि. रविद्वारा बैंकको कर्पोरेट कार्यालय अवलोकन भ्रमण गर्नुभएको छ । CICTAB एगलभ को सहयोगमा नेपालमा आवद्ध भएका आठ वटा सदस्य संस्थाहरु नेपाल राष्ट्र बैंक, कृषि विकास बैंक, राष्ट्रिय वाणिज्य बैंक, सहकारी विकास बोर्ड, राष्ट्रिय सहकारी बैंक लिमिटेड, साना किसान बैंक, नेपाल बचत तथा ऋण सहकारी संघ र कृषि सहकारी केन्द्रिय संघको आयोजनामा "Development of Rural Financing Institution and Cooperatives" विषयक ५ दिने तालिम कार्यक्रममा नेपाल आउनु भएका डा. डी. रविले आज बैंकको कर्पोरेट कार्यालय कुपण्डोलमा अवलोकन भ्रमण गर्नु भएको हो ।

आज सहकारी बैंकको कर्पोरेट कार्यालयमा एक कार्यक्रमका बिच बैंकका प्रबन्ध संचालक के.वी. उप्रेतीले उहाँलाई स्वागत गर्नुभयो । सोहि अवसरमा बोल्दै अथिति डा. डि. रविले राष्ट्रिय सहकारी बैंकले देशभरका सम्पूर्ण प्रकारका सहकारी संघ संस्थाहरुलाई आवद्ध गर्दै अगाडी बढेको प्रति खुसि व्यक्त गर्दै बैंकले सिक्ट् यावका तालिम कार्यक्रमहरुमा आफ्ना सदस्य सहकारी संघ संस्थाहरुलाई सहभागी गराएको प्रति धन्यवाद दिनुभयो र भविष्यमा समेत बैंकले आफ्ना सदस्य सहकारी संघ संस्थाहरुलाई आवश्यक परेका तालिम कार्यक्रमहरु संचालन गर्न सिक्ट् यावले प्राविधिक सहयोग गर्न तयार रहेको जानकारी समेत गराउनु भएको थियो । बैंकका सबै विभागका विभागीय प्रमुख सहित कर्मचारीहरुको उपस्थिति रहेको यस कार्यक्रममा बैंकका प्रबन्ध संचालक के.वी.



उप्रेतीले बैंकको प्रगति र क्रियाकलापबारे जानकारी गराउदै अथिति डा. डि. रविद्वारा भएको यस अवलोकन प्रति बैंक परिवारको तर्फबाट उहालाई धन्यवाद ज्ञापन गर्नुभएको भयो ।

# सहकारी बैंकको शाखा स्थापना गर्न पर्वतका सहकारीकर्मीहरुको माग
## शाखा स्थापनार्थ समन्वय उप-समिति गठन

पर्वत,

सहकारीहरुको प्रवर्द्धन गर्ने उदेश्यका साथ स्थापित देशभरका सहकारीहरुको एक मात्र राष्ट्रिय सहकारी बैंक लिमिटेडको शाखा कुश्मामा स्थापना गर्न पर्वतका सहकारीकर्मीहरुले माग गरेका छन् ।



राष्ट्रिय सहकारी बैंक लिमिटेड बागलुङ शाखाले ०७४ भदौ १७ गते पर्वतको कुश्मामा आयोजना गरेको सहकारी संघ संस्थाहरुको प्रवर्द्धनमा राष्ट्रिय सहकारी बैंकको भूमिका विषयक अन्तरक्रिया कार्यक्रमका सहभागीहरुले शाखा स्थापनाको माग गरेका हुन् ।

सहकारीहरुमा रहेको तरलताको रकम अन्य बैंक तथा वित्तीय संस्थामा राख्दा व्याज कम पाइने तथा सहकारीहरुलाई आवश्यक परेको समयमा अन्य बैंक तथा वित्तीय संस्थाहरुले सहकारीलाई कर्जा नदिने भएकाले सहकारीहरु समस्यामा रहेको सहभागिहरुको भनाइ थियो । सहकारी बैंकले ब्याज दिनुका साथै आवश्यक परेको समयमा कर्जा समेत दिने र तालिम लगायत अन्य कार्यक्रममा समेत सहयोग गर्ने भएकाले तत्काल बैंकको शाखा कुश्मामा स्थापना गर्न उनीहरुले माग गरेका थिए । पर्वत जिल्लामा ३ सय भन्द बढी सहकारीहरु क्रियाशिल छन्, ति सबैको रकम सहकारी बैंकमा परिचालन गर्न सके संस्था र सदस्यहरुको आयआर्जनमा वृद्धि गर्न सकिने उनीहरुको भनाइ थियो ।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंक लिमिटेडका प्रवन्ध सञ्चालक के.बी. उप्रेतीले सदस्य सहकारी संघ संस्थाहरुको माग बमोजिम शाखा खोल्न सकिने बताउनु भएको थियो । उहाँले शाखा सञ्चालनका लागि जिल्लाका १ सय भन्दा बढी सहकारी संस्थाहरु बैंकको सदस्य बन्नु पर्ने प्रावधान रहेको भन्दै सहकारीहकरुको माग अनुसार नै बैंक अगाडि बढ्ने बताउनु भयो । सहकारीहरुको प्रवर्द्धनका लागि बैंक सदैव सहयोगी रहदै भन्दै प्रवन्ध सञ्चालक उप्रेतीले सहकारीका सदस्यले सबै कारोबार सहकारी संस्था र संस्थाले सबै कारोबार सहकारी बैंकमा गर्नु पर्नेमा जोड दिनुभयो ।

राष्ट्रिय सहकारी बैंकका सञ्चालक रामबहादुर जिसीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जिल्ला समन्वय समिति पर्वतका सदस्य नन्दलाल सुवेदी, पर्वत उद्योग वाणिज्य संघका कोषाध्यक्ष मानसिंह भण्डारी, मल्लाज बहुउद्देश्यीय सहकारी संस्था जलजला पर्वतका अध्यक्ष लालबहादुर अधिकारी, बलेवा सामुदायिक सहकारी बागलुङका अध्यक्ष उमानाथ शर्मा लगायतले बोल्नु भएको थियो । कार्यक्रममा स्वागत मन्तव्य बैंकका कर्मचारी वुद्धराम बल र सञ्चालन निमित्त शाखा प्रमुख सविना श्रेष्ठले गर्नु भएको थियो । यसैबीच बैंकको शाखा स्थापनाका लागि आवश्यक तयारी गर्नका लागि महालक्ष्मी बहुउद्देश्यीय सहकारी संस्थाका लेखा संयोजक यम शर्माको संयोजकत्वमा ७ सदस्यीय समन्वय उपसमिति गठन गरिएको छ ।

समितिका सदस्यहरुमा धनेश्वरी कृषि सहकारीका नवराज गिरी, नमुना व्यवसायिक कृषि सहकारीका खड्गप्रसाद खनाल, कालीगण्डकी वचत तथा ऋण सहकारी संस्थाका गणेश लामिछाने, डिमुवा वचत तथा ऋण सहकारी संस्थाका रुद्रप्रसाद शर्मा, नारी बचत तथा ऋण सहकारी संस्थाका तुप्लाकुमारी शाक्य, थापाठाना महिला वचत तथा ऋण सहकारी संस्थाका कमला सापकोटा रहनु भएको छ । समन्वय समितिले बैंकको सदस्य विस्तारसंगै पर्वतको सहकारी अभियानलाई अगाडि बढाउन सबैसंग समन्वय गरेर अगाडि बढ्ने संयोजक यम शर्माले बताउनु भयो ।

# धरानमा सहकारी संघ/संस्था बीच अन्तरक्रिया कार्यक्रम

धरान,

राष्ट्रिय सहकारी बैंक लिमिटेडको शाखा कार्यालय धरानको आयोजनामा धरानको उद्योग वाणिज्य संघको सभाहलमा सदस्य संघ/संस्थाहरु बीच "निक्षेप तथा शेयर वृद्धि साथै वडा दशै, दिपावली, छठ पर्वको शुभकामना आदन प्रदान" विषयक एक दिने कार्यक्रम ०७४ असोज २ गते सम्पन्न भयो ।

कार्यक्रमका अध्यक्ष तथा बैंकका धरान शाखाका व्यवस्थापन उपसमिति संयोजक नरेश कुमार इवारमले शाखाको आ.व २०७३/७४ को वित्तीय अवस्था, सदस्य संख्या, हालको निक्षेप र कर्जा लगानी साथै सहकारीकर्मीहरुले सहकारी बैंक मार्फत कारोवार गर्नुपर्ने बताउँदै विजय दश्मी, दिपावली र छठ पर्वको शुभकामना समेत दिनुभएको थियो । कार्यक्रममा बैंकका अध्यक्ष रमेश पोखरेलले सहकारीहरुलाई सहकारी बैंकबाट नै कारोवार गर्नुपर्ने, बैंकले तरलताको अभावमा सहकारीहरुलाई कर्जा प्रवाह गर्ने, सरकारको नयाँ सहकारी ऐन, अन्तरराष्ट्रिय सहकारी संस्थाहरुको कार्य शैली र ढाँचाको बारेमा र बैंकका सेवाहरु IPS, Internet Banking र Mobile SMS Banking सेवाले सहकारी संघ/संस्थालाई कसरी व्यवसाय प्रवर्द्धनमा सहायक हुन्छन सो बारे सहभागी संघ/संस्थाका प्रतिनिधिहरुलाई जानकारी गराउनु भएको थियो । साथै धरान व्यवसाय क्षेत्रमा लगानी योग्य रहेको हुँदा सहकारीहरुलाई सो क्षेत्रमा व्यवसाय गर्न समेत सुझाव दिदैं विजय दश्मी, दिपावली र छठ पर्वको शुभकामना समेत दिनुभएको थियो ।

सोही अवसरमा राष्ट्रिय सहकारी संघका लेखा समितिका सदस्य सोम बहादुर



श्रेष्ठले संघको नयाँ भावी योजना, सबै सहकारीहरुले सहकारी ऐनको पालन गर्नुपर्ने, बैंक मार्फत नै कारोवार गर्ने बताउँदै सबै सहकारीकर्मीहरुलाई शुभकामना दिनुभएको थियो। राष्ट्रिय सहकारी बैंक लिमिटेड धरानका शाखा व्यवस्थापन उपसमिति संयोजक नरेश कुमार इवारमको अध्यक्षतामा सम्पन्न कार्यक्रममा धरान शाखाका प्रमुख सुमन कुमार श्रेष्ठले संचालन गर्नुभएको थियो । कार्यक्रममा ८० जना सहकारीकर्मीहरुको सहभागिता रहेको थियो ।

# पाल्पामा राष्ट्रिय सहकारी बैंकको शाखा सञ्चालन गर्न माग
# पुस भित्रै आवश्यक सदस्य संख्या पुऱ्याउने प्रतिवद्धता




पाल्पा,

देशभरका सहकारीहरु संघ संस्थाहरुको प्रवर्द्धन गर्ने उदेश्यका साथ स्थापित सहकारीहरुको एक मात्र राष्ट्रिय सहकारी बैंकको शाखा पाल्पामा स्थापना गर्न जिल्लाका सहकारीकर्मीहरुले माग गरेका छन् ।

जिल्लामा दर्ता भएर विभिन्न क्षेत्रमा काम गर्दै आएका करिब ३ सय सहकारी संघ संस्थाहरुको ४ अर्ब भन्दा बढी कारोबार अन्य बैंकमा हुने गरेको छ, तर सहकारीहरुलाई आवश्यक पर्दा ति बैंकहरुले सहयोग नगर्ने भएकाले सहकारीहरुकै बैंक स्थापना गर्नु पर्नेमा सहभागीहरुले जोड दिएका हुन् ।

राष्ट्रिय सहकारी बैंक शाखा कार्यालय बुटवलको आयोजना तथा जिल्ला सहकारी संघ लिमिटेड पाल्पाको व्यवस्थापनमा भदौ ३० गते आयोजित एक दिने राष्ट्रिय सहकारी बैंक र सदस्य संघ संस्थाहरुबीचको अन्तरक्रिया कार्यक्रमका सहभागीहरुले यस्तो बताएका हुन् । कार्यक्रमका सहभागीहरुले बैंकको शाखा स्थापनाका लागि जिल्लामा रहेका कम्तिमा १ सय वटा सहकारी संघ संस्थाहरुले पुस मसान्त भित्र सदस्यता लिने र शाखा सञ्चालनको माग गर्ने निर्णय समेत गरेका छन् ।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका सञ्चालक एवं सूचना, सञ्चार तथा प्रकाशन उपसमितिका संयोजक रामबहादुर जिसीले सहकारीहरुलाई वित्तीय लगायत विभिन्न सेवा दिने उद्रेश्यले स्थापित बैंकसंग सहकार्य गरी सहकारी मार्फत सदस्यहरुलाई लाभ हुने काम गर्न सहकारीका सञ्चालकहरुलाई आग्रह गर्नु भयो ।

सहकारी बैंकसंगको सहकार्यबाट हुने फाइदाका बारेमा जानकारी गराउदै उहाँले वित्तीय, प्रविधि कानुनी लगायत सहकारीको प्रवर्द्धनमा आउने समस्या समाधानका लागि बैंक सहकारीहरुको सहयोगी हुने बताउनुभयो ।

सहकारी मार्फत दीगो आर्थिक विकास गर्नका लागि सहकारीहरुलाई वित्तीय सेवा, प्रविधि लगायत शिक्षा तथा तालिममा सहयोग गर्ने प्रतिवद्धता सञ्चालक जिसीले गर्नु भयो । बैंकको शाखा सञ्चालनका लागि जिल्लाका सहकारीहरुले सबै कारोबार सहकारी बैंक संग गर्ने प्रतिवद्धता आवश्यक रहेको उहाँको भनाइ थियो । कार्यक्रममा डिभिजन सहकारी कार्यालय पाल्पाका अधिकृत कृष्णबहादुर बोहराले सहकारीको मूल्य, मान्यता र सिद्धान्तलाई आत्मसाथ गरेर अगाडि बढ्ने हो भने सबै सहकारीले राष्ट्रिय सहकारी बैंकको सदस्यता लिने र त्यसै बैंकमा कारोबार गर्नु पर्नेमा जोड दिनुभयो । उहाँले पाल्पामा सहकारी बैंकको शाखा स्थापनाका लागि डिभिजन सहकारी कार्यालयका तर्फबाट सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दै सहकारी संघ संस्थाहरुको क्रियाशिलता भएमा छिटै बैंकको शाखा सञ्चालन हुने बताउनुभयो ।

नेफ्स्कुन प्रदेश नं. ४ का सदस्य टिकाराम भण्डारी, बचत तथा ऋण सहकारी संघ पाल्पाका उपाध्यक्ष जगदिश भट्टराई, बहुउद्देश्यीय सहकारी संघ बागलुङका अध्यक्ष अन्जु जिसी लगायतले सहकारीहरुको एक मात्र बैंकले दिने सेवा सुविधा प्रयोग गरेर समाज रुपान्तरणमा योगदान गर्न सहकारी संघ संस्थाहरुको सक्रियता आवश्यक रहेको बताउनु भएको थियो ।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंक बुटवल शाखाका प्रमुख नरेश पाण्डेले बैंकको समग्र अवस्था सहितको प्रस्तुती गर्नु भएको थियो । प्रस्तुती पछि सहभागीले राखेका जिज्ञासा बारे सञ्चालक रामबहादुर जिसीले प्रष्ट पार्नु भएको थियो । कार्यक्रम जिल्ला सहकारी संघ लिमिटेड पाल्पाका अध्यक्ष कृष्णबहादुर जिसीको अध्यक्षता, उपाध्यक्ष रामबहादुर पन्तको स्वागत र सचिव विष्णु बहादुर बमरेलको सञ्चलनमा सम्पन्न कार्यक्रममा पाल्पा जिल्लाका विभिन्न क्षेत्रका ५० वटा सहकारी संघ संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

## 'बाढी पीडितको सहयोगमा सहकारी, सबैको लागि सधैको लागि'



कुलचन्द्र अधिकारी
संयोजक: लेखासमिति
राष्ट्रिय सहकारी बैंक लि.

बाढी पीडित जनताको सहयोगी हातहरुमा
सहकारी आन्दोलनको संगठीत सहकारी संस्थामा
धेरै थिए सहकारीकर्मी बाढी पीडित रहेकोमा
राष्ट्रिय सहकारी बैंक लिमिटेडको सद्भावनामा
बाढी पीडित प्रधानमन्त्री कोषमा दश लाख भन्दा माथिको चेकमा
सबै सहकारीकर्मी बैंक परिवार सम्माननीय प्रधानमन्त्रीको साथमा
भोलिका दिनमा थप सपोर्ट गर्छौं सहकारीकर्मीहरुमा
दु:ख को बेला हैसेमा होस्टे सहकारी बैंक परिवारमा
एकता सधै भएर सधै सहकारी आन्दोलनको क्षेत्रमा
सहकारी जनताको शक्ति
गाउँ बस्ती शहर बजार संगठीत गराइयो
गाउँ गाउँमा सहकारी घरघरमा रोजगारी दिलाइयो
वेरोजगारी मजदुर किसानहरुको घरआँगन उज्यालो पारियो
लाखौं लाख सहकारीकर्मी संगठीत गराइयो
पैत्तिस हजार सहकारीमा ठुलो हिस्सा उठाइयो
थोर बहुत सहकारीमा कारोवारमा समस्या देखियो
सबै समस्या हल गर्न सबैलाई सचेत गराइयो
सहकारी अभियानमा महिला पुरष सबैलाई ल्याइयो
बोल्न लेख्न कारोवार गर्न सहकारी भित्र सिकाइयो
बलियो शक्ति सहकारी नै हो भन्ने सन्देश दिइयो
सबैको सामु सहकारी इतिहास चाँडै नै विकास गरियो
आफ्नो जग्गा खाली राखी तरकारी खरीद गरी थप खाली जग्गालाई
आफ्नै जग्गामा तरकारी खेती गरी उत्पादन वृद्धि गर्नेलाई
प्रोत्साहन गरियो विना धितो ऋण दिइयो सहकारीमा उठाइ
आर्थिक क्रन्ति सफल पार्ने सहकारी आन्दोलनलाई डोराई
लामो समयको पर्खाइमा जनताको जित भएको छ
सबैको एकता सबैको सजकता सहकारी बलियो भएको छ
विश्वको सहकारी नेपाली भूमिमा उरवरा शक्ति भएको छ
सबैमा सहकारी सबैले सहकारी सदस्यता लिनुछ
नेपालको सहकारी विश्वको भूमि शक्तिशाली देखाउनुछ ।

# राष्ट्रिय सहकारी बैंकको सेवा प्रभाव सम्बन्धि अन्तरक्रिया कार्यक्रम

*दमौली,*

राष्ट्रिय सहकारी बैंक लिमिटेडको शाखा कार्यालय दमौलीको आयोजनामा "सहकारी संघ/संस्थाको व्यवसाय प्रवर्द्धनमा राष्ट्रिय सहकारी बैंक र सहकारी संघ/संस्था बिच सम्बन्ध" विषयक एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा बैंकका प्रबन्ध संचालक के.वी उप्रेतीले बैंकले सहकारी संघ/संस्थाका आवश्यकता अनुसारका सेवा दिईरहेको बारे बताउँदै बैंकले आफ्नो स्थापना दिवसको अवसर परि शुरुवात गरेका IPS, Internet Banking/ Mobile SMS Banking सेवाले सहकारी संघ/संस्थालाई कसरी व्यवसाय प्रवर्द्धनमा सहायक हुन्छन् सो बारे जानकारी दिनुभयो, साथै बैंकले भविष्यमा के कस्ता सेवा सुविधा, योजना र भावी कार्यक्रमहरु ल्याउँदा सहकारी संघ/संस्थाहरुलाई टेवा पुग्छ सो बारे सुझाव लिदैं कार्यक्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभएको थियो ।

केन्द्रीय दुग्ध सहकारी संघ र तनहुँ जिल्ला दुग्ध सहकारी संघको अध्यक्ष अमर बहादुर कुँवरको अध्यक्षतामा सम्पन्न अन्तरक्रिया स्वागत मन्तव्य राख्दै बचत तथा ऋण सहकारी संघ लिमिटेड तनहुँका अध्यक्ष देवी बहादुर बस्नेतले राष्ट्रिय सहकारी बैंक लिमिटेडले सम्पूर्ण प्रकारका सहकारी संघ/संस्थालाई समेट्दै सहकारी संघ/संस्थाको व्यवसाय वृद्धिमा हातेमालो गरि अगाडी बढेको प्रति खुसि व्यक्त गर्नुभयो,



तनहुँ, गोरखा र लमजुंगका विभिन्न प्रकारका सहकारी संघ/संस्थाहरु ८० जना सहकारीकर्मीहरुको सहभागिता रहेको कार्यक्रममा बैंकको शाखा कार्यालय दमौलीबाट उपलब्ध सेवा बारे बैंकका दमौली शाखा प्रमुख दिब्य कुमार के.सी.ले जानकारी दिनुभयो । कार्यक्रम बैंकको दमौली शाखाका निवर्तमान शाखा प्रमुख विनोद भट्टराई र दमौली शाखाका कर्मचारी सुमित्रा अधिकारी द्वयको संयुक्त संचालनमा सम्पन्न भएको थियो ।

# इनरुवामा बैंकको अन्तरक्रिया कार्यक्रम

*इनरुवा,*

राष्ट्रिय सहकारी बैक लिमिटेडको इटहरी शाखा कार्यालयको आयोजनामा इनरुवा स्थित निर्माण व्यवसायी संघको हलमा एक दिने शेयर, निक्षेप वृद्धि तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रमको प्रमुख अथिति बैंकका अध्यक्ष रमेश प्रसाद पोखरेलले कार्यक्रमको उद्घाटन गर्नु हुदै बैंकको शेयर, निक्षेप वृद्धिमा सहभागी हुन सहकारी संस्थालाई आह्वान गर्नु भयो । राष्ट्रिय सहकारी संघको संचालक शिव कुमार डाँगीको विशिष्ठ आतिथ्यतामा, राष्ट्रिय सहकारी संघ लिमिटेडका लेखा समितिका सदस्य तथा इटहरी शाखा कार्यालय समन्वय समितिका संयोजक सोम बहादुर श्रेष्ठको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो । इटहरी शाखा कार्यालय समन्वय समितिका सदस्य कुसल चन्द्र विश्वासबाट संचालन भएको उक्त कार्यक्रममा इटहरी शाखा कार्यालयका शाखा प्रमुख बिरबल राजबंशीले शाखा कार्यालयको हालको वित्तीय अवस्था र बैंक नबिनतम सेवा बारेमा प्रस्टाउनु भएको थियो । उक्त कार्यक्रममा विभिन्न सहकारी संघ संस्थाहरुका १७१ जना सहकारीकर्मीहरुको उपस्थिति रहेको थियो ।

## कोपोमिस कार्यक्रममा सहभागिताका लागि सहकारी संघ/संस्थाहरूलाई जरुरी सूचना

**सहकारी तथा गरिबी व्यवस्थापन सूचना प्रणाली (CoPoMIS) सहकारी तथा गरिबी निवारण क्षेत्रको एक औपचारिक र आधुनिक सूचना तथा संचार प्रविधिमा आधारित व्यवस्थापन सूचना प्रणाली हो । सहकारी क्षेत्रको सूचना तथा तथ्यांकहरुलाई नियमित, विश्वसनिय र वास्तवीक बनाई व्यवस्थापन सूचना प्रणालीमा आधारित अनुगमन तथा नियमन पद्धति स्थापित गर्न सहकारी तथा गरिवी निवारण मन्त्रालयद्वारा तयार भएको कोपोमीस हाल कार्यान्वयनमा आइसकेको छ ।**

**यसले सहकारी संघ/संस्थालाई व्यवस्थापकीय र वित्तीय सूचना प्राप्त गर्न, संस्थाले गर्नुपर्ने कार्यहरुलाई अनलाईन पद्धतिमा रुपान्तरण गर्न, पारदर्शीता र जवाफदेहिताको प्रवर्धन गर्न, आन्तरिक नियन्त्रण पद्धतिलाई स्थापित गर्दै सुशासन कायम गर्न सहयोग पुऱ्याउने छ । यो वेभमा आधारित प्रणाली हो । यसमा तथ्यांक र विवरणको प्रविष्ट इन्टरनेट सुविधा उपलब्ध हुने संघ/संस्थाहरुले आफै र नहुनेले डिभिजन सहकारी कार्यालय मार्फत गराउन सक्नेछन् । यसबाट सहकारी सम्बन्धी कानून, निति, मापदण्ड, अभ्यास आदिको कार्यान्वयन गर्न आवश्यक सूचना एकै पटक प्राप्ती गर्न सहज हुनेछ । यस मार्फत सहकारी संघ/संस्थाको व्यवस्थापन तथा अनुगमन प्रभावकारी हुने , वित्तीय अवस्था तथा जोखिमको सम्बन्धमा जानकारी हुने, पर्ल्स एवं परियोजनागत वित्तीय विश्लेषण गर्न सहज हुने तथा लेखा परिक्षण गराउने कार्यमा मद्दत पुग्नेछ । सहकारी क्षेत्र मार्फत भएको उत्पादन, खरिद उत्पादन, खरिद, विक्री लगायतको समग्र कारोवारको यथार्थ विवरण पहिचान गर्न सकिनेछ । कोपोमीस मार्फत कार्य सम्पादनमा सरल, सहज छिटो छरितो हुनेछ ।**

**यस प्रविधि भित्र छुट्टाछुट्टै सहकारीले आफ्नो सहकारीका मासिक तथा वार्षिक प्रतिवेदन, निवेदन दाखिला, आन्तरिक कार्य, आर्थिक प्रतिवेदन, गरिबीको सङ्ख्या लगायत अद्यावधिक गर्ने व्यवस्था गरिएकाले यसमा तत्काल सहभागी हुनका लागि सम्पूर्ण सहकारी संघ/संस्थाहरुलाई सूचित गरिन्छ । सम्बन्धित डिभिजन सहकारी कार्यालय मार्फत युजर नेम र पासवर्ड लिई आवश्यक कार्य अगाडी बढाउन सम्पूर्ण सहकारी संघ/संस्थाहरुलाई यो सूचना जारी गरिएको छ ।**

नेपाल सरकार
**सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**सहकारी विभाग**
नयाँ बानेश्वर, काठमाडौं ।

# अन्तर्राष्ट्रिय कार्यक्रम, शैक्षिक भ्रमण तथा गोष्ठीमा बैंकको सहभागिता

- The Indonesian Cooperative Movement (DEKOPIN) को आयोजनामा ASEAN Cooperative Organization (ACO) and the Ministry of Cooperative and Small Medium Enterprises Republic of Indonesia को सहयोगमा The 3rd Indonesian Cooperative Congress and The 70th Indonesian Co-op Day को संयोजनमा जुलाई ११ देखि १४ सम्म Karebosi Square Makassar को Indonesia मा हुन लागेको Cooperative Business Forum and Trade Fair “Cooperative for Sustainable Business” नामक अन्तर्राष्ट्रिय कार्यक्रममा यस बैंकका संचालक देव राज पराजुली, बैंकका सहायक प्रबन्धक मोहन बहादुर कार्की, जनसहयोगी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, दोलखाका अध्यक्ष भक्त के.सी. र नागरिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड, दोलखाका अध्यक्ष दिपक धनुखेले सहभागी हुनुभएको छ ।

- CICTAB को आयोजनामा जुलाई २४ देखि २८ गते सम्म NCC, Colombo, Srilanka मा हुन लागेको "Cooperative Governance for the Board of Directors of Rural Financing Institutions and Cooperatives" नामक अन्तर्राष्ट्रिय बैठकमा यस बैंकको सदस्य संस्था सद्भाव बचत तथा ऋण सहकारी संस्थाका ऋण उप-समितिका सदस्य विष्णुहरि सापकोटाले सहभागिता जनाउनुभएको छ ।

- CICTAB को आयोजनामा अगष्ट २८ देखि ३१ सम्म National Institute of Bank Management (NIBM), Pune मा हुन लागेको "Women's Development Through Microfinance" नामक अन्तर्राष्ट्रिय तालिम कार्यक्रममा यस बैंकका कर्मचारी किशन श्रेष्ठ चोच्छे, ओम मिथिला बचत तथा ऋण सहकारी संस्था लिमिटेडका प्रतिनिधिहरु गणेश राउत र बसन्त कुमार मण्डलले सहभागिता जनाउनुभएको छ ।

- ACCU को आयोजनामा सेप्टेम्बर १६ देखि २१ सम्म Colombo, Srilanka मा हुन लागेको Asian Credit Union Forum 2017 को CEO Pre-Forum Workshop, HRD/Woman/Youth Pre-Workshop र Asian Credit Union Forum and AGM मा बैंकका प्रबन्ध संचालक के.बी. उप्रेती र लेखा समिति सदस्य सागर नेपालले सहभागीता जनाउँदैहुनुहुन्छ । बैंकको संयोजनामा बैंकका सदस्य सहकारी संघ संस्थाहरुका प्रतिनिधि सहित ३० जना सहभागी हुनुभएको छ ।

- साथै International Co-operative Alliance (Asia-Pacific) को आयोजनामा र Access Livelihood Consulting (India) को सहयोगमा सेप्टेम्बर १४ देखि १५ सम्म Administrative Staff College of India (ASCI) in Hyderabad, Telangana मा हुनगई रहेको "Consultation on Autonomy & Independence of Co-operatives" नामक अन्तरराष्ट्रिय कार्यक्रममा बैंकका सहायक प्रबन्धक तथा कर्जा विभागका प्रमुख प्रमोद कुमार घिमिरेले सहभागिता जनाउनुभएको छ ।

- ACCU को आयोजनामा हुन गईरहेको अन्तर्राष्ट्रिय कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका सदस्य संस्थाहरुका अध्यक्ष तथा संचालकहरुले सहभागिता जनाउँदै हुनुहुन्छ । अक्टोबर ९ देखि १२ सम्म Bangkok को Thailand मा हुन लागेको “2017 ACCU Supporter Membership Exposure Program Catalyzing Credit Union Development” नामक अन्तर्राष्ट्रिय कार्यक्रममा बैंकका सदस्य संस्था चाइना ट्रेड बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका उपाध्यक्ष रमेश कुमार श्रेष्ठ, विन्दबासीनी बचत तथा ऋण सहकारी संस्था लिमिटेडका संचालक अच्युत प्रसाद गुरागाईं र जनसचेतना बचत तथा ऋण सहकारी संस्था लिमिटेडका शेयर सदस्य मोहन प्रसाद पाठकले सहभागिता जनाउनुभएको छ ।



- CICTAB को आयोजनामा अक्टोबर ९ देखि १३ सम्म Gurgaon, Haryana भारतमा आयोजना हुन गईरहेको "International Program on Development of Managerial Skills for Agricultural Cooperatives and Rural Financing Institution" विषयक अन्तराष्ट्रिय तालिम कार्यक्रममा बैंकले सहभागिता जनाएको छ । बैंकका कर्मचारी राम कुमार तिमल्सिना सहित देशभरबाट बैंकमा आबद्ध बिभिन्न प्रकृतिका १३ वटा सहकारी संघ/संस्थाका प्रतिनिधिहरुले यस कार्यक्रममा सहभागिता जनाउनुभएको छ ।

- Cooperative College, UK को आयोजनामा Manchester, UK मा हुन लागेको "Cooperative Study Visit" मा राष्ट्रिय सहकारी संघमा आवद्ध सहकारी संघ/संस्थाका सहकारीकर्मीहरुले सहभागिता जनाउनुभएको छ ।

- ACCU ले अक्टोवर १ देखि ७ सम्म थाइल्याण्डको बैंककमा आयोजना गर्न लागेको २२ औं Development Education Workshop मा बैंकका सहायक प्रबन्धक तथा आन्तिरक लेखा परिक्षण विभागका प्रमुख भरत कुमार चिमरिया, सदस्य सहकारी संस्था क्यापिटल साकोसका संचालक अच्युत राज बुढाथोकी र कास्की बचत तथा ऋण सहकारी संघका संचालक नारायण प्रसाद आचार्यले सहभागीता जनाउँदै हुनुहुन्छ ।

- CICTAB को आयोजनामा नोभेम्बर १ देखि ४ गते सम्म न्याचनबयल, ज्बचथबलब भारतमा आयोजना हुन गईरहेको “Agriculture & Rural Development Through Cooperative Business Model” विषयक अन्तर्राष्ट्रिय तालिम कार्यक्रममा बैंकका सदस्य सहकारी संघ/संस्थाका ४ जना प्रतिनिधिहरुले सहभागिता जनाउनुभएको छ ।

# सहकारीका व्यवस्थापकहरूको राष्ट्रिय सहकारी व्यवस्थापन कार्यक्रम

*काठमाडौं,*

देशभरका विभिन्न सहकारी संघ/संस्थाका कार्यकारी प्रमुख तथा व्यवस्थापकहरुका लागि राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजनामा र ACCU को प्राविधिक सहयोगमा संचालन गरेको २ दिने राष्ट्रिय सहकारी व्यवस्थापन कार्यक्रम मंसिर ४ काठमाडौंमा सम्पन्न भएको छ ।

सहकारी बैंकको अवस्था, सेवा सुविधा लगायत सहकारी क्षेत्रलाई सशक्तिकरण, जोखिम व्यवस्थापन, संस्थागत सुशासन, अनुगमन प्रणाली, संस्थाको छवि निर्माणमा व्यवस्थापकको भूमिका, सहकारी अनुगमन प्रणाली लगायतका विषयमा छलफल गरी थप प्रभावकारी बनाउने उदेश्यका साथ कार्यक्रम आयोजना गरिएको बैंकले जनाएको छ ।



बैंकका प्रबन्ध संचालक के. बी. उप्रेतीको अध्यक्षतामा, नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग प्रमुखको उपेन्द्र कुमार पौडेलको प्रमुख अतिथ्यतामा, एशियाली ऋण महासंघ (अक्कु), थाइल्याण्डका प्रमुख कार्यकारी निर्देशक Ms. Elenita V San Roque, (Leni), अक्कुका पूर्व प्रमुख कार्यकारी अधिकृत तथा प्रोजेक्ट म्यानेजर रन्जित हितराची, बैंकका लेखा समिति संयोजक कुलचन्द्र अधिकारी, बैंकका संचालक रामशरण शर्मा घिमिरे, सरिता भट्टराई, रामहरि बजगाई, देवराज पराजुली, लेखा समिति सदस्य सागर नेपाल, शिक्षा तथा तालिम उप-समितिका सदस्य रामशरण बस्नेत, राजेन्द्र पौड्याल र रामचन्द्र शर्मा लगायतका अथितिहरुको आतिथ्यता कार्यक्रम संचालक भएको थियो । कार्यक्रमको सञ्चालन बैंकका सञ्चालक ज्ञान बहादुर तामाङ्ले गर्नुभएको थियो भने स्वागत सञ्चालक सरिता भट्टराईको गर्नुभएको थियो ।

कार्यक्रमको उद्घाटन गर्दै नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक, लघुवित्त विभागका प्रमुख उपेन्द्र कुमार पौडेलले सहकारी क्षेत्रले वित्तीय साक्षरता अभिवृद्धिमा महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउनु भयो । सहकारी क्षेत्रले जनतामा वित्तीय साक्षरतासंगै ग्रामिण क्षेत्रमा रहेका विपन्न वर्गका जनताको आयआर्जन वृद्धिमा प्रभावकारी बन्दै गएको पौडेलको भनाइ थियो । उहाँले सहकारीको भूमिका थप बढाउनका लागि उदेश्य अनुरुप कर्जा परिचालन, उत्पादनशिल क्षेत्रलाई प्राथमिकता, संस्थागत सुशासन, आन्तरिक अनुगमन प्रणालीमा सुधार र दक्ष कर्मचारीको व्यवस्थापन आवश्यक रहेको बताउनु भयो । कार्यक्रमको सहजीकरण अक्कुका प्रमुख कार्यकारी निर्देशक Ms. Elenita V San Roque, (Leni) र पूर्व प्रमुख कार्यकारी अधिकृत तथा प्रोजेक्ट म्यानेजर रन्जित हितराचीले गर्नुभएको थियो ।

बैंकका प्रबन्ध संचालक उप्रेतीले सहकारी क्षेत्रको वित्तीय लगायत संस्थागत विकासमा बैंकको भूमिका थप विस्तार र व्यवस्थित गर्नका लागि कार्यक्रम सहयोगी हुने बताउनु भयो । साथै तालिमको समापन गर्दै उहाँले हालै कार्यान्वयनमा आएको नँया सहकारी ऐनको बारेमा प्रशिक्षार्थीलाई जानकारी दिनु भयो । तालिम अवसरमा प्रशिक्षार्थीबाट आएका केहि जिज्ञाशाको जवाफ दिनु हुँदै उहाँले तालिमबाट सिकेका कुरा आफ्नो सहकारीमा लागु गरि सदस्यको जीवनस्तर उठाउन लागि पर्न जरुरी रहेको बताउनु भयो । कार्यक्रममा बैंकमा आवद्ध विभिन्न सहकारी संघ/संस्थाका एक सय जना भन्दा बढी व्यवस्थापकहरुको सहभागिता रहेको थियो । साथै तालिमका प्रशिक्षार्थी परमेश्वरी ज्ञवाली (भृकुटी महिला विकास साकोस, दाङ) तथा राजकुमार बराल (सुनपकुवा स्वाबलम्बी साकोस, मोरंग) द्वारा तालिम अवसरमा सिकेको कुरा र समग्र तालिमको बारेमा आफ्नो मन्तव्य राख्नु भएको थियो ।

# प्रशिक्षक प्रशिक्षण कार्यक्रम

*नगरकोट,*

राष्ट्रिय सहकारी बैंक लिमिटेडको कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि ७ दिने आवासीय "प्रशिक्षक प्रशिक्षण कार्यक्रम (TOT)" नगरकोटको हिल साइड भिलेज रिसोर्टमा सम्पन्न भएको छ । प्रशिक्षक प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्नु हुँदै बैंकको तालिम विभाग प्रमुख रामबाबु आचार्यले बैंकको सम्पूर्ण कर्मचारीहरुलाई प्रशिक्षक बनाउने सोंचका साथ पहिलो चरणमा यो प्रशिक्षक प्रशिक्षण कार्यक्रम (TOT) को आयोजना गरिएको बताउनु भयो । शाखा प्रमुख तथा कर्पोरेट कार्यालयका अधिकृत स्तरका २२ जना कर्मचारीको यस प्रशिक्षक प्रशिक्षण कार्यक्रममा सहभागीता रहेको छ भने पर्यवेक्षकको रुपमा बैंकका विभागीय प्रमुखहरुको पनि सहभागिता रहेको थियो । सहभागिता मुलक रहेको यस कार्यक्रममा सहजीकरण उषा मल्ल सिंह तथा विकल प्रसाद शेरचनबाट भएको छ ।

# "NCBL's Role In SDGs" कार्यक्रम सम्पन्न

काठमाडौं,

राष्ट्रिय सहकारी बैंक लिमिटेडका संचालक समितिका पदाधिकारीहरु, लेखा समितिका पदाधिकारीहरु, बैंकका विभिन्न उप-समितिका पदाधिकारीहरु तथा उच्च व्यवस्थापनका कर्मचारीहरुलाई "NCBL's Role In SDGs" विषयक दुई दिने कार्यक्रम काठमाडौंमा सम्पन्न भएको छ ।

कार्यक्रमको शुरुवात राष्ट्र बैंकका लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षक विभागका उप-निर्देशक रामहरि दाहालले राष्ट्र बैंकको निर्देशिकहरुको बारेमा प्रष्टाउनु भएको थियो । साथै अन्तर्राष्ट्रिय अभ्यासमा सहकारी बैंकको दिगो विकासको लक्ष्य भूमिका तथा बैंकले दिने सेवा सुविधाहरुको बारेमा अक्कुका प्रमुख कार्यकारी निर्देशक Ms. Elenita V. San Roque (Leni) र पूर्व प्रमुख कार्यकारी अधिकृत तथा Project Manager Ranjith Hettiarachchi ले सहजीकरण गर्नुभएको थियो ।

कार्यक्रमको अन्तिम दिन उक्त कार्यक्रमका सहजकर्ताद्वय अक्कुका प्रमुख कार्यकारी अधिकृत Ms. Elenita V. San Roque (Leni) र पूर्व प्रमुख कार्यकारी अधिकृत तथा Project Manager Ranjith Hettiarachchi ले बैंकको रणनैतिक योजना माथिको छलफलमा महत्वपूर्ण सुझावहरु दिनुभयो ।

उक्त अवसरमा उहाँहरुले बचत तथा ऋण कारोबार गर्ने सहकारीको ACCESS (A-one Competitive Choice for Excellence in Service & Soundness) Branding Certification को परिचय तथा प्रक्रियाका बारेमा सहभागीहरुलाई प्रशिक्षित गर्नुका साथै निकट भविस्यमा बैंकले उक्त ACCESS Branding Certification सुरुवात गर्न लागेकोमा खुशी व्यक्त गर्दै सफलताको शुभकामना दिनु भएको थियो । साथै उक्त Branding Certification गर्नु पूर्व पुर्बाधार निर्माणको लागि बैंकले आफ्नो योजना अनुसारको Pre-ACCESS Branding Certification संचालन गर्न लागेकोमा आफ्नो सहयोग रहने बताउनु भयो ।

उहाँहरुले बैंकको योजना अनुसार बैंकमा आबद्ध बहुउद्देशीय सहकारी संस्थाहरु तथा अन्य प्रकृतिका सहकारी संस्थाहरुको लागि पनि Branding Certification सुरु गर्न लागेकोमा त्यसको तयारी गर्न प्राबिधिक परामर्श सहयोग गर्न सकिने बताउदै यसबाट नेपालको सहकारी क्षेत्रको वृहत्तर विकास हुनेमा आफुहरुले विश्वास लिएको बताउनु भएको थियो ।

समापन कार्यको अन्तिममा सहभागीहरुलाई प्रमाण पत्र वितरण गर्दै अक्कुका प्रमुख कार्यकारी अधिकृत Ms. Elenita V. San Roque (Leni) ले राष्ट्रिय सहकारी बैंक लिमिटेड तथा समग्र सहकारी क्षेत्रको विकासको लागि आफुहरु जस्तो सहयोग गर्न पनि तयार रहेको बताउनु भएको थियो । साथै नेपालको सहकारी क्षेत्रबाट दिगो विकास लक्ष्य प्राप्तिमा महत्वपूर्ण योगदान रहने कुरामा कसैको दुइमत नरहने विश्वास व्यक्त गर्नु भयो । यसै गरि बैंकका प्रबन्ध संचालक के.बी. उप्रेतीले सहजकर्ता द्वयलाई मायाको चिनोको साथ साथै धन्यवाद ज्ञापन गर्नु हुदै समग्र सहकारीको दिगो विकासको लागि उहाँहरुको सुझावलाई आत्मसाथ गर्दै बैंक लागि पर्ने बताउनु हुँदै आगामी दिनमा पनि यस्तै सहयोगको अपेक्षा गरेको बताउनु भयो ।

# ICA का Global Board Member सम्मानित




राष्ट्रिय सहकारी बैंक लिमिटेडले ICA को हालै मलेसियामा सम्पन्न भएको साधारण सभाबाट Global Board Member मा निवार्चित हुनु भएको राष्ट्रिय सहकारी महासंघका उपाध्यक्ष ओमदेवी मल्ललाई सम्मान गरेको छ । बैंकले संचालन गरेको २ दिने सहकारीका व्यवस्थापकहरुको राष्ट्रिय सहकारी व्यवस्थापन कार्यक्रमको समापनको अवसरमा तालिमका प्रशिक्षकद्वय Ms. Elenita V San Roque (CEO, ACCU), Mr. Ranjith Hettiarachchi (CTO, ACCU) तथा बैंकको लेखा समिति संयोजक कुलचन्द्र अधिकारीले छुट्टाछुट्टै दोसल्ला र बैंकको प्रबन्ध संचालक के.बी. उप्रेतीले सम्मान पत्र प्रदान गरि सम्मानित गरेको हो । कार्यक्रममा बोल्नु हुदै प्रमुख अतिथि सम्मानित व्यक्तित्व मल्लले Global Board Member मा नेपालबाट प्रतिनिधित्व गर्न पाउँदा खुशी लागेको तथा राष्ट्रको नै गौरवको विषय भएको बताउनुको साथै आफ्नो कार्यकालमा नेपालको सहकारी क्षेत्रको विकासमा लागि पर्ने बताउनु भयो ।

कार्यक्रममा बोल्नु हुदै बैंकका प्रबन्ध संचालक के.बी. उप्रेतीले सबैको सहयोगबाट नै नेपाल ICA को Global Board Member मा निवार्चित भएको स्मरण गर्दै सम्मानित व्यक्तित्व मल्ललाई बधाई दिनुको साथै सफल कार्यकालको शुभकामना दिनु भयो ।

# अन्तरक्रिया कार्यक्रम सम्पन्न

*लहान,*

राष्ट्रिय सहकारी बैंक लिमिटेडको शाखा कार्यालय लहानको आयोजनामा कार्तिक २९ गते एकदिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । जागृति सभाहल गोलबजार सिरहामा सम्पन्न कार्यक्रममा मिर्चैया, चोहर्वा र गोलबजार लगायतका क्षेत्रवाट विभिन्न प्रकारका ३० वटा सहकारी संघ/संस्थाका ३४ जना सहकारीकर्मीहरुको उपस्थिति थियो । बैंकले दिने सेवामा त्यस क्षेत्रका सम्पूर्ण सहकारी संस्थाहरुलाई आबद्ध बनाउने लक्ष्य सहित सम्पन्न गरिएको अन्तरक्रिया कार्यक्रममा शाखा कार्यालय लहानका प्रमुख चिरन्जीवी तिम्सिनाले सहकारी बैंक र अन्य बैंक विच भिन्नता, बैंकको परिचय, बैंकको महत्व, बैंकको उद्देश्य, खाता संचालन प्रक्रिया, ब्याजदर लगायत वारे उपस्थित सहकारीकर्मीहरुलाई जानकारी दिनुभएको थियो भने लहान शाखाका कर्मचारी समिर श्रेष्ठले बैंकले सहकारी संस्थाहरुलाई प्रदान गरेका सेवाहरु बचत, कर्जा, आधुनिक बैंकिंगका उपकरण लगायतका सेवाहरु, तालिम तथा अन्तर्राष्ट्रिय गोष्ठी लगायतका विषय वारे जानकारी दिनुभएको थियो ।

त्यस्तै कार्यक्रममा सहभागी सहकारीकर्मिहरुले शाखा समन्वय उप-समिति गठन हुनुपर्ने, कर्जा तर्फ ब्याजदर कम गर्ने र शाखा कार्यालय लहान बजारमा भएकोले गोलबजार क्षेत्रका सहकारी संस्थाहरुलाई सहयोग हुने गरि Extension Counter समेत संचालन गर्नुपर्ने लगायतका सुझावहरु दिएका थिए ।

राष्ट्रिय सहकारी बैंक लिमिटेड
केन्द्रिय कार्यालय ,कुपण्डोल, ललितपुर
लेखा परिक्षण नभएको वित्तिय विवरण (अपरिस्कृत)
पहिलो त्रैमास आ.व. २०७४/०७५ (मिति २०७४/०६/३१) रकम रु हजारमा

| क्र.सं. | विवरण | यस त्रैमासमा | गत त्रैमासमा | गतवर्षको यस त्रैमासमा |
|---|---|---|---|---|
| १ | कुल पुँजी तथा दायित्व (१.१ देखि १.७) | १४,६२३,०६३ | १६,१३०,४४३ | ११,४९०,१७८ |
| १.१ | शेयर पुंजी | ८९७,६५४ | ८६२,२७६ | ७८२,३०३ |
| १.२ | जगेडा तथा कोषहरु | १७०,७२१ | २७३,२२१ | २२०,७१९ |
| १.३ | ऋणपत्र तथा बण्ड | - | - | - |
| १.४ | तिर्न बाँकी कर्जा सापट | ३६७,४७९ | ७०४,०६१ | ६८०,७४६ |
| १.५ | निक्षेप दायित्व | १२,७७६,९६१ | १४,०३१,३७९ | ९,५८५,३४० |
| | क. स्वदेशी मुद्रा | १२,७७६,९६१ | १४,०३१,३७९ | ९,५८५,३४० |
| | ख.विदेशी मुद्रा | - | - | - |
| १.६ | आयकर दायित्व | | | |
| १.७ | अन्य दायित्व | ४१०,२४८ | २५९,५०६ | २२१,०७० |
| २ | कुल सम्पती (२.१ देखि २.७) | १४,६२३,०६३ | १६,१३०,४४३ | ११,४९०,१७८ |
| २.१ | नगद तथा बैंक मौज्दात | ३,५८५,८३६ | ४,५७८,९०२ | २,५५८,२८६ |
| २.२ | माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | - | | - |
| २.३ | लगानी | १,९७५,११५ | २,४५५,११५ | १,७३५,११५ |
| २.४ | कर्जा सापट तथा बिल खरिद | ८,७४४,१४५ | ८,७९९,१४८ | ६,८९८,२७२ |
| २.५ | स्थिर सम्पती | १६६,६८९ | १६५,८९५ | १६२,०१२ |
| २.६ | गैर बैंकिङ्ग सम्पती | - | - | - |
| २.७ | अन्य सम्पती | १५१,२७८ | १३१,३८३ | १३६,४९३ |
| ३ | नाफा नोक्सान हिसाब | | | |
| ३.१ | ब्याज आम्दानी | ४०६,२७९ | १,२४५,९५० | २२४,१५५ |
| ३.२ | ब्याज खर्च | २८९,९०१ | ७५२,५६९ | १२३,०७८ |
| | खुद ब्याज आम्दानी | ११६,३७८ | ४९३,३८० | १०१,०७७ |
| ३.३ | कमिशन तथा डिस्काउण्ट | १९४ | १,७५६ | ७५ |
| ३.४ | अन्य सन्चालन आम्दानी | १३,३८० | ६७,३६५ | १२,२९७ |
| ३.५ | सटही घटबढ नाफा/नोक्सान | - | - | - |
| | कुल सन्चालन आम्दानी | १२९,९५२ | ५६२,५०१ | ११३,४४९ |
| ३.६ | कर्मचारी खर्च | ३२,५५२ | १२९,२८० | ३१,५८४ |
| ३.७ | अन्य संचालन खर्च | १२,५५८ | ६८,२८४ | ११,९२९ |
| | सम्भावित नोक्सानी व्यवस्था अघिको सन्चालन मुनाफा | ८४,८४१ | ३६४,९३७ | ६९,९३६ |
| ३.८ | सम्भावित नोक्सानी व्यवस्थाहरु | ७८,५४८ | ३६३,४०१ | ९९,५४६ |
| | सन्चालन मुनाफा | ६,२९३ | १,५३६ | (२९,६१०) |
| ३.९ | गैर संचालन आम्दानी/खर्च | (१२६) | २२ | ४५ |
| ३.१० | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | १३,१५१ | २२१,६८८ | २६,५६४ |
| | नियमित कारोबारबाट भएको मुनाफा | १९,३१७ | २२३,२४६ | (३,००१) |
| ३.११ | असामान्य कारोबारबाट भएको आम्दानी/खर्च | - | २,६८३ | |
| | सम्पुर्ण कारोबार समावेश पछिको खुद मुनाफा | १९,३१७ | २२५,९२९ | (३,००१) |
| ३.१२ | कर्मचारी बोनस व्यवस्था | १,७५६ | २०,५३९ | |
| ३.१३ | आयकर व्यवस्था | ३,५१२ | ४३,१८३ | |
| | खुद नाफा/नोक्सान | १४,०४९ | १६२,२०७ | (३,००१) |
| ४ | अनुपातहरु | | | |
| ४.१ | जोखिम भारित सम्पतीमा पुँजीको पर्याप्तता (प्रतिशत) | १०.५४ | ११.२६ | ११.०१ |
| ४.२ | निष्क्रिय कर्जा/कुल कर्जा (प्रतिशत) | ३.५३ | २.५८ | ४.१९ |
| ४.३ | कर्जा नोक्सानी व्यवस्था/निष्क्रिय कर्जा | १०१.६८ | १११.५५ | ७९.७४ |
| ४.४ | पुजिको औसत लागत | ७.७७ | ९.३३ | ४.७३ |
| ४.५ | कर्जा /निक्षेप अनुपात (प्रतिशत) | ६८.४४ | ६२.७१ | ७१.९७ |

# कर्मचारीहरुको लागि ३ दिने कार्यालय व्यवस्थापन तालिम

*ललितपुर,*

बैंकका उपत्यका लगायत उपत्यका बाहिर जिल्लामा वरिष्ठ सहायक तथा सहायक पदमा कार्यरत कर्मचारीहरु बीच ३ दिने कार्यालय व्यवस्थापन तालिम राष्ट्रिय सहकारी संघको सभाहल कक्षमा असोज २६ गते सम्पन्न भएको छ । सो तालिम कार्यक्रमकमा बैंकका तालिम विभागका प्रमुख रामबाबु आचार्यले तालिमको उद्देश्य र महत्वको बारेमा बताउँदै यस तालिमका सम्पूर्ण विषय बस्तुहरुलाई ग्रहण गर्न निर्देशन दिंदै तालिम सफलताको शुभकामना दिनुभयो ।

सो कार्यक्रममा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट) का पियुष मान शाक्यले जाली नोट पहिचान विधि र ग्राहक सम्बन्ध व्यवस्थापनको बारेमा सहजीकरण गर्नुभएको थियो भने नेशनल इन्स्टिच्युट फर लिडरशिप डेपलपमेण्टका लाइफ कोच तथा मोटिभेटर उषा मल्ल सिंहले कर्मचारी उत्प्रेरणा, व्यवहार परिवर्तन, व्यक्तित्व विकास र सकारात्मक सोच विषयमा जानकारी गर्नुभयो ।

त्यसैगरी बैंकका विभिन्न विभागका विभागीय प्रमुखहरुले आफ्नो विभागसँग सम्बन्धीत विषयहरुको बारेमा बताउँदै उच्च व्यवस्थापनले सहभागी कर्मचारीहरुको जिज्ञाश सामाधान गर्नुभएको थियो ।

# बैंकका नविनतम सेवाबारे अन्तरक्रिया कार्यक्रम

बैंकले शुरु गरेका नवीनतम सेवाहरुबारे उपत्यका भित्रका शाखा कार्यालयहरुद्वारा बैंकका सदस्य संघ/संस्था बीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा बैंकका व्यवसाय प्रवर्द्धन विभागका विभागीय प्रमुख नवराज उपाध्यायले बैंकका सेवाहरु अन्तर बैंक भूक्तानी प्रणाली (IPS), Internet Banking र SMS Banking को बारेमा जानकारी सहभागी सदस्यहरुलाई गराउनु भएको थियो। IPS, Internet Banking र SMS Banking सम्बन्धी कार्यक्रम अत्यन्तै उपयोगी भएको तथा यस्ता सेवाहरु सहकारी बैंक मार्फत सहकारी संघ/संस्थाहरुले अनिवार्य रुपमा लिनु पर्ने कार्यक्रममा उपस्थित संस्थाका प्रतिनिधिहरुले बताउनु भएको थियो ।

# सहकारी बैंकको लघु कर्जाले बनायो उद्यमी, तरकारी खेतीबाटै मासिक लाख आम्दानी

*भक्तपुर,*

मानिसले पैसा भए केही गर्ने थिएँ भन्छ, पैसाले केही गरे त म तेरै हातमा आउथे, भन्छ भन्ने उखान भक्तपुर ताथलीका नकुल प्रजापतिलाई ठ्याक्कै मिलेको छ । पहिला रोजगारी भएन भनेर चिन्ता गर्ने प्रजापतिलाई आजभोली पैसाले भने जस्तै भएको छ । केही गर्न खोजे पैसाको अभाव हुदो रहेन्छ भन्ने उनलाई आजभोली लाग्न थालेको छ । उनले सबैलाई यसरी नै उद्यमी बन्न प्रोत्साहन समेत गर्न थालेका छन् । बेरोजगारी समस्याले छटपटाएका प्रजापतिलाई आधुनिक कृषि सहकारी संस्था लिमिटेड भक्तपुरले उद्यम गर्नका लागि लगानी गरिदिएपछि उनको आर्थिक मात्रै होइन सामाजिक पहिचानमा समेत परिवर्तन आएको छ ।

राष्ट्रिय सहकारी बैंक लिमिटेडबाट लघु कर्जा लिएर संस्थाले आफ्ना सदस्यहरुलाई उद्यमी बनाउने अभियान थालेपछि नकुल प्रजापतिले १० रोपनी जग्गा भाडामा लिएर तरकारी खेती थालेका हुन । करीब तीन वर्ष देखि तरकारी खेतीमा लागेका नकुल प्रजापतिले आधुनिक कृषि सहकारी संस्थाबाट लघुकर्जा लिएर सो व्यवसाय शुरु गरेका थिए । आर्थिक रुपमा आत्मनिर्भरता तथा कृषि पेशलाई निरन्तरता दिनका लागि प्रजापतिले तरकारी खेतीलाई महत्व दिएर सो काम गर्न थालेका थिए । तरकारी खेती र सोको विक्रीबाट वार्षिक १० लाख भन्दा बढीको आम्दानी कमाएका प्रजापतिले फेरी सोही व्यवसाय वृद्धिको लागि पु:न कृषिमा नै लगानी भएको बताएका छन् ।



ब्रोकाउली, गोलभेडा, बन्दा, खुर्सानी लगायतका तरकारी उत्पादन गरेर विक्री गरि मासिक ८० हजार रुपैया आम्दानी हुने गरेको प्रजापतिले बताए । उनले ६ जनालाई अल्पकालिन रोजगारी समेत




दिएका छन् ।

प्रजापति जस्तै तार्थलीका जीवन दुवालले पनि तरकारी खेतीलाई व्यवसायका रुपमा रोजेका छन् । उनले आफ्नै २ रोपनी जग्गामा घिरौला, काउली, करेला लगायतका तरकारी उत्पादन गरेर विक्री गरी मासिक २५ हजार रुपैया आम्दानी गर्न थालेका छन् ।

प्रजापति र दुवाल जस्तै संस्थाका करिब ९० जना शेयर सदस्यहरुले यसैगरी लघुकर्जा मार्फत आयआर्जन गर्न थालेका छन् भने करिब १२०० सदस्यहरुले आफ्नो व्यक्तिगत प्रयोजन र कृषिमा आत्मनिर्भर बन्न कृषि जन्य कार्य गर्न थालेका छन् ।

आधुनिक कृषि सहकारी संस्था लिमिटेड भक्तपुर मार्फत कर्जा लिएर तरकारी खेती, गाईपालन, कुखुरापालन, बाखापालन, मल, बिउ बिजन विक्री, कृषि प्राविधिक उपलब्ध गराउने तथा माटो परिक्षण र कृषि सामाग्री तथा तरकारी र फलफूल विक्री पसल संचालन गरि सदस्यहरुले आयआर्जन गर्न सफल भएका छन् । उत्पादन भएका तरकारी, फलफूल तथा अन्य सामाग्रीहरु सोही सहकारी मार्फत संचालन भएको आधुनिक कृषि तथा तरकारी बजारमा विक्री वितरण गर्ने गरिएको छ । ताजा विषदी रहित तरकारी तथा फलफूल विक्री वितरण र बिउ बिजनका लागि समेत सहज भएको कृषकहरु बताउँछन् ।

भक्तपुरको सूर्यविनायकमा रहेको सो सहकारी भक्तपुर जिल्लाको भक्तपुर नगरपालिका, झौखेल, ताथली, चित्तापोल, सिपाडोललाई कार्यक्षेत्र बनाई कार्य गर्ने गरेको छ र सोही क्षेत्रका एक हजार भन्दा बढी कृषकहरु लाभान्वित बनेका छन् । सहकारीको माध्यमबाट कर्जा लगानी गरी उत्पादित बस्तुहरु विक्री वितरण गरी सदस्य कृषकहरुलाई उचित मूल्य दिलाउनको लागि स्थापना भएको सो सहकारी संस्थाले नियमित रुपमा कृषकहरुलाई सेवा दिंदै आएको छ । सो क्षेत्रका कृषकहरुले च्याउ, गोलभेडा, ब्ल्याक राईस, काउली, बन्दा, करेला खोर्सानी, लौका, घिरौला लगायतका तरकारीहरु, दुध र दुग्धजन्य सामाग्रीहरु र अण्डा उत्पादन गरी विक्री वितरण गर्ने गर्दछन् । दिन प्रति दिन कृषकहरुको कर्जाको माग संस्थामा बढ्दै गएकाले सो आधुनिक कृषि सहकारी संस्था लिमिटेडले राष्ट्रिय सहकारी बैंकबाट ९८ लाख ५ हजार लघुवित्त कर्जा लिएको संस्थाका अध्यक्ष राम मचामसीले जानकारी दिनुभयो ।

संस्थाले लघुकर्जा लगानीका २५ देखि ३० जना सम्म सदस्य रहने गरी १८ वटा लघुवित्त समुह गठन गरेको संस्थाका व्यवस्थापक हरिभक्त हेङ्गजुले जानकारी दिनुभयो । २ हजार ५ जना शेयर सदस्य रहेको संस्थामा करिव ८४ लाख शेयर रकम, ४ करोड २६ लाख बचत र ४ करोड ६६ लाख लगानी रहेको व्यवस्थापक हेङ्गजुले बताउनु भयो । संस्थाले कृषिजन्य बस्तुको बजार बढाउन, तरकारी बजार विभिन्न स्थानमा खोल्ने प्रक्रिया अगाडी बढाएको साथै संस्था आफ्नै नाममा विषादी रहित र बेसिजनको तरकारी फार्म खोल्ने योजना बनाएको व्यवस्थापक हेङ्गजुले बताउनु भयो ।

# सहकारी बैंकको सहयोगमा वाटर टावर होटल संचालन

*नुवाकोट,*

२०४८ सालमा बनेको सहकारी ऐनको प्रस्तावनामै देशका कृषक, कालीगढ, कम पूँजीवाल र निम्न आयवर्ग, श्रमिक, भूमीहीन तथा बेरोजगार वा सामाजिक कार्यकर्ताले सर्वसाधारण उपभोक्ताको आर्थिक तथा सामाजिक विकासको लागि पारस्परिक सहयोग र सहकारिताको आधारमा विभिन्न किसिमका सहकारी संस्था तथा संघहरूको गठन र संचालन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले भन्ने वाक्यांश उल्लेख छ। ऐनको प्रस्तावनालाई हेरेर धेरैले सहकारी भनेको साना तिना काम गर्ने व्यवसाय हो भनेर सहकारीको प्रवर्द्धनमा ध्यान नदिएको पनि पाइन्छ ।



संख्यात्मक रुपमा मात्र होइन, सहकारीहरुले जनताको आयस्तर बढाउन, उनीहरुसँग भएका साना साना पूँजिहरुलाई एकत्रित गर्न र शिक्षा, स्वास्थ्य, सञ्चार, जलस्रोत लगायतका क्षेत्रमा काम गरी देशको पर्यटन प्रवर्द्धनलाई समेत अगाडि बढाउन महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्। सहकारी संघ संस्थाहरुको प्रवर्द्धनका लागि विभिन्न विषयगत तथा जिल्ला र केन्द्रीय संघहरुसंगै सबै सहकारीहरुको एक मात्र बैंकका रुपमा राष्ट्रिय सहकारी बैंक स्थापना भएको छ । सहकारीमार्फत विभिन्न व्यवसाय गर्ने जनतालाई आर्थिक व्यवस्थापनमा सहयोग गर्दै आएको सहकारी बैंकले पछिल्लो समय उत्पादन, प्रशोधन र बजारीकरणसंगै पर्यटन प्रवर्द्धनमा समेत आफ्नो लगानी बढाउदै गएको छ । यसै सन्दर्भमा बैंकको शाखा कार्यालय नुवाकोटले होटल व्यवसाय सञ्चालनका लागि ६ करोड लगानी गरेर पर्यटन व्यवसायको प्रवर्द्धनमा सहकारीको भूमिका बढाउने काम गरेको छ ।




सहकारी बैंकको सहयोगमा हिमनदी पर्यटन सहकारी संस्था लिमिटेड नुवाकोटले जिल्लाको विदुर नगरपालिका वडा नं. ४ बट्टारमा सुविधा सम्पन्न होटल सञ्चालन गरेको हो । ५ रोपनी क्षेत्रफल भएको जग्गा खरिद गरेर सञ्चालन गरेको वाटर टावर होटल ३३ कोठा, बैठक कक्ष, सभाहल सहितका सुविधा सहितको रहेको छ । होटल सञ्चालनका लागि राष्ट्रिय सहकारी बैंकको ६ करोड कर्जा सहित १५ करोड लगानी गरिएको होटलका व्यवस्थापक राममणी अधिकारीले जानकारी दिनुभयो । स्थानीय पर्यटन व्यवसायीहरुले सहकारी मार्फत गरेको लगानी अनुसार होटलले पर्यटन प्रवर्द्धनमा योगदान गर्ने अपेक्षा संस्थाले लिएको छ। २०७० पुसको अन्तिम साताबाट निर्माण शुरु गरी २०७३ जेठ १ गते देखि सञ्चालनमा ल्याइएको होटलमा ३० जनाले रोजगारी पाएका छन्। सहकारी मार्फत पर्यटन प्रवर्द्धनमा योगदान गर्ने लक्ष्यका साथ सञ्चालित होटलका कारण आन्तरिक तथा बाह्य पर्यटकहरुको आगमन बढेको स्थानीयले बताएका छन् । १ सय ७२ जना शेयर सदस्य रहेको संस्थामा करिब ४ करोड ४ लाख १५ हजार शेयर रकम रहेको र संस्थाले अन्य कारोवार नगरेको संस्थाका अध्यक्ष कुशुम कुमार कार्कीले बताउनु भयो। काठमाडौं र नुवाकोटलाई कार्यक्षेत्र बनाएर यस्तै होटेल र रिसोर्टहरु संचालनमा ल्याउने योजना रहेको संस्थाका अध्यक्ष कार्कीले बताउनु भयो। होटेलले स्थानीय क्षेत्रमा उत्पादन भएको समाग्रीहरुलाई उपयोग गर्ने गरेको छ । सो होटलमा विदेशी र स्वदेशी गरी दैनिक ४० देखि ५० जना पर्यटकहरु आउने गरेको होटलका व्यवस्थापक राममणी अधिकारीले जानकारी दिनुभयो ।

राष्ट्रिय सहकारी बैंकले ५ वर्षे रणनीति तयार गरी कृषि उत्पादन, पशुपालन, जलस्रोत र पर्यटन क्षेत्रमा सहकारीमार्फत लगानी वृद्धि गरी देशको अर्थतन्त्रलाई सबल बनाउन सहयोग पुऱ्याउने लक्ष्यका साथ अगाडि बढेको बैंकका प्रवन्ध सञ्चालक के.बी.उप्रेतीले जानकारी दिनुभयो ।